
का.जि.प्र.का.द.नं. १००/०५९/६०
३ पुस २०७९,
आइतबार
18 December 2022,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३०२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com




# मैदानमा माननीय

सरकारमा सामेल पार्टीका सांसदहरु नै मन्त्री हुने हुन् । यसकारण केही सदस्यहरूले विधायक र कार्यपालिका दुवैमा भूमिका निभाउने अवसर समेत प्राप्त गर्न सक्छन् ।

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, २ पुष ।

चितवन निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित रवि लामिछानेले निर्वाचित भएपछि बिभिन्न राजनीतिक दलका नेता, स्थानीय र प्रदेशका सरोकारवालाहरुदेखि आफ्ना मतदातासँग भेटिसके ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति समेत रहेका रवि लामिछानेले चितवनको भरतपुर २, आपँटारीस्थि जलदेवी सामुदायिक वन क्षेत्रको पार्कभित्र हावाहुरीले ढलेका रुख, हाँगा भाँचिएको साथै विद्युत् हाइटेन्सन मुनिबाट फँडानी गरेको काठा विषयमा सोधिखोजी पनि गरे ।

तर, उनको यो कार्यलाई लिएर कतिपयले टिप्पणी गरे । सम्बन्धित वनले पनि काठलाई संरक्षण गरी पार्कको विकास र बिस्तार गर्ने प्रस्तावनाअनुसार पुराना कला सँस्कृतिको संरक्षण गर्ने उद्देश्यले राखिएको काठको विषयमा लामिछानेले अनावश्यक टिकाटिप्पणी गर्ने काम गरेको आरोप लगाएको छ । समितिले वर्षौंबाट समुदायले संरक्षण गरेको बनमा पुगेर समुदायको मानिसहरुलाई आतंकित नपार्न पनि अनुरोध गरेको छ ।

विज्ञप्तिमा काठ ढिकी, रोटेपिङ, जाँतेपिङ, हलो, जुवा, कोल, काठेपुल, वन्यजन्तु संरक्षण गर्ने खोरजस्ता निर्माणका लागि चिरान गरी राखेको तर चाडवाड र लगत्तै मंसिर ४ गतेको निर्वाचनका कारण काम गर्न केही ढिलाइ भएकोले डिभिजन वन कार्यालयलाई पठाउन लगत उठाइएको अवस्थामा सांसद लामिछानेसहितको समूहले पार्कभित्र प्रवेश गरी पदीय मर्यादाविपरीत कार्य गरेको बताईएको छ ।

उसो त, लामिछानेले अन्यत्र पनि चासो राखेका छन् । चितवनकै रामनगरका स्थानीय बासिन्दालाई जुगेडि खोलाको पानी खुवाउने गरी अगाडि बढेको खानेपानी आयोजना अवलोकनमा पुगे ।

> संघीय संसदमा रहेको चौथो ठूलो दल सभापतिको भूमिका सरकार निर्माण र पावर सेयरिङमा देखिनुपर्नेमा त्यसो हुन नसकेको कतिपयको टिप्पणी छ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङसँग भेटघाट गरे । रासायनिक मल आयात, भण्डारण र वितरणको अवस्था निरीक्षण गर्न कृषि सामग्री कम्पनी लिमिटेड पनि पुगे ।

माननीय सवि लामिछानेले आफ्नो भेटघाटबारे सामाजिक संजालमार्फत सर्वजनिक पनि गरिरहेका छन् । तर, केन्द्रीय राजनीतिका सन्दर्भमा चासो राखेर उनले गरेको भेटघाट र चासोबारे केही सार्वजनिक गरेका छैनन् ।

यही बिन्दुबाट कतिपयले आलोचना समेत गर्ने गरेका छन् । संघीय संसदमा रहेको चौथो ठूलो दल सभापतिको भुमिका सरकार निर्माण र पावर सेयरिङमा देखिनुपर्नेमा त्यसो हुन नसकेको कतिपयको टिप्पणी छ ।

तथापि, रविकै शैली अन्यले पनि अपनाइरहेका छन् । नवनिर्वाचित अधिकाशंक संघीय सांसदहरु शपथको पखाईमा छन् । तर, माननीय रवि लामिछाने लगायतका केही माननीयहरु फिल्ड खटिएको भनी सर्वाजनिक सरोकारको विषयमा चासो राखेर कार्यकारी निकायको अधिकारीको रुपमा आफूलाई प्रस्तुत गरिरहेका छन् ।

कानुनतः संघीय सांसदको औपचारिक कार्य प्रारम्भ शपथ लिएपछि हुन्छ । निर्वाचन आयोगले अन्तिम नतिजा संघीय संसद सचिवालयमा पठाइसकेको छ । अब संसद सचिवालयले सबैभन्दा ज्येष्ठ सदस्यको पहिचान गरेर राष्ट्रिपतिकहाँ पठाउँछ । ज्येष्ठ सदस्यलाई राष्ट्रपतिले शपथ खुवाउँछन् । उनै ज्येष्ठ सदस्यले बाँकी २७४ सांसदलाई शपथ खुवाउने संवैधानिक, कानुनी व्यवस्था र अभ्यास छ ।

प्रतिनिधिसभा सदस्यमा १६५ जना प्रत्यक्ष निर्वाचित भएर आएक छन् । ११० जना समानुपातिक तर्फबाट निर्वाचित भएका छन् । समानुपातिक तर्फ निर्वाचित सांसदहरुलाई आइतबार निर्वाचित भएको प्रमणपत्र दिइँदैछ । कसैको पनि एकल बहुमत नभएको हुनाले दुई वा दुईभन्दा बढी दलको समर्थन पाउने संसदीय दलको नेताले सरकार बनाउँछ । सरकारमा सामेल पार्टीका सांसदहरू नै मन्त्री हुने हुन् । यसकारण प्रतिनिधिसभा केही सदस्यहरूले विधायक र कार्यपालिका दुवैमा भूमिका निभाउने अवसर समेत प्राप्त गर्न सक्छन् ।

कार्यपालिका सदस्य (मन्त्री) भएर काम गर्ने अवसर पाएको खण्डमा उनीहरूले आफ्नो मन्त्रालयको क्षेत्राधिकारभित्र पर्ने विकास आयोजना, सार्वजनिक सेवा चुस्त, भ्रष्टाचारको अन्त्य र सुशासनका लागि पहल गर्न सक्छन् । यसका लागि काममा आफैं खटिने र कानुन बनाउन विधेयक तयार पारेर संसदमा लैजान सक्छन् ।

विधायकको भूमिकामा रहने सांसदहरूले दरिलो रूपमा विधि निर्माण गर्न सक्छन् ।

विकास आयोजना र सार्वजनिक सेवामा ढिलासुस्ती गर्न मिल्ने र नमिल्ने दुवै अवस्था – बाँकी पृष्ठ २ मा

बढ्दो सवारी दुर्घटना

# उपायविहीन सरकार !

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, २ पुष ।


केही दिनअघि काभ्रेमा भएको सवारी दुर्घटनाको तस्बिर

गत मंगलबार बेलुकी काभ्रको बथानचोकमा बस दुर्घटना हुँदा बसका चालक सहचालकसहित १८ जनाको मृत्यु भयो । जसमा एकैपरिवारका ८ जनाको मृत्यु भएको थियो । एउटै घरका सबै मानिस मरेपछि किरिया समेत कसले गर्ने भन्ने अवस्था आयो । शनिबार मात्रै पनि रामेछापको उमाकुण्डमा बुलेरो दुर्घटना हुँदा नौ जना घाईते भएका भए भने ३ जना गम्भीर अवस्थामा पुगे ।

काभ्रे र रामेछापको दुर्घटना त प्रतिनिधि घटना मात्रै हुन्, नेपालमा बस, बाईक, जीप, भ्यान आदि दुर्घटना भएर दिनहुँजसो मानिसले ज्यान गुमाउनु परेको छ । तथ्यांकै हेर्ने हो भनेपनि वार्षिक झन्डै दुई हजार नागरिकको मृत्यु हुने र बाह्र हजारजति घाइते बन्ने प्रहरीको तथ्यांक छ । चालककै लापरबाहीको कारण प्रतिवर्ष १ हजार ७ सय भन्दा बढीले ज्यान गुमाउने गरेको र तीव्र गति, मादक पदार्थ सेवन मापसे, ओभरटेक, मेसिन खराबी लगायतका कारण दुर्घटना बढेको प्रहरीको तथ्यांकले देखाउँछ ।

सरकार दुर्घटना भएपछि रकम र सहयोग प्रदान गर्न मात्रै केन्द्रित देखिन्छ, कम्तीमा दिनहुँ दुर्घटनाले मान्छे मरिरहेपछि केही सुरक्षाका उपाय, बाटोमा तारजाली राख्ने गर्नुपर्ने यी सबै काममा सरकार पूर्ण रुपमा चुकेको छ, यातायात विज्ञ आशिष गजुरेलले भने । सिटक्षमताभन्दा बढी यात्रु चढाउन नदिइने, सडकको स्तरअनुसारका सवारीसाधन मात्र सञ्चालनमा ल्याइने, ट्राफिक नियम पालनामा कडाइ गरिने, लापरबाही गर्ने प्रहरीलाई पनि नछोडिने, टाइम कार्ड लागू गरी सख्तीपूर्वक अनुगमन गरिए मात्रै दुर्घटना न्यूनीकरण हुनसक्ने उनको भनाई छ ।

तर, यातायात व्यवस्था विभागका सूचना अधिकारी ईश्वरीदत्त पनेरु सरकार भन्दा पनि चालक सावधान नहुँदा दुसर्घटना बढेको बताउँछन् । सरकारले दुर्घटना न्यूनीकरणका लागि थुप्रै प्रयास – बाँकी पृष्ठ २ मा

# सांसदलाई आज प्रमाणपत्र

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २ पुष ।

निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणाली तर्फबाट निर्वाचित प्रतिनिधिसभा सदस्यहरूलाई आज निर्वाचित भएको प्रमणपत्र दिँदैछ ।

आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभामा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सांसदलाई आज प्रमाणपत्र वितरण गर्ने तय गरेको थियो । सोही अनुसार आज मुख्य निर्वाचन अधिकृतको आयोजनामा समानुपातिक निर्वाचन प्रणालीको तर्फबाट निर्वाचित सांसदलाई प्रमाणपत्र वितरण कार्यक्रम आयोगको केन्द्रीय कार्यलयको प्राङ्गणमा आयोजना गरिएको छ । प्रतिनिधि सभामा समानुपातिक प्रणालीबाट ११० र ७ वटै प्रदेश सभामा समानुपातिक तर्फबाट २२० सांसद निर्वाचित भएका छन् ।

समानुपातिक सांसदले निर्वाचित भएको प्रमाण पत्र बुझ्ेपछि मात्रै संसदीय दलको नेता चयनका बारेमा छलफल अघि बढाइने कांग्रेसको तयारी छ । कांग्रेसले प्रतिनिधि सभामा प्रत्यक्षतर्फ ५७ र समानुपातिकतर्फ ३२ गरी ८९ सिट जितेको छ ।

कांग्रेस सहमहामन्त्री जीवन परियारले संसदीय दलको नेता चयनबारे आजदेखि छलफल गरिने जानकारी दिए। संसदीय दलको नेता चयन सहमतिमा गर्ने कि चुनावबाट गर्ने टुंगिएको छैन ।

कांग्रेसमा २०७४ सालको चुनावपछि पनि संसदीय दलको नेता चयनमा चुनाव भएको थियो । यसपालि पनि धेरै सांसदले संसदीय दलको नेता हुने चाहना राखेकोले चुनाव हुन सक्ने देखिएको छ । सभापति शेरबहादुर देउवा पुनः संसदीय दलको नेताका लागि उम्मेदवार हुने तयारीमा छन् ।

नेता रामचन्द्र पौडेल पनि संसदीय दल नेता आफूलाई बनाएर प्रधानमन्त्रीसमेत बनाउनुपर्ने पक्षमा छन् । उनले केही दिनअघि प्रधानमन्त्री देउवालाई भेटेर यसबारे कुराकानी पनि गरेका थिए ।

कांग्रेस महामन्त्री गगन थापा पनि संसदीय दलको नेताका लागि उम्मेदवार हुने तयारीमा छन् । थापाले काठमाडौं ४ मा चुनाव लड्दादेखि नै आफू संसदीय दलको नेता उठ्ने र जितेमा प्रधानमन्त्री हुने बताएका थिए । मोरङबाट चुनाव जितेर आएका नेता शेखर कोइराला पनि संसदीय दलको नेता उठ्न सक्ने उनीनिकट सांसदहरु दाबी गर्छन् । कांग्रेस विधानअनुसार संसदीय दलको नेता हुन ५१ प्रतिशत मत ल्याउनुपर्छ । ५१ प्रतिशत मत नल्याए पुनः चुनाव गर्ने व्यवस्था छ ।

कांग्रेस बाहेकका दलहरुमा भने संसदीय दलको नेतामा समस्या छैन् । – बाँकी पृष्ठ २ मा

Urgently Required
A well established foreign employment company is looking for the following staff.
Office Manager (Male/Female) | 2 Nos.
• Salary negotiable
• Education level Bachelor (Master degree preferred) with minimum 05 years of experience in the recruitment / Manpower agency.
Requirement:
❖ Well experience in the Microsoft Office (Excel, Power Point, word), Photoshop, have a good knowledge of the internet suffering mail writing skill etc.
❖ Take the lead for the End to End recruitment.
❖ Manage the team for the efficient and on time deployment with application documents.
❖ Coordinate and report to Chairman for the facilitating documentation and visa application.
❖ Check the documentation in details for accuracy and authenticity.
❖ Be responsible for proper and smooth operation for the recruitment.
❖ Guide the Team for required document (CV), Interview, Visa Application & Deploy...
*Interested candidates may apply their application with a covering letter, up-to-date CV and recent photograph to the following email address within 7 days.*
Euro Asia H.R. Solutions Pvt. Ltd.
Samakhushi, Kathmandu, Tel : 01-4380875 4365521, Email:eurosiaktm@gmail.com
Govt. Lic: 1162/073/74

वैदेशिक रोजगार विशेष

# संघको निर्वाचन सार्न माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ पुस

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले पुस महिनाको अन्त्यतिर नेपाल वैदेशिक रोजगार व्यवसायी संघको साधारणसभा र निर्वाचन गर्नुपर्ने माग गरेको छ। संघले यही पुस ८ गते शुक्रबार साधारणसभा र नयाँ कार्यसमितिको निर्वाचनको तयारी गरिरहेको बेला मञ्चले निर्वाचनको एक हप्ता अघिसम्म पनि मतदाता नामावली सार्वजनिक नभएको भन्दै साधारणसभा र निर्वाचन सार्नुपर्ने माग गरेको हो ।

मञ्चका महासचिव जनक रावलले संघलाई बलियो, विश्वसनीय र प्रभावकारी संस्थाको हैसियतमा स्थापित गर्न साधारणसभा र निर्वाचनका कार्यक्रम, विधि र पद्धति अनुसार हुनुपर्नेमा निर्वाचनको मितिसम्म प्रतिनिधि दर्ता गरेर मतदान गराउन खोज्नु उचित नभएको बताए ।

साधारणसभा र निर्वाचनमा सम्पूर्ण व्यवसायीलाई सहभागी गराउनु पनि अनिवार्य रहेको तर शनिबारसम्मको अवस्थाले विधि र पद्धतिसंगत – बाँकी पृष्ठ २ मा

## कामदारका समस्याप्रति सरकार गम्भीर भएन : जिफण्ट

**काठमाडौं / मस–** नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)ले वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारका समस्या समाधान गर्न नेपाल सरकारले गम्भीरता देखाउनुपर्ने बताएको छ ।

शनिबार राजधानीमा आयोजित विश्व आप्रवासी कामदार दिवसको अवसरमा आयोजित कार्यक्रममा महासंघका अध्यक्ष विनोद श्रेष्ठले वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारहरुले पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्र चलेको तर रेमिट्यान्स पठाउने कामदारहरुको समस्या समाधानबारे भने सरकार गम्भीर नदेखिएको बताए ।

अध्यक्ष श्रेष्ठले सीप तथा भाषागत दक्षताको अभावमा नेपाली कामदारहरूले विदेशमा परिश्रम अनुसारको आर्जन गर्न नसकेकोले वैदेशिक रोजगारीमा जानुअघि उनीहरूलाई पर्याप्त सीप तथा तालिम प्रदान गरिनुपर्नेमा – बाँकी पृष्ठ २ मा

## दोहास्थित नेपाली दूतावास आज बन्द

**दोहा / मस–** कतारस्थित नेपाली दूतावास आज बन्द रहने भएको छ । शुक्रबार सूचना प्रकाशित गर्दै नेपाली दूतावासले कतारको राष्ट्रिय दिवसको अवसरमा डिसेम्बर १८ तारिकका दिन दूतावास बन्द रहने जानकारी दिएको छ । सूचनामा डिसेम्बर १९ तारिक सोमबारदेखि दूतावास पूर्ववत् रुपमा खुला रहने उल्लेख गरिएको छ ।

वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

मध्यान्ह
www.madhyanhadaily.com
३ पुस २०७९, आइतबार
18 December 2022, Sunday

# सातवटै प्रदेश प्रमुखसमक्ष निर्वाचन प्रतिवेदन प्रस्तुत

**काठमाडौं/मस–** निर्वाचन आयोगले सातवटै प्रदेशका प्रदेश प्रमुखसमक्ष निर्वाचन प्रतिवेदन प्रस्तुत गरेको छ। आयोगका प्रमुख निर्वाचन आयुक्त, आयुक्तहरू, सचिव र सहसचिवसहितको टोलीले गत मंसिर ४ गते सम्पन्न प्रदेशसभा सदस्य निर्वाचनको परिणामसहितको प्रतिवेदन प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६२ बमोजिम शनिबार एकैसाथ सबै प्रदेशका प्रमुखको कार्यालयमा अलग-अलगरूपमा प्रतिवेदन बुझाएको हो। प्रतिवेदन बुझाउन प्रदेश नम्बर १ मा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया, गण्डकी प्रदेशमा आयुक्त ईश्वरीप्रसाद पौड्याल, लुम्बिनी प्रदेशमा आयुक्त रामप्रसाद भण्डारी, सुदूरपश्चिम प्रदेशमा आयुक्त डा जानकीकुमारी तुलाधर, मधेस प्रदेशमा आयुक्त सुगनशम्शेर जबरा, बागमती प्रदेशमा सचिव गोकर्णमणि दुवाडी र कर्णाली प्रदेशमा सहसचिव यज्ञप्रसाद भट्टराईको नेतृत्वमा आयोगको टोली ती प्रदेशमा पुगेको थियो। ती टोलीबाट प्रदेशगत निर्वाचनको विवरण पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिएको आयोगका सहायक प्रवक्ता कमल भट्टराईले जानकारी दिए। प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६२ मा आयोगले प्रदेशसभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन परिणामसहितको प्रतिवेदन निर्वाचनको नतिजा घोषणा भएको सात दिनभित्र प्रदेश प्रमुखसमक्ष पठाउनुपर्ने व्यवस्था रहेको छ।



यसैबीच प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले कुनै पनि क्षेत्रमा पुनः निर्वाचन र पुनः मतगणना नहुने बताएका छन्। प्रदेश १ का प्रदेश प्रमुख परशुराम खापुङलाई निर्वाचन प्रतिवेदन बुझाएपछि थपलियाले शनिबार प्रदेशसभा सचिवालयमा पत्रकार सम्मेलन गर्दै निर्वाचन आयोगले निष्पक्ष रुपमा निर्वाचन गरेको दाबी गर्दै उनले पुनः मतगणना र पुनः मतदान गर्न नपर्ने बताए। इलाम प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ मा पूर्व प्रधानमन्त्री झलनाथ खनालले पुनः मतदान गर्नुपर्ने माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका छन्। खनालको रिटप्रति संकेत गर्दै थपलियाले यस्तो बताएका हुन्।

# प्रधानाध्यापकमाथि कुटपिट

**कर्णाली/मस-**तिला गाउँपालिका-८ जुम्ला पुरु गाउँस्थित देवी देउराली आधारभूत विद्यालयका प्रधानाध्यापक कल्से बस्नेतमाथि सोही वडाका जनप्रतिनिधिले कुटपिट गरेका छन्।

उक्त वडाका अध्यक्ष आँसे बस्नेतले प्रधानाध्यापकमाथि कुटपिट गरेका हुन्। विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयनका लागि चुनाव गर्ने विषयमा स्कुल नजिक पुग्दै गर्दा वडाध्यक्ष आँसेसहित उनका दुई छोरा तिलक र सागर (सुरज) बस्नेतले आक्रमण गरेको प्रधानाध्यापक बस्नेतले जानकारी दिए।

उनले भने, 'विद्यालय व्यवस्थापन समितिका अध्यक्ष छान्नका लागि सातौँपटक बैठक बस्दा पनि सहमति हुन सकेन। उनीहरूले चुनाव गर्नैपर्छ भनेपछि शुक्रबार चुनावको तयारी थियो। तर वडाध्यक्षले मदिरापान गरेर ममाथि हातपात गरे र उनका दुई छोरा अझ बढी कुटपिट गरेका कारण घाइते भएपछि उपचारका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा भर्ना भएको छु।'

दायाँ छाती, टाउको, चिउँडो, आँखा, नाक, कान र दाँतमा चोट लागेको पीडितले बताउनुभयो। प्रधानाध्यापक बस्नेतका अनुसार वडाध्यक्षको समूहले अस्थायी तथा करारमा रहेका शिक्षकलाई प्रधानाध्यापक बनाउन दबाब दिँदै आएका छन्। उनीहरूले गर्ने दादागिरीले आफूलाई गाउँमा बस्न सुरक्षा चुनौती भएको उनले दुःखेसो गरे।

यता वडाध्यक्ष आँसे बस्नेतले रासससँग कुरा गर्दै झगडा हुँदा दुवैबीच हानाहान भएको र पछि आफ्नो छोरा तिलक र सागरले पनि हानेको स्वीकार गरे। उनले भने, 'झगडा सामाजिक विषयमा भएको हो। अहिले व्यक्तिगतजस्तो भयो। जनप्रतिनिधिका हिसाबले नहुनुपर्ने भयो, गलत जस्तो भयो। अब मिलेर जाने प्रयास गरौँला।'

पीडितले अस्थायी/करार शिक्षकलाई प्रधानाध्यापक बनाउन चाहेको विषयमा भन वडाध्यक्ष बस्नेतले केही बोलेनन्। विद्यालय व्यवस्थापन समितिको चुनावका लागि गाउँपालिका शिक्षा शाखाबाट खटिएका प्रतिनिधि दीपेन्द्रबहादुर हमालले प्रधानाध्यापक र वडाध्यक्षको झगडा सकिएपछि मात्र त्यहाँ पुगेकाले आफूलाई कुनै जानकारी नभएको बताए।

यद्यपि प्रधानाध्यापक घाइते भएर स्वास्थ्य विज्ञानमा उपचाररत अवस्थामा रहेको सुनिएको उनले बताए।

### बढ्दो ...

गरिरहेपनि गाडीको अवस्था, बाटोको अवस्था र चालकको लापरवाहीले अधिकांश घटना निम्तिएको उनको भनाई छ। नेपालमा सडक दुर्घटना हुनुको मुख्य कारणमा सडकको दूरावस्था, गुणस्तरहीन सवारीसाधन, स्तरीय सवारीचालकको अभाव, सवारी नियमपालनामा चरम लापरबाही, कानुन कार्यान्वयन गराउने निकायको फितलोपन, यात्रुको न्यून चेतनास्तर नै प्रमुख देखिएको विज्ञहरु बताउँछन्। सवारी दुर्घटनाको यस्तो भयावह अवस्थामा समेत सरकारले कुनै कदम चालेको देखिँदैन।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सडक सुरक्षासम्बन्धी युनिट बनाएपनि त्यहाँबाट ठोस काम भएको देखिँदैन। यता सवारी तथा यातायात व्यवस्था ऐन कार्यान्वयन गर्ने निकाय यातायात व्यवस्था विभाग सूचना प्रकाशित गर्नैमा काममा मात्रै सिमित हुँदा दुर्घटना न्यूनीकरण कागजमा मात्रै सीमित भएको छ।

### फिल्डमा...

कानुनले नै सिर्जना गरिदिंदा समस्या हुने गरेको स्वयं सांसदहरू स्वीकार्ने गर्छन्। सार्वजनिक खरिद नियमावली पटक-पटक संशोधन हुने तर, कहिल्यै समस्या समाधान नहुने प्रवृत्ति यसको बलियो उदाहरण हो।संसदमा स्वार्थ समूहको हावी उस्तै छ। कानुन नै आफू अनुकूल बनाउने प्रयास विगतमा हुँदै आएको अनुभव छ। संसदभित्रका गतिविधिमा अन्तर र्ाष्ट्रिय संघ-संस्थाको पनि सहज पहुँच छ। संसदका गतिविधिमा आर्थिक सहयोग गरेर सहयोगका नाममा विदेशी स्वार्थ समूहले प्रभाव पारेको स्वयं संघीय संसद सचिवालयका प्रतिवेदनहरूले औंल्याएका छन्।

दातृ निकायको सहयोगमा भुल्ने सांसदहरूको प्रवृत्तिमाथि विगतमा प्रश्नहरू उठेका/उठाइएका छन्। 'गैरसरकारी तथा सम्बन्धित सरकारी निकायसँगको सहकार्यले संसदीय समितिको साख, नैतिकता र निहित स्वार्थको द्वन्द्वको सम्बन्धमा कुरा उठ्ने गरेको' संघीय संसदका विभिन्न समितिको निर्देशन कार्यान्वयनको प्रभावकारिता अध्ययन समितिको निष्कर्ष छ।

अर्थात्, संसदभित्रका यस्ता थुप्रै विषयमा समेत नयाँ संसदले निर्णय लिनुपर्नेछ। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान अनुसार कानुनहरू बनिसकेका छैनन्। संवैधानिक र कानुनी व्यवस्थाले सांसदको भूमिका मूलतः विधि निर्माणमा केन्द्रित हुने भनेको छ।

संघीय सांसदलाई विकाससँग जोड्ने कानुनी व्यवस्था भएको कानुन हो-संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन २०७७। ऐनको दफा १३ मा भनिएको छ, 'राष्ट्रियस्तर वा राष्ट्रिय महत्वका आयोजना, एकभन्दा बढी प्रदेशमा कार्यान्वयन गर्नुपर्ने आयोजना र जटिल प्राविधिक क्षमता वा ठूलो लगानी आवश्यक पर्ने आयोजनाको तर्जुमा संघले गर्नेछ र यसरी आयोजना तर्जुमा गर्दा संघीय संसदका सदस्यहरूको परामर्शकारी भूमिका रहनेछ।'

### सांसदलाई...

पार्टी प्रमुखहरु नै संसदीय दलको नेता बन्ने तयारीमा छन्।

दलहरुले संसदीय दलको नेता समेत चयन गरेपछि सरकार गठनको प्रक्रिया अगाडि बढाउनुपर्ने दलहरुको आग्रह छ। राष्ट्रपति विद्या देवी भण्डारीले भने समानुपातिक सांसदहरुले आज निर्वाचित भएको प्रमाणपत्र पाए लगत्तै सरकार गठनको प्रक्रिया अगाडि बढाउने संकेत गरेकी छन्।

### संघको...

नदेखिएकाले साधारणसभा र निर्वाचनको अर्को मिति तोक्नु उचित हुने निष्कर्षमा मञ्च पुगेको महासचिव रावतले बताए।

यसैबीच नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले अधिकांश व्यवसायी व्यापार व्यवसायका कारणले राजधानी बाहिर रहेकाले संघको निर्वाचनका लागि प्रतिनिधि पठाउने अवधि शुक्रबारदेखि ५ दिन थप गर्नुपर्ने माग गरेको छ। मञ्चका अध्यक्ष धनलाल जैसीले शुक्रबार संघका संयोजकलाई पत्र लेख्दै उक्त माग गरेका हुन्। मञ्चले प्रतिनिधि पठाउने समय माग गरेपनि साधारणसभा सार्ने विषयमा भने केही उल्लेख गरेको छैन।

यसैबीच संघले आगामी साधारणसभा र निर्वाचनको विषयमा छलफल गर्न संघलाई छाता संस्था मान्ने राजनीतिक, जातीय तथा भेगीय संस्थासँग आइतबार छलफल गर्ने तयारी गरिरहेको बताइएको छ।

कतिपय व्यवसायीले संघीय सरकार गठन भएपछि गठबन्धनका दलहरूको अवस्था र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्व लगायतका विषयलाई ध्यान दिएर संघको नेतृत्व चयन गरिनुपर्ने भन्दै सरकार गठन नहुँदासम्म वर्तमान अवस्थामा निर्वाचन गर्नु असान्दर्भिक हुने टिप्पणीसमेत गर्ने गरेका छन्।

### कामदारका...

जोड दिए। वैदेशिक रोजगारीमा जाने कामदारहरूले पनि आफ्नो दक्षता वृद्धि गर्न सीप, तालिम तथा भाषाको दक्षता बढाउन ध्यान दिनुपर्ने अवस्था रहेको उनले बताए। वैदेशिक रोजगारीमा जाने कामदारलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने गरी आवश्यक वातावरण बनाउन पनि सरकारले कार्यक्रम ल्याउनुपर्ने भन्दै अध्यक्ष श्रेष्ठले सामाजिक सुरक्षा ऐनमा वैदेशिक रोजगारीमा जाने श्रमिकको हित सुनिश्चित हुनुपर्ने जिफन्टको धारणा रहेको बताए।

प्रत्येक महिना नेपालबाट वैदेशिक रोजगारीमा जाने युवायुवतीको संख्या बढ्दै गएको देखिएको भन्दै अध्यक्ष श्रेष्ठले देशभित्रै रोजगारीको अवसर सिर्जना गर्न ढिलाइ भइरहेकोमा सरकार गम्भीर हुनुपर्ने उल्लेख गरे।

## लूः निभाको रजत जयन्ती

# बालबालिकामा लगानी बढाउन आग्रह

**काठमाडौं/मस–** बालअधिकारको क्षेत्रमा काम गर्दै आएको गैरसरकारी संस्था लूः निभा बाल सरोकार समूहले शनिबार रजत जयन्ती मनाएको छ। काठमाडौंस्थित राष्ट्रियसभा गृहमा विशेष कार्यक्रम गरी लूः निभाले रजत जयन्ती मनाइएको हो। २५ वर्षअघि ललितपुरको खोकनामा बाल क्लबका रुपमा यात्रा प्रारम्भ गरेको लूः निभा अहिले राष्ट्रिय अभियानको रुपमा स्थापित भइसेको छ। खोकनामा शिक्षाको चेतना जगाउने अभिप्रायले गठन गरिएको एउटा बाल क्लब अहिले देशकै पिछडिएका र जोखिम परिस्थितिमा रहेका बालबालिकाका हक, अधिकार संरक्षण र संवर्द्धनमा केन्द्रित छ। बालबालिकाका लागि बालबालिकाद्वारा सञ्चालित यस लू निभाः बाल सरोकार समूह आफ्नो बाल क्लबदेखि राष्ट्रिय अभियानसम्मको यात्रामा यो संस्थाले धेरै सफलता पाएको छ।

नेपालकै इतिहासमा पहिलोपटक मानवअधिकारकर्मीहरु, नागरिक समाजका प्रतिनिधिहरु, शिक्षक तथा बालबालिका एकै ठाउँमा बसेर बालबालिकाका सवालहरुमा नागरिक संवाद सञ्चालन गर्नु आपफैंमा ऐतिहासिक रहेको छ। कार्यक्रममा बालबालिकाको हक, अधिकारको संरक्षण र विकासको अवस्था आशातित सुधार ल्याउनका लागि नेपाल सरकारदेखि सबै सरोकारवालाहरु अझै जिम्मेवारी ढंगले प्रस्तुत हुनुपर्ने निष्कर्ष निकालिएको थियो।

कार्यक्रममा राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमल्सिनाले समाज रुपान्तरणका लागि बालबालिकामा लगानी बढाउनुपर्ने बताएका छन्। रजत जयन्ती समापन कार्यक्रममा अध्यक्ष तिमल्सिनाले आजका बालबालिका नै भोलि देशको भविष्य भएकाले उनीहरुको अधिकार संरक्षण र संवर्द्धनका लागि राज्य पूर्ण रुपमा जिम्मेवार भएको बताए। कार्यक्रममा समाजसेवी राधिका शाक्य र वरिष्ठ हास्यकलाकार एवं समाजसेवी मदनकृष्ण श्रेष्ठ, मानव अधिकारकर्मी गौरी प्रधान, ललितपुर महानगरपालिकाका नगरप्रमुख चिरीबाबु महर्जन, उपप्रमुख मन्जली शाक्य, गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जन, उपप्रमुख मुना अधिकारी, कोन्ज्योसोम गाउँपालिकाका अध्यक्ष कृष्णमान लामा, उपाध्यक्ष राजनप्रसाद घिमिरेलगायतको उपस्थिति रहेको थियो।



रजत जयन्तीका अवसरमा सांस्कृतिक नृत्य, बालगीत र अपाङ्गता भएका बालबालिकाको प्रस्तुतिसहितको कार्यक्रम गरिएको थियो। ललितपुरको खोकनाबाट शिक्षाको चेतना जगाउने अभिप्रायले गठन गरिएको सो समूह अहिले राष्ट्रियस्तरमा स्थापित भइसकेको छ।

जयन्तीका अवसरमा ललितपुरका महाङ्काल गाउँपालिका, कोन्ज्योसोम गाउँपालिका र गोदावरी नगरपालिकासँगको सहकार्यमा आयोजित पालिकास्तरीय निबन्ध प्रतियोगिताका विजयीलाई पुरस्कृत गरिएको थियो। प्रतियोगितामा सफल हुने विद्यार्थीहरु गोदावरी नगरपालिकाबाट प्रथम, द्वितीय, तृतीय र सान्त्वनातर्फ क्रमशः कोन्ज्योसोमबाट अमृता श्रेष्ठ, स्वीकृति चौलागाईं, आशिष स्याङ्तान, विजय तामाङ तथा महाङ्काल गाउँपालिकाबाट सुजता तिमल्सिना, सुविध्या फुयाँल, यशोधा घिमिरे र सर्गम घिमिरे छन्। संस्थाले ललितपुर महानगरपालिका-१८, २१, २२ र २५ सँगको सहकार्यमा चित्रकला प्रतियोगिता समेत आयोजना गरेको थियो। सो प्रतियोगितामा सफल हुने विद्यार्थी प्रथम, द्वितीय, तृतीय र सान्त्वनातर्फ क्रमशः ऋतिका सुनुवार, अमिषा कुमारी, देवी थापा र रिश्वम तुलाधरलाई सम्मान गरिएको छ। जयन्तीका उपलक्ष्यमा नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा रक्तदान कार्यक्रमपनि सम्पन्न गरिएको छ। सो अवसरमा लू निभाः का कार्यकारी निर्देशक नरेन्द्र डङ्गोलले लू निभाःको २५ वर्षको उपलब्धि र भावी कार्यदिशा सार्वजनिक गरेका थिए।

# महामन्त्री बन्ने चाहना छैन : शर्मा

**काठमाडौं/मस–**नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले अहिले नै मन्त्री बन्ने चाहना नभएको बताएक्न छन्।

कांग्रेस झापा क्षेत्र नं १ काठमाडौं सम्पर्क समितिले शनिबार यहाँ आयोजना गरेको 'सम्मान समारोह'मा बोल्दै उनले सबैले निर्वाचन जितेपछि मन्त्री बन्ने आकांक्षा राख्ने गरे पनि आफूमा मन्त्री बन्ने कुनै आकांक्षा नरहेको स्पष्ट पारेका हुन्।



उनले मन्त्री बन्नेभन्दा पनि दूरदराजमा रहेका आम नागरिकको भावनाअनुसार काम गर्ने विषय आफ्नो पहिलो प्राथमिकतामा भएको उल्लेख गरे। उनले कुनै बेला एक्लै दुईतिहाइ बहुमत ल्याएको कांग्रेस अहिले मिलेर चुनाव लड्दासमेत ५७ सिटमा सीमित भएको भन्दै चुनाव जित्नेबित्तिकै मन्त्री बनिहाल्नुपर्छ भन्ने बेला नभएको बताए।

महामन्त्री शर्माले अहिले प्रधानमन्त्री को बन्ने भन्ने विषयभन्दा महत्वपूर्ण राष्ट्रपति को बन्ने भन्ने रहेको बताए। उनले कांग्रेसले गठबन्धनका दलहरू र प्रतिपक्षले पनि सहजतापूर्वक लिनसक्ने राष्ट्रपति अहिलेको आवश्यकता भएको उल्लेख गरे।

**पाथीभरा टि स्टेट प्रा.लि.**
**फिदिम-१ पाँचथर**

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०७९/०९/०३**

**शेयरधनी महानुभावहरु,**

मिति २०७९/८/२४ गतेको संचालक समितिको निर्णय अनुसार यस प्रा.लि. को आ.व. २०७४/०७५ देखी आ.व. २०७८/०७९ सम्मको संयुक्त वार्षिक साधारण सभा बसी निम्न प्रस्तावहरु माथी छलफल गरि सम्पन्न गरिने हुँदा सबै शेयरधनीहरुको उपस्थितिको लागि अनुरोध गर्दछौं।

**मिति :-** २०७९/०९/२१ गते विहिबार
**स्थान :-** पाँचथर जिल्ला याङवरक गा.पा. वडा नं. ३ स्थित पाथीभरा टि स्टेट प्रा.लि. को प्राङगण।
**समय :-** विहान १० बजे।

**छलफलका विषयहरु:**

१. यस कम्पनीको संचालक समितिले आ.व. २०७५/०७६, २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ को लेखा परिक्षण गर्नको लागि लेखा परिक्षक नियुक्ति गरि निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने।
२. यस कम्पनीको आ.व. २०७४/०७५, २०७५/०७६, २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ लेखा परिक्षण प्रतिबेदनहरु माथि छलफल गरि संशोधन सहित वा बिना संसोधन पारित गर्ने।
३. आ.व. २०७९/८० को लेखा परिक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने।
४. पुन संचालक समिति गठन गर्ने।
५. विविध।

**संचालक समितिको निर्णयले-संचालक अध्यक्ष**

**Ministry of Urban Development**

**Kohalpur Town Development Commettee**

**Kohalpur Banke**

**Invitation for Bid**

**Date of Publication: December 18, 2022)**

1. **Kohalpur Town Development Committee** invites electronic bid from eligible bidders as per details given below under NCB bidding procedures.

| Name of Project & Contract ID. | Price of Bid Document | Bank A/C details (For cost of Bid document) | Average Annual Construction Turnover of the best 3 yrs within last 10 yrs | Bid Capacity | Specific Construction Experience | | Last Date, Time of bid Purchase | Last Date, Time of bid submission and Opening | Bid Security Amount & Bid Security | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | Minimum Work Experience of Similar size & nature | Construction Experience in Key Activities | | | | |
| Asphalt concrete works in different phase of KTDC (Identification No.: KTDC/ Kohalpur/ NCB/2079/80-05) | Nrs. 5000 | **Name of Account:** Kohalpur Town Development Committee, Kohalpur Banke **Account no.:** 0720500364003031 **Name of Bank:** Agriculture Development Bank Ltd., **Branch:** Kohalpur Banke | Nrs. 155900000/00 | Nrs. 104500000/00 | Nrs. 83600000/00 | 1500M3 Asphalt concrete & completed in-time more than 2 crore project | 16th Jan, 2023 at or before 16:00 hrs | 17th Jan, 2023 at or before 12:00 hrs and 13:00 hrs respectively | Nrs. 27,00,000/00 | |

2. Bidders may obtain further details from the PPMO's e-GP system www.bolpatra.gov.np/egp under the name of public entity: **Kohalpur Town Development Committee**.

# 'पत्रकारितालाई संकुचित बनाउने प्रयास भइरहेको छ'



**काठमाडौं/मस-**गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा.रामवरण यादवले पत्रकारितालाई संकुचित बनाउने प्रयास भइरहेकाले त्यसतर्फ सजग रहन पत्रकारहरूलाई सुझाव दिएका छन् ।

नेपाल पत्रकार महासंघको प्रतिष्ठान प्रदेश समितिको दोस्रो वार्षिक साधरणसभामा उनले पत्रकारिता क्षेत्रको चुनौतीको चर्चा गरेका थिए ।

उनले भने, 'जहाँ लोकतन्त्र छ, त्यहाँ स्वतन्त्र पत्रकारिता हुन्छ अभिव्यक्तिको स्वतन्त्रता हुन्छ । तर स्वतन्त्रता विस्तारै संकुचनमा गइरहेको छ । यहाँ मात्र होइन संसारमै यो चुनौती देखिन थालेको छ ।' उनले विश्वमा भइरहेको लोकतन्त्रको लडाइँमा साथ दिनका लागि नेपाली पत्रकारको ध्यानाकर्षणसमेत गरे । पूर्व राष्ट्रपति यादवले विश्व परिवेशलाई ध्यान दिनुपर्नेमा जोड दिँदै भने, 'ताइवानमा तीन लाख नेपाली छन् । त्यहाँको आन्दोलनमा के भइरहेको छ रु यता बर्मामा भइरहेको आन्दोलनमा पनि नेपाली पत्रकार र पत्रकारका संघ-संगठनले केही बोल्ने हो कि ?'

कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले यस वार्षिक साधारणसभामार्फत श्रम र सम्पादकीय स्वतन्त्रका विषयमा गहन छलफल हुनुपर्ने बताए । उनले भने, 'पत्रकारिताभित्र श्रमको उचित मूल्यांकन हुनसकेको छैन । सम्पादकीय स्वतन्त्रताको अवस्था के छ भन्ने कुरामा समीक्षा गर्नुपर्ने भएको छ ।'

महासंघका प्रतिष्ठान प्रदेशका अध्यक्ष बालकृष्ण अधिकारीले कोरोना महामारीका बीच पनि प्रतिष्ठानले गरेको कामको समीक्षा र आगामी रणनीति निर्माणका लागि छलफल हुने बताए ।

कार्यक्रममा प्रदेश परिषद् सदस्यमा मनोनित हुनुभएका कान्तिपुर दैनिकका अतुल मिश्र, राजधानी दैनिकका राजेन्द्र श्रेष्ठ, ग्लोबल टेलिभिजनका प्रकाश गिरी, नागरिक दैनिकका पवित्रा सुनार, नेपाल टेलिभिजनका टंक उप्रेती, रातोपाटी डटकमका रोहित दाहाल, नेपाल समाचारपत्रका दीपक रिजाल र कारोबार दैनिकका बालकृष्ण ज्ञवालीलाई प्रमाणपत्र प्रदान गरिएको थियो । कार्यक्रममा पाँचवटा प्रतिष्ठान शाखालाई सम्मान गरिएको थियो ।

# 'लोकतान्त्रिक-वाम गठबन्धनकै नेतृत्वमा नयाँ सरकार गठन'



**काठमाडौं/मस-**नेकपा (एकीकृत समाजवादी)का महासचिव डा.बेदुराम भुसालले लोकतान्त्रिक-वाम गठबन्धनकै नेतृत्वमा नयाँ सरकार गठन हुने बताएका छन् ।

नेकपा (एकीकृत समाजवादी)को काठमाडौं निर्वाचन क्षेत्र नं ९ ले शनिबार आयोजना गरेको कार्यक्रममा महासचिव भुसालले निर्वाचन आयोगले परिणाम राष्ट्र प्रमुखलाई बुझाएपछिको अवस्थामा संवैधानिक व्यवस्थाअनुसार एक महिनाभित्रमा सरकार गठन गर्नुपर्ने बताउँदै त्यसका लागि गठबन्धनभित्र गृहकार्यका साथै छलफल भइरहेको बताए ।

कम्युनिष्ट पार्टीलाई परिणाममुखी बनाउन लाग्नुपर्ने बताउँदै उनले पार्टीले देशभर संगठन विस्तार गर्दै गतिशील बनाउनुपर्नेमा जोड दिए । निर्वाचनमा पार्टीको काममा निरन्तर खटेका नेता तथा कार्यकर्तालाई धन्यवाद दिँदै उनले निर्वाचन परिणामबाट हतोत्साहित नहुन आग्रह गरे ।

पार्टीको शक्तिलाई पुनःगठित गरी आगामी चुनावको तयारीमा थप उत्साह र आशाका साथ अहिलेदेखि क्रियाशील हुन कार्यकर्तालाई उनले निर्देशन दिए ।

काठमाडौं जिल्ला अध्यक्ष एलपी श्रेष्ठ, पार्टीका केन्द्रीय सदस्य रामेश्वर श्रेष्ठ, अनुशासन आयोगका केन्द्रीय सदस्य सीताराम नेपाललगायतले चुनावी समीक्षा गर्दै आगामी दिनमा सशक्त कार्यक्रम सञ्चालन गर्नुपर्ने विचार व्यक्त गरे । विभिन्न जनवर्गीय संगठनका प्रतिनिधि रहेको कार्यक्रममा नेवारी बाजाको संरक्षणमा लागेका स्रष्टा अर्जुन डंगोललाई सम्मान गरिएको थियो । उनले नेवारी संस्कृतिअन्तर्गत बाँसुरी, मादल, धिमे, डम्फु, खिं, नगरालगायत परम्परागत नेवारी बाजाहरुको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गरे ।

# रमेश विकलका दुई पुस्तक लोकार्पण

**काठमाडौं/मस-**साहित्यकार रमेश विकलको १४औँ स्मृति दिवसका अवसरमा दुई पुस्तक लोकार्पण भएका छन् । साहित्यकार विकलका प्रतिनिधि कथा र चार पुस्ताका कथा काठमाडौं क्षेत्र नं ३ का प्रतिनिधिसभा सदस्य सन्तोष चालिसेले लोकार्पण गरेका हुन् ।

पुस्तक लोकार्पणपश्चात 'रमेश विकलका प्रतिनिधि कथा'का सम्पादक प्रा.डा हेमराज पौडेलले रमेश विकललाई नेपाली साहित्यको आख्याकं विराट व्यक्ति भनेर चिनिने बताए । साहित्यकार विकल विशेषगरी समाजका निम्न वर्गीय जीवनलाई प्राथमिकतामा राखेर निम्न वर्गलाई माथि उठाउने उद्देश्य र समाजलाई रुपान्तरण गर्ने चेतनाका साथ साहित्यमा अघि बढेको बताए ।

साहित्यकार विकलका प्रतिनिधि कथाभित्र अनुहार मेटिएको मान्छे, आज फेरि नयाँ तन्ना फेरिन्छ, आतंकमा बाँचेका बस्ती, उसले जन्माएको छोरोलगायतका विषयवस्तु समावेश गरिएका छन् ।

त्यस्तै पुस्तक 'चार पुस्ताका कथा'का सम्पादक आलोक चालिसेले साहित्यकार विकलका कथामा जे छ, व्यवहार र लेखनमा पनि एउटै कुराहरू समावेश हुनु उनको मुख्य विशेषता नै रहेको बताए । चार पुस्ताका कथाभित्र साहित्यकार रमेश विकलको पहिलो कथा गरिब, नयाँ सडकको गीत, उर्मिला भाउजु, एउटा बुढो भ्वाइलेन र उहाँको अन्तिम कथा विशाल किराँत प्रदेशको दुर्दान्त सिकारी शासक समावेश गरिएका छन् ।

शनिबार गोकर्णेश्वर नगरपालिकास्थित आरुबारीमा विकल स्मृति दिवस तथा पुरस्कार समर्पण समारोहमा रमेश विकल साहित्य प्रतिष्ठानले विभिन्न छ वटा विधामा पुरस्कार वितरण गरेको थियो ।

जसमा रमेश विकल विङ्मय पुरस्कारबाट तेजेश्वरबाबु ग्वंग, विकल-सुशीला समाजसेवा पुरस्कारबाट सपना रोका मगर, रमेश विकल-सिर्जना पुरस्कारबाट रमेश गोर्खाली, विकल बालसाहित्य पुरस्कारबाट लक्ष्मी उप्रेती, विकल-सुशीला संघर्षशील महिला पुरस्कारबाट धर्मशिला चापागाईं र रमेश विकल कला-संगीत पुरस्कारबाट बद्री अधिकारीलगायतलाई नगदसहित पुरस्कृत भएका छन् ।

रमेश विकल साहित्यिक प्रतिष्ठानका सदस्यसचिव विजय चालिसेले साहित्यकार विकलबाट नेपाली साहित्यमा चयन गरिने भाषाशैली, लेखनशैली र सरल शब्दहरू नयाँ पुस्ताले उनीबाट सिक्नुपर्ने बताए । साहित्यकार विकलले लिनुभएका अग्रगमनको प्रकृति समाज पछि धकेल्ने नभएर समाज अघि बढाउनेमा योगदान रहने खालका सन्देश नेपाली साहित्यमा हुनुपर्ने सदस्यसचिव चालिसेले बताए ।

# रामेछाप जीप दुर्घटनामा ११ जना घाइते

**रामेछाप/मस-**रामेछापको उमाकुण्ड गाउँपालिका-७ भुजीमा आज अपराह्न बोलेरो जीप दुर्घटना हुँदा ११ जना घाइते भएका छन् । जसमध्ये तीन जनाको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायब उपरीक्षक राजकुमार थिङले जानकारी दिए ।

लिखु तामाकोसी गाउँपालिका-१ दुरागाउँबाट उमाकुण्ड-७ भुजीतर्फ जाँदै गरेको बा११च ७५९२ नंको उक्त बलेरो एकराते पहरो भन्ने ठाउँमा दुर्घटनामा परेको उनले बताए ।

जीप कच्ची सडकमा अनियन्त्रित भई करिब ५० मिटर तल खसेको प्रहरीको भनाइ छ । घाइतेमध्ये गम्भीर बिरामीलाई शनिबार नै हेलिकोप्टरबाट थप उपचारका लागि काठमाडौं लगिएको छ । अन्य घाइतेको भने स्थानीय अस्पतालमै उपचार भइरहेको छ ।


## नारायण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**दैलेख**
**कर्णालि प्रदेश, नेपाल**

### सिलवन्दी वोलपत्र स्वीकृतिका लागि छनौट गरिएको आशयको सूचना

**सूचना प्रकाशित मिति : २०७९/०९/०३**

यस कार्यालयको चालु आर्थिक वर्ष २०७९/०८० मा सन्चालन हुने आयोजनाहरुको मिति २०७९/०७/०४ गते मध्यान्न राष्ट्रिय दैनिकमा प्रकाशित सूचना वमोजिम ई-बिड मार्फत बोलपत्र आह्वान भई तोकिएको म्याद भित्र पर्न आएका बोलपत्रहरु मूल्यांकन हुंदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरु देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्र स्वीकृतीको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी अनुरोध छ ।

| क्र.सं. | ठेक्का नं. | आयोजना विवरण | स्वीकृत भएको फर्मको नाम र ठेगाना | कबोल रकम रु (मू.अ. कर सहित) |
|---|---|---|---|---|
| 1 | NCB/NM/079-080/work/10 | Rampur Nayagaun, Bijura, Road Upgrading work | R.R.construction Mahabu -3 | 72,34,040.47. |

**प्रमुख प्रशासकिय अधिकत, ना.न.पा.का., दैलेख**



## भीरकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बयरघारी, स्याङ्जा**
**गण्डकी प्रदेश, नेपाल**

### वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशन मितिः २०७९/०९/०३**

स्याङ्जा जिल्लाको भीरकोट नगरपालिकाको क्षेत्राधिकार भएर बग्ने आधिखोलाको खोला किनार तथा बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा, माटो संकलन उत्खनन् तथा निकासी कार्य गर्ने व्यहोरा अवगत गराइन्छ । प्रस्ताव कार्यान्वयन हुने खोला र अध्ययन गर्दा प्रभावित हुने क्षेत्रहरु निम्नअनुसार रहेको छ ।

| क्र.स. | वातावरणीय अध्ययन गर्ने नदी तथा खोला | अध्ययन गर्ने क्षेत्र | प्रभाव पर्न सक्ने वडा |
|---|---|---|---|
| १. | आधिखोला | आधिखोला खोलाको किनारा तथा बगर क्षेत्र | भिरकोट नगरपालिका वडा नं १, २, ४, ५, ६ र ७ का खोलाकिनार बस्ती तथा सम्पदाहरु । |

उक्तकार्य "वातावरण संरक्षण ऐन, २०७६", "वातावरण संरक्षण नियमावली, २०७७", र यस भीरकोट नगरपालिकाको वातावरण कार्यविधि बमोजिम वातावरण अध्ययन गर्नुपर्नेछ । यो प्रस्ताव गर्नु अघि यो प्रस्तावको कार्यन्वयनबाट स्थानीय क्षेत्रको जैविक, सामाजिक तथा सास्कृतिक प्रणालिहरु र यिनका अवयहरु बीचको अन्तरक्रिया र अन्तरसम्बन्धमा पर्न सक्ने प्रभावहरु एकिन गरि वातावरणीय अध्ययन गर्नु पर्ने भएका छ । तसर्थ यो सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र सम्बन्धित सरोकारवालाहरुले आफ्नो राय सुझाव यस नगरपालिकाको कार्यलयमा लिखित एवम् ईमेल मार्फत पठाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

| राय सुझाव पठाउने ठेगाना | परामर्शदाताको नाम र ठेगानाः |
|---|---|
| भीरकोट नगरपालिका<br>नगरकार्यपालिकाको कार्यालय<br>बयरघारी, स्याङ्जा<br>सम्पर्क नं. ०६३४००१०६, इमेलः info@bheerkotmun.gov.np | हातेमालो ईन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.ली.<br>सैनामैना-८, रुपन्देही, सम्पर्क नं.: ९८५११३५६३१ |



## Bedkot Municipality
## Office of the Municipal Executive
**Sisaiya, Kanchanpur**
**Sudurpaschim Province, Nepal**

### Invitation for Bids No.: 09/NCB/RTW/079/80

**Date of publication: 18-12-2022 (2079-09-03)**

1. Bedkot Municipality, Kanchanpur invites electronic bids from Nepalese eligible bidders for the construction of River Training Works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Bedkot Municipality, Kanchanpur, SudutPachism Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract no./ID | Description of Works | Estimated amount (without VAT & PS) | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|
| 09/NCB/ RTW/079/80 | Construction of River Training Works at Bagun River, Bedkot-04, Kanchanpur | 1,55,63,469.30 | 4,50,000/- | Rs. 3,000/- |

**Chief Administrative Officer**



## हिमाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**धुलाचौर, बाजुरा**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति :- २०७९/०९/०१ गते)**

उपरोक्त विषयका सम्बन्धमा यस हिमाली गाउँपालिकाको लागि देहाय बमोजिमको पदमा करार सेवा पदपूर्ती गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र यस गाउँपालिकाको कार्यालयमा रीतपूर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फाराम यस कार्यालयको वेवसाइट www.himalirulmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ । साथै म्याद नाघिसकेपछि प्राप्त भएको दरखास्त उपर कुनै कारबाही हुने छैन ।

**१. पदको विवरण :-**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा/समूह | माग संख्या | परीक्षा दस्तुर | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०७९/०८० | ल्याब असिष्टेन्ट | सहायक चौथो | स्वास्थ्य | २ | १०००/- | |

**२. आवश्यक न्यूनतम शैक्षिक योग्यताः-**
क) ल्याब असिस्टेन्ट कोर्ष पूरा गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता/नविकरण भएको ।

**३. आवश्यक कागजात : -** (क) नेपाली नागरिकता प्रमाण पत्र, (ख) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, (ग) न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि (माथिल्लो योग्यता छ भने सो समेत), (घ) नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता गरेको प्रमाण पत्र, (ङ) अनुभव प्रमाण पत्रहरु, (च) दरखास्त दस्तुर बुझाएको सक्कलै नगदी रसिद,

**४. परीक्षाको किसिमः-** लिखित, मौखिक तथा फाईल अध्ययनका साथै कक्षा अवलोकन (आवश्यक परेमा )

**५. उमेर हद :-** १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको

**६. दरखास्त दिने अन्तिम मितिः-** २०७९/०९/३० गतेसम्म वा सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खोलेको पहिलो दिन ।

**७. सम्पर्क मितिः-** २०७९/१०/०२ गते परीक्षाको मिति पछि तोकिनेछ ।

**८. तलब स्केलः-** गाउँपालिका निर्णय अनुसार

**नि. प्रशासकीय अधिकृत**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
३ पुस २०७९, आइतबार
18 December 2022, Sunday

## सम्पादकीय

# संकटलाई निम्तो !


चुनावपछि नयाँ सरकार गठनको गृहकार्य चलिरहेको छ । ठूला दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रका नेताहरू सरकार निर्माणको गृहकार्यमा लगातार लागिपरेका छन् । सोमबार समानुपातिक तर्फका सांसदहरूले समेत प्रमाणपत्र पाउने भएकाले त्यसपछि सरकार गठनको गृहकार्य अझ बढ्ने देखिन्छ । कांग्रेस र माओवादी केन्द्रले एउटै गठबन्धनबाट चुनावमा भाग लिएकाले सरकार गठनमा थप अनिश्चय देखिएको छ । किनकि एमालेले पनि माओवादी केन्द्रलाई साथमा लिएर सरकार गठन गर्न सक्ने अनुमान चलिरहेको छ । एमाले र माओवादी केन्द्रका नेताहरूको अभिव्यक्तिले समेत कसरी सरकार बन्छ भन्ने अनिश्चय कायमै छ । किनकि उनीहरूले वाम गठबन्धनको प्रयत्न चलिरहेको बताएका छन् । कांग्रेसभित्र संसदीय दलको नेता चयन पनि राष्ट्रिय राजनीतिमा चासोको विषय हो । किनकि दलको नेता नै प्रधानमन्त्रीका उम्मेद्वार हुनेछन् । सभापति शेरबहादुर देउवाविरुद्ध महामन्त्री गगन थापा, नेता डा.शेखर कोइराला लगायतको दावी छ ।

तर सरकार गठन भन्दा बढी राष्ट्रपतिको चयनलाई चासोका साथ चर्चा गरिन थालेको छ । केही दिन यता राजनीतिक दलहरूभित्र राष्ट्रपतिको चर्चाले सरकार गठन भन्दा बढी ठाउँ पाइरहेको छ । किनकि दलहरूभित्रै गैरराजनीतिक व्यक्तिलाई राष्ट्रपति बनाउनेबारे चर्चा चासोमा परेको छ । कतिपयले पूर्वप्रधानन्यायाधीश खिलराज रेग्मीलाई राष्ट्रपति बनाउन लागिएको अनुमान गरेका छन् । रेग्मीले सरकार प्रमुख भएर ०७० को चुनाव गराएका थिए । त्यसैले फेरि उनलाई राष्ट्रपति बनाउन लागिएको अनुमान चलिरहेको छ । कतिपयले भने कल्याण श्रेष्ठको नाम ल्याएका छन् । कांग्रेसभित्र अनुराधा कोइरालाको समेत नाम चर्चामा ल्याइएको छ ।

यी सबै अनुमानका कुरा भए । राष्ट्रपतिको चुनाव माघ अन्तिम साता मात्रै हुने भएकाले दलहरूसँग अझै समय बाँकी छ । त्यसअघि संघदेखि प्रदेशसम्मको सरकार र सभामुख (व्यवस्थापिका) बनाउनुपर्नेछ । तर राष्ट्रपतिको चर्चा चलेकाले त्यसबारे आवश्यक छलफल हुनलाई उचित मान्नुपर्छ । अहिले जसरी गैरराजनीतिक व्यक्ति भनेर पूर्व प्रधानन्यायाधीश ल्याउनेबारे अनुमान गरिएको छ । त्यो सही होइन । पक्कै पनि राष्ट्रपतिले दलीय आवद्धता त्याग्न आवश्यक छ । यसको अर्थ गैरराजनीतिक व्यक्ति भनेर दल बाहिरबाट राष्ट्रपतिको खोजी उचित होइन । यसले संवैधानिक निकायलाई कमजोर बनाउनेछ । त्यसैपनि न्यायालयमाथि राजनीतिकरण गरिएको टिप्पणी भइरहेको छ । प्रधानन्यायाधीशले कार्यकारीसँग सौदाबाजी गरेर न्यायालय जोगाउन नसकेको भन्दै सर्वोच्च अदालतमा आन्दोलन चलेको छ । अब पूर्व प्रधानन्यायाधीशलाई राष्ट्रपति बनाउने नजीर बनाउने हो भने न्यायालय समेत राजनीतितर्फ तानिनेछ । किनकि राष्ट्रपति चयन दलबाट निर्वाचित सांसदहरूबाट हुने संवैधानिक व्यवस्था छ । त्यसैले राष्ट्रपतिमा दल भन्दा बाहिरको व्यक्ति खोजी गर्नु भनेको नयाँ संकटलाई निमन्त्रणा दिनु हो ।

## तपाईको राशिफल

- **मेष** : झूठो आरोप लाग्न सक्छ । वाणी संयम् राख्नुस् ।
- **वृष** : शिक्षामा लाभ हुने देखिन्छ । नयाँ कार्यमा सफलता मिल्नेछ ।
- **मिथुन** : स्वास्थ्यमा सुधार हुन्छ । तर, चिन्ताको योग छ ।
- **कर्कट** : जोखिम लिनु हुँदैन । सम्पर्कमा वृद्धि हुने देखिन्छ ।
- **सिंह** : स्थान परिवर्तन हुने योग छ । अनिर्णयको स्थिति रहन्छ ।
- **कन्या** : पारिवारिक भेटघाट हुने देखिन्छ । विदेश यात्राको योग छ ।
- **तुला** : अचल सम्पत्तिमा वृद्धिको योग छ । शिक्षामा सुधार हुनेछ ।
- **वृश्चिक**: काम बन्ने योग देखिन्छ । सन्तानको कार्यमा सफलता मिल्ला ।
- **धनु** : पुराना काम सफल हुन्छन् । सुख सुविधामा वृद्धि हुने देखिन्छ ।
- **मकर** : अनावश्यक खर्चमाथि नियन्त्रण राख्नुहोला । स्वास्थ्य राम्रो रहनेछ ।
- **कुम्भ** : चिन्तामा वृद्धि हुने देखिन्छ । तर, पैतृक धनलाभ प्राप्त हुनेछ ।
- **मीन** : शैक्षिक कार्यमा प्रगति हुनेछ । तर, खानपानमा ध्यान दिनुहोला ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

*सन्दर्भ : २२औँ अन्तर्राष्ट्रिय आप्रवासन दिवस*

# आप्रवासीप्रति उदासिन राज्य

*विदेशमा काम गर्न जाँदा आप्रवासी कामदारमाथि पारिश्रमिक तथा अन्य सेवा सुविधा, न्यूनतम मानवअधिकार, विदेशी नागरिक भएको कारण विभेद नहोस् भन्ने उद्देश्यसहित आप्रवासन दिवस विश्वभर मनाइए पनि कामदारका समस्या भने उल्लेख्यरूपमा घट्न सकेको छैन ।*

**अग्रलेख**



● प्रो. मोहम्मद रमजान अली मियाँ

'प्रवासी र शरणार्थीहरुसँग भविष्य निर्माण' अर्थात् आप्रवासी र शरणार्थीहरुसँगको साझा भविष्यको विकास भन्ने अर्थ लाग्ने नाराका साथ विश्वभर विभिन्न कार्यक्रम गरेर मनाईंदै अन्तराष्ट्रिय आप्रवासन दिवस मनाईंदै छ । यस वर्षको दिवसलाई नेपालमा 'वैदेशिक रोजगारबाट प्राप्त सीप, पुँजी र ज्ञान : उद्यमशीलता, रोजगारी र राष्ट्रिय स्वाभिमान' भन्ने मूल नाराका साथमा मनाउन लागिएको छ । सन् १९९० मा संयुक्त राष्ट्रसंघले आप्रवासी कामदार र तिनका परिवारको सदस्यको अधिकार संरक्षणसम्बन्धी महासन्धि पारित गरेको दिनको स्मरण गर्दै राष्ट्रसघंले सन् २००० देखि डिसेम्बर १८ लाई विश्वभर अन्तर्राष्ट्रिय आप्रवास दिवसका रूपमा मनाउने निर्णय गरेको थियो । रोजगारी र जीविकोपार्जनका लागि अन्य देश जाने र बस्ने प्रकृयालाई सामान्यरूपमा आप्रवासन भनिन्छ । आप्रवासीहरु जुन देशमा पुगेको हो त्यही देशको कानुनअनुसारको सेवा सुविधाको मान्यता पाउनुपर्छ भन्ने सन्देश फैलाउन पनि हरेक वर्ष यो दिवस मनाइदै आइएको छ ।

आप्रवासीको हित मानव विकासको फराकिलो दायराभित्रको महत्वपूर्ण अंश हो । लामो समयदेखि विभिन्न कारण र बाध्यताले गर्दा नेपाली आप्रवासीहरुले आफु र आफ्ना परिवारको उन्नती तथा भलाइका लागि देश बाहिर गई संघर्ष गर्दै आएका छन् । नेपालमा वैदेशिक रोजगार विभागको तथ्यांकलाई हेर्दा, प्रत्येक दिन करिब १७ सयदेखि २५ सयसम्म नेपालीहरु कामका लागि विदेशिने गरेका छन् । जसअनुसार ३२ देखि ३५ लाखभन्दा बढी नेपाली अहिले रोजगारीका शिलसिलामा विदेशिएका छन् । यद्यपी, श्रम स्वीकृति बिना विदेशीनेहरुलाई समावेश गर्ने हो भने यो संख्या ४५ लाखसम्म पुग्दछ । विशेषगरी नेपालीहरुको गन्तव्य खाडी मुलुकलगायत मलेशिया, दक्षिण कोरिया, पूर्वी अमेरिका हो । नेपालीहरु कामकै लागि यूरोपसहित विश्वका १९० वटा देश पुगिसकेका छन् । आप्रवासी कामदारले भित्र्याएको विप्रेषणले उनीहरुको मात्रै होइन पुरै देशकै आयस्रोतमा बढोत्तरी भएको नकार्न सक्ने अवस्था छैन । तर, यस्तो अवस्थामा आप्रवासी कामदारहरुले दैनिकरूपमा झेलेका समस्यालाई भने राज्यले नजरअन्दाज गरिरहेको छ ।



संयुक्त राष्ट्रसंघको ६८ औं साधारणसभाले विकासका लागि आप्रवासको महत्व र सम्पूर्ण आप्रवासीको अधिकार संरक्षणका लागि अन्तर्राष्ट्रिय आप्रवास र विकासमा उच्चस्तरीय संवादको घोषणा पारित गरिसकेको छ । यसले सहस्राब्दी विकास लक्ष्य पुरा गर्न आप्रवासको योगदानलाई पूर्णरूपमा स्वीकार गरेको छ भने मानव गतिशीलतालाई दिगो विकासको महत्वपूर्ण हिस्साको रूपमा अङ्गीकार गरिएको छ । विदेशमा गरेको श्रमबाटै आउने विप्रेषणले नेपालको अर्थतन्त्रलाई टेवा दिएको छ, यस अर्थमा हामीले लगाएको, खाएको, बोकेको मोबाइल अनि देश चलेको करहरुमध्येको अधिकांश हिस्सा तिनै श्रमिक दाजुभाईको पसिनाको उपज हो । तर, देश स्वयम् श्रम अनि श्रमिकलाई कति सम्मान गर्न खोजेको छ भन्ने कुरा एयरपोर्टबाटै शुरु हुने लुटतन्त्र अनि वैदेशिक कामदारको बहिर्गमन प्रक्रियामा भएको दलालतन्त्र अनि सरकारी उदासिनताबाट थाहा हुन्छ ।

विदेशमा काम गर्न जाँदा आप्रवासी कामदारमाथि पारिश्रमिक तथा अन्य सेवा सुविधा, न्यूनतम मानवअधिकार, विदेशी नागरिक भएको कारण विभेद नहोस् भन्ने उद्दृेश्यसहित यो दिवस विश्वभर मनाइए पनि कामदारका समस्या भने उल्लेख्यरूपमा घट्न सकेको छैन । अर्को शब्दमा भन्दा आप्रवासीको हकहितका लागि विश्वभरी आप्रवासी दिवस मनाइए पनि कामदारहरूले रोजगारदाताबाट पारिश्रमिक नपाउने, पाए पनि समयमा नपाउने, सामान्य स्वास्थ्य उपचार सेवा पनि नपाउने, तोकिएको काम र कार्यक्षेत्रभन्दा अन्य अन्यत्रै काम गर्नुपर्ने, पारिवारिक सम्पर्कमा कठिनाइ बनाइदिने र बेचबिखनमा पर्ने जस्ता ठुला मानवीय समस्याहरूबाट गुज्रिँदै आएका छन् ।

सरकारका अनगिन्ती प्रयासका बाबजुत वैदैशिक रोजगार सहज हुन नसकेको आफ्नो ठाउँमा छ भने देशभित्र पनि श्रमिकहरुको श्रम गरेर खाने दर्दनाक अवस्थाले बयान गर्दछ । एउटी आमाले छोराछोरीलाई बच्चैदेखि कुनै श्रमिकलाई देखाएर "यदि तैले पढिनस् भने यस्तै श्रम गरेर खानुपर्ला" भनेर देखाउने डरबाटै श्रमिकप्रति भेदभावको नजर शुरू हुन्छ । पढाई र पसिना बिलकुलै फरक हो, पढेकाहरु श्रमिक हुँदैनन् र श्रम गर्न हुन्न भन्ने कुरा नहटुन्जेलसम्म नेपालमा श्रम सहज वातावरण तयार हुँदैन, हामीसबैले यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ । फोहोर उठाउन आउने श्रमिक फोहोरी हैन र यदि उसले फोहोर नउठाइदिने भए हामी सफा भएर बस्न सक्दैनौ भन्ने कुरा नयाँ पुस्तालाई बुझाउन जरुरी छ ।

सन् १२६० देखि नै नेपाली नागरिक रोजगारीको खोजीमा चीन र भारत जाने गरेका थिए । तर, करिब सात सय ५९ वर्षअघि नेपाली कलाकार अरनिकोको नेतृत्वमा ८० जना मूर्तिकार चीनको तिब्बत गएपछि नेपालको वैदेशिक रोजगारी सुरु भएको कुरा शताब्दी पुरुष स्व. सत्यमोहन जोशीको 'श्रम इतिहास पुस्तक'मा उल्लेख छ । तर, दोस्रो विश्व युद्धदेखि नेपाली युवाहरू भारत, ब्रिटिस सेना र अन्य देशमा सुरक्षा क्षेत्रमा काम गर्न जान थालेपछि मात्रै सरकारले यसलाई तथ्यांकमा राख्न थालेको हो । सन् १८०९ मा तत्कालीन भारतीय राज्य पञ्जाबको लाहोर (हाल पाकिस्तान)मा त्यहाँका राजा रणजीत सिंहको सेनामा भर्ती भएदेखि लाहुर जाने क्रम सुरु भएको थियो । नेपाल (ब्रिटिस युद्ध) सन् १८१४-१८६० सम्म चलेपछि सुगौली सन्धि भएको थियो । त्यसपछि ब्रिटिस सेनामा पनि नेपाली युवा भर्ती हुन थालेका थिए । यो क्रम हालसम्म पनि चलिरहेको छ । कृषि, पशुपालन, चियाखेती, खानी, कारखानालगायतका क्षेत्रमा काम गर्ने नेपालीहरू एक स्थानबाट अर्को स्थानमा हुँदै हाल विश्वका १ सय ८९ देश पुगेको सरकारी तथ्यांकमा छ । यो राष्ट्र बैंकले रेमिट्यान्स भित्रिएको आधारमा भनिएको तथ्यांक हो ।

विश्वव्यापीकरणसँगै सञ्चार प्रविधि, यातायात, रोजगार र शिक्षाको विकासका कारण श्रम बजार फराकिलो हुँदै जाँदा अवसरको खोजीमा एक देशको नागारिक अर्को देश ओहोर-दोहोर गर्ने क्रम पनि बढेको छ । रोजगारी, शिक्षा, पेशासँगै व्यवसाय गर्न एक देशदेखि अर्को देशमा बसाई सर्ने क्रम बढेपछि आप्रवासन दिवसको महत्वसमेत बढ्दै गएको महसुस हुन्छ । विगत पाँच दशकयता रोजगारी तथा व्यापारका लागि फरक देश जाने प्रवृत्ति पनि बढ्दै गएको छ । विश्वभर दुइ अर्ब ४४ करोड आप्रवासीमध्ये एक अर्ब ५० लाखभन्दा धेरै श्रमका लागि एक देशदेखि अर्को देश जाने गरेको अन्तर्राष्ट्रिय श्रमिक संगठन (आइएलओ)को तंथ्याक छ । विश्वमा आप्रवासी श्रमिकमध्ये ५२ प्रतिशत पुरुष र ४८ प्रतिशत महिला छन् । ७४ प्रतिशत आप्रवासी श्रमिक २० देखि ६४ वर्ष उमेर समूहका रहेको अन्तर्राष्ट्रिय आप्रवासी संगठन (आइओएम)को प्रतिवेदनमा उल्लेख छ ।

*आप्रवासी कामदारले भित्र्याएको विप्रेषणले उनीहरूको मात्रै होइन पुरै देशकै आयस्रोतमा बढोत्तरी भएको नकार्न सक्ने अवस्था छैन । तर, यस्तो अवस्थामा आप्रवासी कामदारहरूले दैनिकरूपमा झेलेका समस्यालाई भने राज्यले नजरअन्दाज गरिरहेको छ । आप्रवासी कामदारको अधिकार संरक्षण गर्न र ज्यादती हुनबाट रोक्नतर्फ उचित पहल गर्न सकेको छैन ।*

विश्वभर २५ करोडभन्दा बढी मानिस प्रत्येक ४ महिनामा विभिन्न कारणले आफ्नो घर छाडी अन्य देश पुग्ने गरेका छन् । त्यसमध्ये २८ करोडभन्दा बढी मानिस रोजगारी र शिक्षाको खोजीमा विदेशिने गरेको आईएलओले जनाएको छ । एक देशबाट अर्को देशमा घुमफिर गर्ने, रोजगारीको खोजीमा स्थानान्तरण हुने, अध्ययनका लागि अर्को देशमा जाने, शरणाथीी हुने, बसाई सर्नेजस्ता कार्य आप्रवासनका मुख्य विषेशता हुन् । आइएलओको विभिन्न अध्ययनमा दक्षिण एसियाली क्षेत्रबाट मात्र दुई करोड ५० लाख आप्रवासी श्रमिक खाडीलगायतका विभिन्न मुलुक पुग्ने गरेका छन् । तर, कोरोनाका कारण दक्षिण एसियाली देशका करिब ८० लाखभन्दा धेरै श्रमिक प्रभावित भएको अन्तराष्ट्रिय ट्रेड युनियन महासंघ (आईटीयूसी)को कोरोनामा श्रमिकको अवस्था नामक प्रतिवेदनमा जनाइएको छ ।

आप्रवासी कामदारको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि र आप्रवासी कामदारको सेवा सुविधाका बारेमा अन्तर्राष्ट्रिय मापदण्ड बनाइएको भए पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । विभिन्न मुलुकले आप्रवासी कामदारलाई आफ्ना मुलुकका नागरिक सरह समान हैसियत र अधिकार प्रदान गर्ने प्रतिबद्धता गरे पनि अहिले पनि उनीहरु गन्तव्य मुलुकमा दोस्रो दर्जाका नागरिकका रूपमा पसिना बगाउन बाध्य छन् । अहिले पनि नेपालबाट वैदेशिक रोजगारीमा जाने दक्ष कामदारको संख्या अत्यन्त न्यून छ । वैदेशिक रोजगारीमा गएका झण्डै ५७ प्रतिशत युवा अदक्ष रहेको सरकारी तथ्यांकले देखाउँछ । आब २०७५/०७६ मा श्रम स्वीकृति लिएर गएका पाँच लाख आठ हजार ८२७ कामदारमध्ये २१० जना उच्च दक्ष, ७८७ व्यावसायिक सीपयुक्त, ४२ हजार ७८४ दक्ष, एक लाख ७९ हजार ६०१ अर्धदक्ष र दुई लाख ८५ हजार ४४५ अदक्ष कामदार थिए । अदक्ष कामदार आर्थिक तथा भौतिकरूपमा उच्च जोखिममा पर्ने अवस्थासँगै सरकारले पछिल्लो समय सीपयुक्त जनशक्तिलाई मात्र वैदेशिक रोजगारीमा पठाउने नीति अख्तियार गरेको छ । वर्षेनी आप्रवासी दिवस मनाइए पनि कामदारका समस्या भने उल्लेख्यरूपमा घट्न सकेको छैन । आप्रवासीको हकहितका लागि विश्वभरी आप्रवासी दिवस मनाइए पनि कामदारहरुले रोजगारदाताबाट पारिश्रमिक नपाउने, पाए पनि समयमा नपाउने, सामान्य स्वास्थ्य उपचार सेवा पनि नपाउने, तोकिएको काम र कार्यक्षेत्रभन्दा अन्यत्रै काम गर्नुपर्ने, पारिवारिक सम्पर्कमा कठिनाई बनाइदिने र बेचबिखनमा पर्ने जस्ता ठूला मानवीय समस्याहरु झेल्दै आएका छन् ।

देशमा रोजगारीका अवसर कम छन् । स्वरोजगारमूलक व्यवसायमा समेत युवापुस्ता सन्तुष्ट छैनन् । वैदेशिक रोजगारीमा नपुगेसम्म बिहान बेलुकाको छाक टर्दैन । विदेशिएको एक जवान उमेर नघर्केसम्म घर फर्किंदैन । त्यसैले गाउँ रित्तिएका छन् । वृद्ध र बालबालिकाले मात्रै गाउँ धानेका छन् । गाउँघरमा हुने सभा, सम्मेलन, भेला, बैठक, विकासे गतिविधिमा युवाको सहभागिता निकै कम छ । आप्रवासनले विप्रेषण भित्र्याएको भए पनि नेपाली समाजमा गहिरो गरी सामाजिक पुँजीको नाश भइरहेको देखिन्छ । अर्कोतर्फ असुरक्षित आप्रवासनका कारण हाम्रा युवाले अनाहकमा ज्यान गुमाइरहेका छन् । तथ्यांक हेर्दा कहालीलाग्दो छ, पछिल्लो समयमा राहदानी बनाउने युवाको संख्या हेर्दा उदेकलाग्दो छ ।

वैदेशिक रोजगारीलाई कम गर्दै स्वरोजगारमूलक व्यवसायमा लाग्न धेरै सरकारी तथा गैरसरकारी संस्थाले कार्यक्रम त ल्याएका छन् तर, आप्रवासनका कारण भइरहेको आर्थिक, सामाजिक, मानसिक र मानवीय क्षतिको न्यूनीकरण आवश्यक छ । जसले गर्दा देश भित्रै स्वरोजगारीलाई जोड दिनु आवश्यक देखिन्छ । आर्थिक वर्ष २०६५/६६ देखि २०७८/७९ सम्ममा मात्रै झण्डै आठ हजार ४६६ अर्ब विप्रेषण भित्रिएको तथ्यांक रहेकाले कूल ग्राहस्थ उत्पादनमा वैदेशिक रोजगारको महत्वलाई उजागर गरेको छ । आर्थिक वर्ष २०७८/७९ सम्ममा वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाउनेको संख्या १० हजार ९३२ पुगेको छ । यसैगरी गम्भीर बिरामी तथा अङ्गभङ्ग भएर फर्किएका श्रमिकले सम्बन्धित निकायबाट आर्थिक सहायता प्राप्त गर्न पनि निकै कठिन छ । आप्रवासी नेपाली श्रमिकको सवालमा सबैभन्दा ठूलो समस्या भनेको बिना सीप कामका लागि विदेशिनु हो । त्यसैगरी आप्रवासी कामदारलाई आफू जाने देशको अवस्थाबारे राम्रो जानकारी नहुनु अर्को विडम्बना हो । जसले अनेकौं समस्या र चुनौती थपेको छ ।

वैदेशिक रोजगारीबाट फर्किएपछिको अवस्थामा श्रमिकले पाउने सुविधा र त्यसपछि राज्यद्वारा उनीहरुले सिकेर आएको सिपको उपयोगिताबारे समेत अध्ययन हुनु जरुरी छ । कामदार स्वयंले पनि विदेशमा आफ्नो अधिकारको पूर्णतः उपभोग गर्न पाउँछु भन्ने कुरा राम्रोसँग बुझ्नु अति जरुरी छ । जस्तैः आफ्नो मुलुक छाडेर अन्य देशमा रोजगारीमा गएको भए पनि आप्रवासीले मानव अधिकारको विश्वव्यापी घोषणापत्र, अन्तर्राष्ट्रिय मानव अधिकार कानुन तथा नेपालको संविधान तथा कानुनअनुसारका सबै अधिकार उपभोग गर्न पाउने हक रहन्छ । तर, सञ्चारको उपभोग गर्न नजानेर तथा हेलचेक्र्याँइका कारण यस्ता अधिकारको पूर्ण रूपमा उपभोग भने नेपाली आप्रवासी कामदारले गर्न पाएका छैनन् जसमा विदेशीने कामदार र राज्य बराबरको दोषी छन् । सामान्यतयाः आफुलाई नपरेसम्म यस्ता विषयमा कामदार स्वयंले पनि खासै ध्यान दिएको पाइँदैन ।

हाल देखिएको विद्यमान समस्या भनेको आप्रवासी कामदारको अधिकार संरक्षणका लागि राज्यले प्रयास गरेता पनि कामदार भने समस्यामुक्त छैनन् । दोहोरो करारपत्रका कारण कामदारबीच तलब र सुविधामा अन्तर छ । तलब कटौती र रोक्का, भनिएको भन्दा फरक काम गर्नु पनि यस क्षेत्रका समस्या हुन् । ओभरटाइम कामको भूक्तानी नदिइने, खानाको व्यवस्था वा खानाखर्च र आवास व्यवस्थापनजस्ता समस्या पनि नेपाली कामदारले अझैं झेलिरहेका छन् । रोजगारी करारपत्रमा झुक्याउने, एकभन्दा बढी वा नक्कली करारपत्र, अत्यधिक र गैरकानुनी शुल्क असुली, शुल्क तिरेको रसिद नदिनु वा पूरा रकमको रसिद नदिनु पनि यस क्षेत्रका थप जटिल समस्या हुन् । दर्ता नभएका एजेन्टमार्फत कामदार भर्ना गर्ने, अनौपचारिक तवरले विदेश पठाउने, जबर्जस्ती श्रम, मानव बेचबिखन र ओसारपसार गर्ने कार्य पनि यस क्षेत्रका समस्या हुन् । प्रभावकारी उजुरी संयन्त्रको अभाव, आवश्यक सूचना नदिइने, तालिम सञ्चालनमा हेलचेर्क्याइँ र लापरबाही स्वास्थ्य परीक्षणसम्बद्ध समस्या, अनुगमनको अभावलगायतका समस्या आप्रवासी नेपाली कामदारले झेलिरहेका छन् । अर्को तर्फ, नेपालीहरुको श्रमको ठूलो हिस्सा ओगटेको मुलुक भारत जानेहरूको समस्या त अझैं विकराल छ । उनीहरूलाई वैदेशिक रोजगारसम्बन्धी कानुनले नसमेट्ने, पहिचान र संरक्षणको अभाव, भारत गएकाहरू र तिनको परिवारमा एचआइभी संक्रमणको जोखिम हुनु, कमाइ गरेको रकम नेपाल पठाउन समस्या, नाकामा असुरक्षा, ऋणबन्धक, व्यवस्थापन तथा नियमनकारी निकायमा स्रोत-साधनको कमी रहेको कुरा राष्ट्रिय मानव अधिकार आयोगले गरेको अनुसन्धान प्रतिवेदनले औंल्याएको छ ।

रोजगार व्यवसायीको गलत अभ्यासलाई कारबाहीको दायरामा ल्याउने, एजेन्टहरूबाट हुने गैरकानुनी क्रियाकलापलाई प्रभावकारीरूपमा नियन्त्रण गर्ने, एजेन्सीहरूले असुल गर्ने रकमको भर्पाई प्रमाण उपलब्ध गराउने व्यवस्था मिलाउने, पर्याप्त तालिम प्रदान गरी दक्ष बनाएर वैदेशिक रोजगारीमा पठाउने व्यवस्था मिलाउनेलगायत दायित्व पनि सरकारकै हुन् । निःशुल्क भिसा, निःशुल्क टिकट योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गराउने, नेपाल सरकारबाट प्रदान गरिने सेवा, सुविधाबारे व्यापक प्रचारप्रसार गरी जानकारी उपलब्ध गर्ने/गराउने, वैदेशिक रोजगारमा रहँदा जन्मिएका बालबालिकाको जन्मदर्ताको व्यवस्था मिलाउनेतर्फ पनि सरकारले ध्यान दिनुपर्छ । सरकारका निकायलाई आर्थिक अनुशासन पालना गराउने, श्रमशोषण, जबर्जस्ती श्रम, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने संयन्त्र तथा पद्धतिको विकास, समझदारीमा उल्लेख गरी न्यूनीकरणतर्फ कार्य गराउने, द्विपक्षीय श्रम सम्झौता गर्ने र त्यस्ता सम्झौतामा मानव अधिकार संरक्षणको प्रत्याभूतिका विषय समावेश गराउनुपर्छ । वैदेशिक रोजगारीमा जाने कामदारको अधिकार संरक्षण गर्नु र ज्यादती हुनबाट रोक्नु सरकारको जिम्मेवारी हो । संविधानको व्यवस्था र अन्य कानुनको तर्जुमा गरी नेपाल सरकारले सकारात्मक कार्य गरेको छ । कानुनमा भएका प्रावधान कार्यान्वयनमा सरकारको जिम्मेवारी थप बढेको छ । नेपाली कानुन तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानुन तथा नेपालद्वारा व्यक्त गरिएका प्रतिबद्धताअनुसार वैदेशिक रोजगारीमा रहेका कामदारलाई संरक्षण प्रदान गर्ने दायित्व नेपाल सरकारकै हो । जसलाई सम्बन्धित देशमा रहेको कूटनैतिक नियोग, राजदूतावासलाई थप जिम्मेवार र मजबुत बनाएर सहजै गर्न सकिन्छ ।

खाडीका देश र मलेसियामा करिब २५ लाख नेपाली कार्यरत रहेको वैदेशिक रोजगार विभागको अनुमानित तथ्यांक छ । जसमध्ये पाँचदेखि छ लाख महिला रहेको सरकारी अनुमान छ । ती देशमा पाँच वर्षअघि घरेलु कामका लागि गएका करिब चार लाख महिला अवैधरूपमा बसेर काम गरिरहेको वैदेशिक रोजगारीको क्षेत्रमा काम गर्दै आएका विभिन्न संघसंस्थाले अध्ययनमा गरेर श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा बुझाएको प्रतिवेदनमा उल्लेख छ ।

खाडीमा महिला रोजगारीको विषयलाई पनि अब ढिलो नगरी सरकारले आफ्नो धारणा स्पष्टरूपमा सार्वजनिक गर्नुपर्ने देखिन्छ । यस विषयमा ढिलाइ गर्नाले कुटनैतिक सम्बन्धमा समेत असर पर्ने देखिन्छ । अस्थिर नीतिले खाडीमा महिला कामदारको तस्करीसरकारले रोक लगाए पनि एक लाखभन्दा बढी घरेलु कामदार खाडीका विभिन्न मुलुकमा रहेको अनुमान गरिएको परिप्रेक्ष्यमा घरेलु कामदारमा जाने महिला असुरक्षित रहेको भन्दै २० चैत ०७३ देखि रोक लगाइएपछि दलालहरूले महिला कामदारको तस्करी सुरु गरेका छन् । दलालले बङ्गलादेश, युएइ, म्यानमार र श्रीलंकाको बाटो प्रयोग गरी महिलालाई खाडी मुलुकमा पुऱ्याउन थालेको वैदेशिक रोजगार विभागको भनाई पनि सार्वजनिक भैरहेको छ । जसको अग्रपंक्तिमा कतारले पटक-पटक ताकेता गरि गत वर्ष काठमाडौंमा आफ्नो धारणा सार्वजनिक गरिसकेको भएता पनि नेपाली पक्षको उदासिनताका कारण यस विषयले थप प्रगति हासिल गर्न सकेको छैन ।

*(प्रोफेसर मोहम्मद रमजान अली मियाँ लामो समयदेखि राष्ट्रिय मानव अधिकार आयोगसँग आवद्ध रही श्रम र श्रमिकको पक्षमा कार्य गर्दै आएका छन् ।)*

# पोषणको महत्व नबुझ्दा अण्डा उपभोग न्यून



**चितवन/रासस–** न्यून लागत मूल्यमा पाइने अण्डाको महत्व बुझ्न नसक्दा उपभोग न्यून हुने गरेको छ । वीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका खाद्य तथा पोषण अधिकृत शिलु श्रेष्ठको भनाइमा अण्डामा हाम्रो शरीरलाई चाहिने सबै किसिमका पौष्टिक तत्व पाइन्छ । अण्डामा प्रशस्त मात्रामा उच्च गुणस्तरको प्रोटिन पाइने बताउँदै उनले भनिन्, 'गैंडागुडी, माछामासुमा पाइने प्रोटिनभन्दा अण्डामा पाइने प्रोटिन शरीरको लागि चाहिने उच्च गुणस्तरीय हो ।' अण्डाको प्रोटिन आमाको दूधमा पाइनेभन्दा दोस्रो गुणस्तरको प्रोटिन भएको उनको भनाइ छ ।

'हाम्रो शरीरलाई चाहिने सबै किसिमका आवश्यक एमिनो एसिड अण्डामा पाइने भएकाले अण्डालाई पूर्ण प्रोटिन पनि भनिन्छ', उनले थपिन्, 'अण्डाको प्रोटिनले शरीरको वृद्धि विकास गर्न, शरीरमा भएका घाउ निको पार्न, विभिन्न किसिमका रोगसँग लड्ने दक्षता बढाउन, शरीरमा मांसपेशी निर्माण गर्न मद्दत गर्दछ ।'

एउटा अण्डामा लगभग छ ग्राम प्रोटिन, पाँच ग्राम फ्याट, भिटामिन ए, डि, इ, बि १२ पाउनुका साथै विभिन्न खनिज पदार्थ पाइने श्रेष्ठ बताउछिन् । उनका अनुसार अण्डाको सेतो तथा पहेला दुवै भागमा प्रचुर मात्रामा पौष्टिक तत्व पाइने भएकाले हाम्रो शरीरको लागि दुवै भाग महत्वपूर्ण हुन्छ । सेतो भागमा अण्डामा पाइने सम्पूर्ण प्रोटिनको आधाभन्दा बढी प्रोटिन पाइनुका साथै अरु खनिज पदार्थजस्तै क्यालसियम, म्याग्नेसियम, पोटासियम, सेलेनियम, सोडियम, सल्फर, जिंक आदि पाइने उनको भनाइ छ ।

अण्डाको पहेँलो भागमा धेरै भात्रामा ओमेगा थ्री फ्याटी एसिड (राम्रो चिल्लो) र थोरै मात्रामा नराम्रो चिल्लो (स्याचुरेटेड फ्याट) पाइने उनको भनाइ छ । अण्डा खाएपछि तुरुन्त भोक नलाग्ने भएकोले तौल कम गर्न चाहने मानिसका लागि यो फाइदाजनक हुने श्रेष्ठ बताउछिन् । उनले अगाडि थपिन्, 'अण्डा बच्चा, बूढाबूढी, गर्भवती महिला, दूध खुवाउने आमा, क्यान्सर तथा विभिन्न रोगका बिरामी सबैका लागि एकदम आवश्यक हुन्छ ।'

एउटा स्वस्थ मानिसले दैनिक एकदेखि दुई वटा अण्डा खान ठीक मानिने बताउँदै उनले धेरै प्रोटिन चाहिने मानिसले थप एक दुई अण्डाको सेतो भाग खान सक्ने सुझाव दिइन् । मुटुको रोग, मधुमेह, उच्च कोलेस्टेरोलको समस्या नभएका क्यान्सरका बिरामी तथा अन्य रोगका बिरामीका लागि शल्यक्रिया गरेका घाउ चाँडो निको पार्न, शरीरमा रगतको मात्रा बढाउन, शरीरमा मांसपेशी बढाउन, रोगसँग लड्ने क्षमता बढाउन आदिको लागि दिनको एक दुई पूरा अण्डा खान फाइदाजनक हुने उनी बताउछिन् । उनले भनिन्, 'बढी प्रोटिन चाहिने बिरामीले थप अण्डाको सेतो भाग खान सक्छन् । मधुमेह, मुटुका रोगी तथा उच्च कोलेस्ट्रेरोल भएका बिरामीले हप्तामा तीन–चार वटा अण्डा खान सक्छन् भने सेतो भाग शरीरको आवश्यकताअनुसार दिनहुँ खान सक्छन् ।'

फिजिसियन डा. महेन्द्र अग्रहरी प्रोटिनको सबैभन्दा राम्रो स्रोत अण्डा भएको बताउछन् । पहेँलो भागमा कोलेस्ट्रोल र मिनिरल्स पाइन्छ । उनले बच्चालाई कोलेस्ट्रोल पनि चाहिने हुँदा पहेलो भाग खुवाउनुपर्ने बताए । कोलेस्ट्रोल, मधुमेह र उच्च रक्तचाप भएकालाई पहेँलो भाग नखान उनको सुझाव छ ।

मादक पदार्थ धेरै खाएर प्रोटिनको मात्रा घटेका, कलेजोमा समस्या देखिएकाले प्रोटिन बढाउने मुख्य माध्यम अण्डा भएको डा. अग्रहरीको भनाइ छ । उनले भने 'अण्डाले कलेजो र शरीरमा थिग्रिएको पानीलाई सोस्न सहयोग गर्छ ।' वयस्क र बच्चाका लागि दैनिक कम्तीमा एउटा अण्डा खानुपर्ने उनको सुझाव छ । शारीरिक, मानसिक वृद्धि सबैमा अण्डा उपयोगी हुने उनको भनाइ छ । मानिसलाई बुझाउन नसक्दा अण्डाको उपयोग कम भएको बताउँदै उनले यसका लागि उपयुक्त माध्यम जनचेतना नै भएको बताए ।

विश्वको तुलनामा नेपालमा अण्डाको उपभोग निकै कम छ । नेपाल पशु चिकित्सक परिषद्का उपाध्यक्ष, वरिष्ठ पशु चिकित्सक डा. सुवीरसिंह एशियाका मानिसले वार्षिक एक सय ८० अण्डा उपभोग गर्नपर्ने भए पनि नेपालमा यो दर ६१ मात्रै रहेको बताए । जापानमा यो दर तीन सय ६२ रहेको उनले जानकारी दिए ।

नेपाल पोल्ट्री महासङ्घका अध्यक्ष गुणचन्द्र विष्ट कम मूल्यमा पाइने स्वास्थ्यवर्द्धक अण्डाको महत्वको बारेमा आम नागरिकलाई जानकारी गराउन नसकिएको बताउछन् । बालबालिकालाई खाजाको रुपमा ड्राइफुड प्रयोग भइरहेको भन्दै उनले आमनागरिकलाई जनचेतना जगाएर अण्डाको उपभोगलाई बढाउनुपर्ने बताए । नेपालमा अहिले एउटा अण्डा उत्पादन गर्न रु १५ हाराहारी लागत खर्च हुने गरेको छ । किसानले बिक्री गर्ने मूल्य रु १० हाराहारी छ । नेपाल लेयर्स कुखुरापालक सङ्घका केन्द्रीय अध्यक्ष विनोद पोखरेल बालबालिकालाई अस्वस्थ खाजा प्रयोग भइरहेको भन्दै राज्यले नै यस्ता कुरा निरुत्साहित गरेर अण्डाको उपभोग बढाउने नीति बनाउनुपर्ने बताए ।

# एक भारी घाँसकै लागि आधा दिन

**कावासोती/रासस–** पूर्वी नवलपरासीको कावासोती नगरपालिका-१ की गमीसरा घर्ती उमेरले ४९ वर्ष पुगिन् । काम गर्नसक्ने उमेरदेखि घरमा पलिएका गाई भैंसीलाई घाँस काट्न शुरु गरेकी उनलाई पछिल्ला केही वर्ष भने घाँसपात गरेर गाई भैंसीपालन गाह्रो हुँदै गएको छ । गमीसरालाई जस्तै लालमाया दर्लामीलाई पनि घाँसपात गरेर गाईभैंसी पाल्न निकै गाह्रो हुन लागेको छ । नजिकैको सामुदायिक वनले घाँस पात काट्नसमेत प्रतिबन्ध लगाएपछि कावासोती-१ हात्तीखोरका सुकुम्बासी बस्तीका महिलालाई दुई चार पैसा जोहो गर्न पालेका वस्तु भाउलाई कसरी पाल्ने हो भन्ने चिन्ताले सताएको छ । बिहान नौ बजे नै हतार हतार खाना खाएर घाँसपात काट्न हिँड्नेहरुलाई घाँसको भारी बोकेर फर्कन पाँच/छ घण्टा लाग्ने कावासोती-१ की लालमाया दर्लामीले बताइन् ।

'घर नजिकैको वनमा घाँसपात काटे जरिवाना तिर्नपर्छ, गाई बाख्रा पाल्नै पऱ्यो, घाँसकै लागी आधा दिन बिताउनुपर्छ', उनले भनिन् । सुकुम्बासी बस्ती भएकाले यस ठाउँका अधिकांश परिवारसँग खेतीपाती गर्ने जमिनसमेत छैन । यो बस्तीको आम्दानीको स्रोत भनेकै गाई, बाख्रा, कुखुरा, बङ्गुरलगायतका घरपालुवा जनावर हुन् । गाई र बाख्राका लागि घर नजिकै चरनसमेत नभएकाले घाँसकै लागि आधा दिन खर्चिनुपरेको गमीसरा घर्तीले बताइन् । 'घर नजिकै वस्तु चराउने ठाउँ छैन, वनले घाँस काट्न दिँदैन, घाँस रोप्ने जग्गासमेत छैन, गाई बाख्राकै लागि भए पनि घाँस काट्न दिनभर जसो लाग्छ', उनले भनिन् ।

यो ठाँउमा घाँसपात गर्न जाने भने अधिकांश ४० वर्षमाथिका रहेका हुन्छन् । नयाँ पुस्ताले घर गोठको काममा मन नलगाउँदा बाध्य भएर आफूहरुनै घाँसपातमा हिँड्नुपरेको सोही स्थानकी टीका मगरले बताइन् । 'छोरी बुहारीले जाँगर गर्दैनन्, गाईबस्तु भोको राख्न भएन ५० वर्ष भइसके घाँस काट्ने दुःखले कहिलै छोडेन', उनले गुनासो गरिन्, 'छोराहरु कमाउन जान्छन्, छोरी बुहारी घाँसपात काट्न गोठमा काम गर्न जाँगर गर्दैनन् ।'

वन मासिने क्रम बढेपछि घाँसपातमा समेत प्रतिबन्ध लगाउनुपरेको बस्ती नजिकै रहेको महाराजा सामुदायिक वनका अध्यक्ष तेजेन्द्रकुमार सुनार बताउछन् । अलि पहिलेपहिले घाँसपात काट्न दिइएको भए पनि घाँस काट्ने क्रममा सालको हाँगाबिगा र साना बोटहरु काट्ने क्रम बढेकाले घाँसपातमा रोक लगाउन परेको अध्यक्ष सुनारले बताए ।

## INVITATION FOR BIDS

**Government of Nepal (GoN)**

**Vyans Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Sunsera, Darchula**

**Sudurpaschim, province Nepal**

### INVITATION FOR BIDS FOR THE

**Date of publication: 18 Dec-2022 (2079/09/03)**

1. Vyans Rural Municipality Office invites electronic bids from nepalease eligible bidders for the Construction works ( as mentioned in table below ) under National compitive bidding procedures.

| Contract No. | Description of Works | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years | Minimum Work experience of similar size and nature Project about Nrs | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) | Remarks |
|---|---|---|---|---|---|---|
| IFB No. –03-NCB-VRM-2079/080 | Construction of ward no. 5 office building | | | 297000 | 3000/- | Hard copy not acceptable |
| IFB No. –04-NCB-VRM-2079/080 | Timurpata- Huti – Dhaulakot – Mangaun - Maal Road | 44 million | 68 million | 2100000 | 5000/- | Hard copy not acceptable |

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office ofVyans Rural Municipality, Sunsera, Darchula,Email: infovyansrm@gmail.com, Contact No:9868463400 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .

   **Information to deposit the cost of bidding document in Bank:**

   Name of the Bank : Machhapuchchhre Bank Limited, Sunsera Branch
   Name of Office : Vyans Rural Municipality
   Office Code no. :
   Office Account no. : 1001524760848017 (Sanchit Kosh Khata)
5. Pre-bid meeting shall be held at Vyans Rural Municipality Office Sunsera, Darchula at 09-Jan-2023 (2079/09/25) at 12:00 Noon.
6. Electronic bids must be submitted to the office VyansRural Municipality Office Sunsera, Darchula through PPMO website www.bolpatra.gov.np. on or before 12:00 Noon on 17-Jan-2023 (2079/010/03) . Bids received after this deadline will be rejected.
7. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 3:00 PM on 17-Jan-2023 (2079/010/03) at the office of Vyans Rural Municipality Office Sunsera, Darchula. Bids must be valid for a period of 120 Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum given above table which shall be valid for 30 days beyond the validity period of the bid (i.e17-may 2023 (2080/02/03)
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Vyans Rural Municipality Office, Sunsera Darchula reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

KUWAIT मा रोजगार | कम्पनी: VISION INTERNATIONAL GENERAL TRADING & CONTRACTING CO WLL, KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०८/०६ चलानी नं.: ६०१९१७६० LT. No.:276159 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 50 | 0 | सम्बन्धित काममा दक्ष | 95 | ४०,२६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Elecrical Helper | 50 | 0 | | 95 | ४०,२६६ | | | | | | | |

अन्तर्वार्ता : मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस ९ र १० गते (24 & 25 Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ९११/०६७/०६८

भिक्टोरी नेपाल प्रा. लि.
सिनामंगल १० पञ्चकुमारी मन्दिर कालीमाटीडोल, काठमाडौं
फोन नं: ०१४५९०२९६

कतार र कुवेतमा वैदेशिक रोजगार

१. कम्पनी: Al Thiqa Al Khalijiah Management of Restaurants, Services and Trading शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/०९/०१ चलानी नं.: ६०१९३४०८ LT. No.:277857

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 12 | 0 | स. काममा दक्ष | 1500 | ५४,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cashier | 12 | 0 | | 1500 | ५४,२७० | | | | | | | |

कम्पनी: SEGRETO RESTAURENT COMPANY शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०७९/०९/०१ चलानी नं.: ६०१९३४३४ LT. No.:277879

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 10 | 0 | स. काममा दक्ष | 130 | ५६,०४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता : मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १० गते (25 December, 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

निलकमल ह्युमन रिसोर्स प्रा. लि.
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ५९१६७१३, ५९१६७१४, मो.: 9818394474, 9802099411
Gov. lic. No. 793/065/66
Jhapa branch: 023590316 | Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com

मध्यान्ह
www.madhyanhadaily.com
३ पुस २०७९, आइतबार
18 December 2022, Sunday

# एकै समयमा तीन महोत्सव

**डिल कुमारी नेपाल/मध्यान्ह**
चितवन, २ पुस



चितवनमा एकै समयमा तीन वटा महोत्सव हुने भएको छ। चितवन महोत्सव, खिचरा महोत्सव र खैरहनी महोत्सव एउटै समय हुन लागेको हो। उद्योग वाणिज्य संघले प्रत्येक दुई/दुई वर्षमा आयोजना गर्ने चितवन महोत्सव यस वर्ष पनि पुस २५ गतेदेखि माघ ४ गतेसम्म नौ दिनसम्म नारायणगढको नारायणी नदी किनारमा हुनेछ।

यस्तै थारु समुदायको कला संस्कृति जगेर्ना गर्न प्रत्येक वर्ष गर्दै आएको खिचरा महोत्सव यस वर्ष पनि थारु कल्याणकारिणी सभा क्षेत्र नं ७ ले पुस २९ गतेबाट माघ ९ गतेसम्म सञ्चालन हुँदैछ। उक्त महोत्सव खैरहनी नगरपालिका-५ जनकौलीस्थित गौचरनमा हुनेछ। यस्तै उद्योग वाणिज्य संघ खैरहनीको आयोजनामा पुस २८ देखि माघ ८ गतेसम्म खैरहनी महोत्सव हुने भएको छ। खैरहनीको लदरी खोला किनारमा महोत्सव आयोजना गरिँदै आइएको छ। चौधौं संस्करणको चितवन महोत्सव मूल आयोजक समितिका संयोजक एवं उद्योग वाणिज्य संघ चिवनका अध्यक्ष चुमनारायण श्रेष्ठले यस वर्षको महोत्सव विगतको भन्दा परिस्कृत हुने बताए। उनका अनुसार महोत्सवमा झण्डै पाँच सय स्टलमा स्वदेशी र विदेशी उत्पादनको प्रदर्शनी र बिक्री हुने अनुमान गरिएको छ।

सात लाख हाराहारीले अवलोकन गर्ने लक्ष्य लिइएको महोत्सवमा दैनिक आर्थिक सम्बन्धी गोष्ठी हुनेछ। विभिन्न धर्म, संस्कृति र पर्यटन प्रवर्द्धनमा समेत महोत्सव केन्द्रित हुने अध्यक्ष श्रेष्ठले बताए। यस्तै चितवनको नारायणी नदीमा जलक्रिडाको व्यवस्था गरिनेछ। वि.सं २०७० बाट शुरु भएको खिचरा महोत्सव भने थारु समुदायको नयाँ वर्षको अवसर पारेर आयोजना गरिँदै आइएको छ। माघ १ गतेलाई थारु समुदायले नयाँ वर्षको रुपमा परापूर्व देखि नै मनाउँदै आइका छन्। महोत्सव आयोजक मूल समारोह समितिमा संयोजक कृष्णलाल चौधरीका अनुसार 'राष्ट्रिय एकता र विविधता हाम्रो सान, बहुजाति भाषा संस्कृति नेपालको पहिचान' भन्ने मूल नाराका साथ यस वर्ष पनि महोत्सवको आयोजना गर्न लागिएको हो। महोत्सवमा थारु लगायत विभिन्न जातजातिका परम्परागत भेषाभूषासहित संस्कृतिक प्रस्तुति, स्थानीय तथा राष्ट्रिय कलाकारको प्रस्तुति, थारु समुदायको विशेष परिकार, थारु संग्रहालय तथा अनुसन्धान केन्द्र व्यवस्थापन गर्ने, होमस्टे संरक्षण र प्रवर्द्धनमार्फत आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन महोत्सवले सहयोग पुग्ने संयोजक चौधरीले बताए।

महोत्सवमा एक सय ३० वटा स्टल रहने छन्। रु.५५ लाखको खर्चमा हुन लागेको महोत्सवमा ५० हजार दर्शकले अवलोकन गर्ने अनुमान गरिएको छ। खैरहनी महोत्सवमा भने तीन सय स्टल रहने भएको छ। आयोजक समितिका संयोजक एवं खैरहनी उद्योग वाणिज्य संघका अध्यक्ष दीपेन श्रेष्ठका अनुसार यो दोस्रो संस्करणको महोत्सव हो। यसअघि पनि विसं २०७५ मा महोत्सव आयोजना गरिएको थियो। हरेक दुई/दुई वर्षमा महोत्सव आयोजना गरिने भएपनि कोभिडका कारण विगतका वर्षहरुमा भने रोकिएको थियो।

खिचरा महोत्सव त्यसै समयमा परेकाले एक दुई दिन तलमाथि हुन सक्ने गरी तयारी गरिएको छ। यस वर्ष महोत्सवमा विगतको भन्दा फरक ढंगले लदरी खोलालाई थुनेर पानीमा हुने गतिविधि सञ्चालन गरिने समेत उनले अध्यक्ष श्रेष्ठले बताए।

# रौतहटको सीमा नाका तीन दिन बन्द

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २ पुस




भारतमा हुन लागेको चुनावका कारण तीन दिन नेपाल-भारत सीमा नाकामा सवारी आवागमन बन्द भएको छ।

पुस ३ गते आइतबार छिमेकी राष्ट्र भारतमा हुन गइरहेको नगरपालिकाको आम निर्वाचनका कारण पुस १ गते बिहान ६ बजे देखि पुस ३ गते मतदान सम्पन्न नभएसम्मका लागि गौर वैरगनिया लगायत रौतहट जिल्लासँग जोडिएका सीमा नाकाहरु सिल गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# बेपत्ता बालकको शव फेला



**रौटहट/मस-** रौटहतजिल्लाको माधव नारायण नगरपालिका राजबाडाका जयकिशोर कुशवाहाको ९ वर्षीय छोरा आशनारायण कुशवाहा मृत फेला परेका छन्। उनी गत मंसिर २५ गतेबाट बेपत्ता बनेका थिए। जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार माधव नारायण नगरपालिकाको वडा नम्बर ८ राजबाडा टोल स्थित बागमती नदीमा उनको शव फेला परेको हो। शुक्रबार बिहान खेतमा स्थानीयहरुले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए। बालकको शव प्रादेशिक अस्पताल गौरमा पोस्टर्माटम गरी परिवारको जिम्मा लगाइएको प्रहरीले जनाएको छ।

# हिंसा न्यूनीकरणका लागि मनोसामाजिक परामर्श आवश्यक

**अजय मिश्र/मध्यान्ह**
कृष्णनगर, २ पुस



बालबालिका तथा महिलामाथि हुने हिंसा निवारणमा मनोसामाजिक परामर्श आवश्यक रहेको एक कार्यक्रमका सहभागिले जोड दिएका छन्। युनिसेफ नेपाल र कृष्णनगर नगरपालिकाको सहकार्यमा बाल संरक्षण लैंगिक हिंसा तथा मनोसामाजिक सहयोग सम्बन्धी समुदायमा अग्रपंक्तिमा रहेर संरक्षण कार्य गर्नेहरूका लागि आयोजित तीन दिने क्षमता विकास तालिममा सहभागिले सो कुरामा जोड दिएका हुन्।

कृष्णनगर नगरपालिकाको सभाहलमा भएको उक्त तालिम कृष्णनगर नगरपालिका प्रमुख प्रशासकीय अधिकृत इश्वरी प्रसाद शर्माको अध्यक्षतामा भएको थियो। कार्यक्रमको उद्घाटन गर्दै शर्माले बाल बालिकामाथि हुने कुनै पनि प्रकारको हिंसामा शून्य सहनशीलता अपनाउन सहभागीहरूलाई आग्रह गरे।

बाल बालिकाको संरक्षण तथा महिला हिंसाविरुद्ध कृष्णनगर नगरपालिकाको प्राथमिक विषय रहेको जानकारी दिनुका साथै बाल संरक्षण, लैंगिक हिंसा निवारण तथा मनोसामाजिक सहयोग सहकार्यमार्फत सम्भव रहेको उनले बताए।

कार्यक्रमको उदेश्यमाथि प्रकाश पार्दै युनिसेफ नेपालका प्रकाश कैनीले बालबालिका तथा महिला माथि हुने सबै प्रकारका हिंसाहरूको निवारण हुनुपर्ने भएकाले परिवार तथा समुदायभित्र बालबालिका र महिलाहरु सुरक्षित रहनका लागि जनप्रतिनिधि, सामाजिक अगुवा, स्थानीय पदाधिकारी, समाजसेवी, बुद्धिजीवी, पत्रकार र प्रहरी लगायत अन्य सरोकारवालाहरूको महत्वपूर्ण भूमिका रहने बतए। तीन दिने तालिमले समुदायमा अग्रपंक्तिमा रहेर संरक्षण कार्य गर्नेहरूको क्षमता विकाश गरी समुदायमा रहेका बालबालिका, महिलाका सवाल अनि मनोसामाजिक समस्यामा रहेका व्यक्तिहरुको पहिचान गरी सूचना प्रवाहमार्फत उपयुक्त सेवा सुनिश्चित गर्नुपर्ने जनाए। कार्यक्रममा सहजकर्ताका रूपमा शान्ति पण्डित, रूकैया खातुन, गणेश पौडेल लगायतले बाल संरक्षण तथा महिला हिंसाका साथै मनोसामाजिक सहयोग सम्बन्धी विविध विषयवस्तुमा सहजीकरण गरेका थिए।

कार्यक्रममा महिला स्वयंसेवीका, कार्यपालिका सदस्य, महिला सदस्य, जनप्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, पत्रकार, कृष्णनगरमा महिला हिंसा तथा मानव बेचविखनविरूद्ध काम गर्ने विभिन्न संस्थाका प्रतिनिधिहरु लगायतको सहभागिता रहेको थियो। कार्यक्रममा सहभागीहरूले छलफल गरी आफ्नो समुदयमा रहेका बालबालिका तथा महिलामाथि हुने हिंसा निवारण गर्न र मनोसामाजिक समस्यामा रहेकाहरुको सहयोग गर्न आफूहरू प्रतिबद्ध रहेको र यस्ता घटनाहरु देखेमा वा सूचना पाएमा नगरपालिका लगायत अन्य सरोकारवाला सेवा प्रदाकहरुलाई सूचना प्रवाह गरी पीडितहरुलाई सेवा सुनिश्चित गर्ने प्रतिवद्धता समेत जनाए।

## Shree Bhagawati Sanskrit Tatha Sadharan Ma.Vi

Badhaiyatal-08, Tilkana, Bardiya

**Invitation for Bids**

**IFB No. BSSMS/BARDIYA/WORK/079-080/01**
**Date of publication: 2079/09/03**

1. Bhagwati Sanskrit Tatha Sadharan Ma.Vi, Badhaiyatal-08, Tilkana, Bardiya invites electronic bids from Nepalese eligible bidders for the Construction Of following work under National Competitive Bidding procedures.

| S. N. | Contract Identification No. | Brief description of the Works | T.Estimated Amount (with VAT & Contg.) | Bid document price (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | BSSMS/BARDIYA/NCB/WORK/BHAGAWATI.BLG/079-080/01 | Construction Of Bhagawati Sanskrit Tatha Sadharan Ma. Vi. Building, Badhaaiyatal-8, Bardiya | 9999698.18 | 3000.00 | 250000.00 |

2. All bidders shall only submit their bid electronic and bids must be submitted through PPMO's e-GP system *www.bolpatra.gov.np/egp* on or before 12:00 hour on **2079/10/03**. For more detail information at 084-411067 within office hour or download the Bidding Document.

**Office chief**

## Invitation for Bids

## Bagmati Rural Municipality

## Office of the Rural Municipal Executive

**Bhattedanda, Lalitpur**

**Invitation for Bids No.: BAGL/NCB/WORKS/079/080-05**

**Date of publication: 18-12-2022**

1. Bagmati Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Gaupalika Stariya Rangasala Nirman under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 17204435.07 (Exclusive of VAT and Contingencies)
2. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit a non-refundable fee of NRs. 3000.0 for the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank** : **Kumari Bank Ltd.**
   **Name of the Office** : **Bagmati Rural Municipality**
   **Office Account no** : **0790034694200007**
   **Rajaswa (revenue) Shirshak no** : **GA-03**
3. Pre-bid meeting shall be held at the date and time given in the bid document.
4. Sealed or electronic bids must be submitted to the office Bagmati Rural Municipality, Bhattedanda, Lalitpur, Bagmati Province, Bagmati Gaupalika, Nepal by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 17-01-2023 12:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 17-01-2023 14:00 at the office of Bagmati Rural Municipality Bhattedada Lalitpur Bagmati Province Bagmati Gaupalika Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 480000.0, which shall be valid for 30 days beyond the validity period of the bid.

## KAMALAMAI MUNICIPALITY

## OFFICE OF THE MUNICIPAL EXECUTIVE

**SINDHULI**
**BAGAMATI PROVINCE, NEPAL**

**Invitation for e-Bids for the works specified in the table here under**

**Invitation for Bids**


**Date of publication: 18th December 2022**

1. **Kamalamai Municipality, Office of The Municipal** Executive invites electronic bids from Nepalese eligible bidders for the construction of **works specified in the table herewith under** National Competitive Bidding procedures. The estimated amounts for the works are as **stated in the table here with.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically only, should deposit the cost **Nrs. 3,000.00 (Nrs. Three Thousands)** non-refundable of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Rastriya Banijya Bank, Sindhuli**
   **Name of Office: Kamalamai Municipality, Office of the Municipal Executive, Sindhuli**
   **Office Account no.: 1060100301010003**
4. Pre-bid meeting shall be held at **Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli at 10th January 2023.**
5. Electronic bids must be submitted to the office **Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli** by PPMO website www.bolpatra.gov.np/egpon or before **12:00 P.M. on 17th January 2023.**
6. The electronics bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1:00 P.M. on 17th January 2023** at the office of **Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli.** Bids must be valid for a period of **90 Days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of as **specified in the table herewith,** which shall be valid for 30 days beyond the validity period of the bid.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| Contract Identification No. | Name of Works | Estimated amount excluding VAT & Contingencies (NRs.) | e-Bid security Amount (NRs.) |
|---|---|---|---|
| KMU/SIN/Work/NCB/15/079/080 | Infrastructure Development Work, Kamala Secondary School, Kamalamai Municipality-4, Dhunggrebas, Sindhuli | 8,198,786.58 | 255,000.00 |

**(Chief Administrative Officer)**

# सामाजिक सुरक्षा भत्ता लिन सास्ती



**जुम्ला डायरी**
सरिता पराजुली/मध्यान्ह

स्थानीय तहले बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न थालेपछि दुर्गम क्षेत्रका सेवाग्राहीलाई सास्ती भएको छ । सामाजिक सुरक्षा भत्ता वितरणमा अनियमितता हुन थालेपछि सबै स्थानीय तहले बैंकिङ प्रणाली अपनाएका छन् । सामाजिक सुरक्षा भत्ताका लागि बैंक खाता खोल्न र भुक्तानीका लागि बैंकसम्म पुग्नु परेपछि ज्येष्ठ नागरिक, एकल महिला र अपांगता भएका व्यक्तिले सास्ती भोग्नुपरेको छ । जिल्लाका ८ वटै स्थानीय तहमा बैंक स्थापना भएको छन् । जुम्लाका सबै गाउँपालिकाले बैंक खाता अनिवार्य गरेपछि बैंकसम्म पुग्न भौगोलिक कठिनाइले सकस हुने भएपछि जेष्ठ नागरिकहरुले सास्ती भोक्नुपरेको छ । जम्लाका ८ वटा स्थानीय तहले बैंकिङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएका छन् । जुम्लाका तातोपानी तिला, पातारासी, हिमा, सिन्जा र कनकासुन्दरीका जेष्ठ नागरिक, एकल महिला र अपांगता भएका व्यक्तिले सास्ती भोग्नुपरेको छ ।

'बैंक पुग्न दुई घण्टा हिँड्नुपर्छ, सरकारले भत्ता दिएर त राम्रै काम गरेको थियो । तर भत्ता बाँड्ने काम झन्झटिलो भई जेष्ठ नागरिकलाई पीडा थपेको छ' जेष्ठ नागरिक संघ जुम्लाका सचिव तुलराम न्यौपानेले भने । भौगालिक कठिनाइका कारण उनलाई मात्र नभएर सबै ज्येष्ठ नागरिक, एकल महिला र अपांगता भएका व्यक्तिले बैंकबाट भत्ता लिनुपर्ने भएपछि निकै सास्ती भएको उनको भनाइ छ ।

त्यस्तै, चन्दननाथ नगरपालिका वडा नम्बर १० का स्थानीय राजेश्वर देवकोटाले जुम्लाका अधिकांश लाभग्राही अहिले सामाजिक सुरक्षा भत्ता बुझ्नकै लागि दुई घण्टादेखि एक दिनसम्म पैदल यात्रा गरेर बैंकसम्म पुग्ने गरेका बताए । बैंक पुगे पनि चेकमा लेख्न लगाउनुपर्ने, घण्टौं लाइनमा बस्नुपर्ने, घर फर्कन गाडी नपाइने, बुढेसकालमा घण्टौं हिँड्नुपर्ने बाध्यता रहेको उनीहरुको गुनासो छ । बैंकमा इन्टरनेटले काम नगर्दा रित्तै हात फर्कनुपर्दा झन् समस्या हुने गरेको उनले गुनासो गरे ।

तिला गाउँपालिका वडा नम्बर ८ का पूर्व वडा अध्यक्ष सन्तवीर रावतले गाउँ नजिकै बैंक नहुने र टाढा-टाढाका बैंकमा खाता खोल्नुपर्ने बाध्यताले सामाजिक सुरक्षा भत्ता बुझ्न बैंक जानुपर्ने बाध्यतालाई परिमार्जन गरेर वडा कार्यालयबाटै वितरण गर्नुपर्ने बताए ।

यसअघि सम्बन्धित वडा कार्यालयबाट घरैमा गएर सामाजिक सुरक्षा भत्ता दिँदै आएकामा सरकारले बैंकिङ प्रणालीबाट दिन शुरू गरेपछि नागरिकलाई सास्ती भएको हो । नागरिकको सहजताका लागि जेष्ठ नागरिक, बालबालिका, अपांगता भएका व्यक्तिलाई बैंकसम्म पुग्नका लागि यातायात खर्चको व्यवस्था गरिएको हिमा गाउँपालिका वडा नम्बर एकका अध्यक्ष रतन बहादुर शाहीले जानकारी दिए । त्यस्तै, कनकासुन्दरी गाउँपालिका वडा नम्बर ३ ले पनि बैंकसँग समन्वय गरेर वडामै सामाजिक भत्ता वितरण गर्दै आएको छ ।

# चिसो छल्न जुम्लाका भेडी गोठ बेंसी झारिँदै



चिसो बढ्न थालेसँगै जुम्लाको हिमाली क्षेत्रका भेडापालक किसान भेडा गोठसहित बेंसी झर्न थालेका छन् । चरण क्षेत्र सुक्दै र चिसो बढ्दै जाँदा जुम्ला भेडीगोठहरु बेंसी झर्न थालेका हो । जुम्ला आठ वटा स्थानीय तह हिँमा, तातोपानी, सिँजा कनकासुन्दरी, पातारासी र गुठीचौर गाउँपालिका लगायतका ठाउँका भेडापालक किसान चिसो छल्न बेंसी झर्न थालेका हुन् । भेडापालक किसान वर्षायाममा लेकतिर जाने र हिउँदमा बेंसी झर्ने गर्दछन् । हिमाली जुम्लाका विभिन्न क्षेत्रमा अत्यधिक चिसो बढ्न थालेपछि र भेडा चरन क्षेत्रमा हिमपात हुने मौसम शुरु हुन थालेपछि भेडी गोठ बेंसी झार्नुपरेको हिमा १ का किसान दत्तबहादुर शाहीले बताएका छन् ।

उनले भने, 'हिउँदको समयमा चरन क्षेत्रमा हिमपात हुने हुँदा भेडाबाखालाई आहारको समस्या हुने गर्छ । वर्षायाममा लेक पुग्ने भेडी गोठ हिउँदमा बेंसीमा सार्ने गर्छौं ।' शाहीले ९ वर्ष अगाडि देखि भेडा पालन व्यवसाय गर्दै आएको बताए अहिले उनको १ सय १० भेडा बाखाको संख्या रहेको छ । हिउँदमा अत्याधिक चिसो हुने भएका कारण भेडा मर्न थालेको उनले दुखेसो गरे । मंसिर २० गते यता देखि हालसम्म १५ वटा भेडा मरि सकेको उनले बताए । हिमा गाउँपालिकको स्वास्थ्य शाखाको टोलिले मरेको भेडाको पोँष्टमाटम गर्दा भेडालाई निमुनिया भएर मरेको थाहा भएपनि अहिले बेंसी झारेर भेडाबाखालाई औषधि उपचार गर्न थालिएको शाहीले बताए ।

औषधि प्रयोग गर्दा अहिले भेडा मर्न रोकिएको उनले बताए । प्रत्येक वर्षको जाडो मौसममा भेडाहरु निमुनियाका कारणले मर्ने हुँदा समस्या हुने गरेको उनले बताए । गत वर्ष पुस महिना पनि १३ वटा भेडा मरेका थिए । यो वर्ष पनि त्यस्तै गरी मर्न थालेपछि चिन्ता लागेको उनले बताए । जुम्ला पाटनमा भेडि गोठहरु नहुँदा समस्या हुने गरेको उनले बताए । कात्तिकदेखि फागुनसम्म उच्च क्षेत्रमा अत्यधिक चिसो हुने भएकाले भेडी गोठ बेंसी झार्ने गरिएको तातोपानी ६ का स्थानीयवासी गोगन रावतले बताए ।

चिसोले जुम्लाका डाडाँपाखा सुख्खा हुने र चरण क्षेत्रमा पनि सुक्दै जाँदा भेडीगोठहरु बेंसी झार्न बाध्य भएको उनले बताए । अहिले भेडी गोठ हिमाली क्षेत्र पाटनबाट बेंसी झार्न थालिएको हो । जुम्ला जिल्लाका हिमाली क्षेत्रका धेरैजसो किसानको प्रमुख पेसा भेडापालन हो । जुम्लाका एक नगरपालिका र ७ वटा गाउँपालिकाका सबै ठाउँमा पालन व्यवसाय हुने गरेको छ । देशमा भेडा बाखाको संख्या घट्दो क्रममा रहेपनि जुम्लामा भने भेडा बाखाको संख्या बढ्दो क्रममा रहेको छ । जुम्लामा अनुमानित ८८ हजार जति भेडा बाखाको संख्या रहेको पशु अस्पताल तथा पशु सेवा कार्यालय जुम्लाका प्रमुख ज्ञानेन्द्र सिंह बढ्थापाले बताए । जुम्ला भेडा बाखाको १ सय ६० पोल्टीफर्म दर्ता भएको उनले बताए । भेडा बाखाको संख्यामा वृद्धि गर्नको लागि जुम्लाको हिमा गाउँपालिका १ मा भेडा स्रोत केन्द्र स्थापना गरिएको छ । जुम्लामा ८ सय किसानले भेडा बाखा पालेका छन् ।


## INVITATION FOR ONLINE BIDS

**Sidingba Rural Municipality**
**Office of the Rural Municipal Executive**
Sablakhu, Taplejung
Province No. 1, Nepal.

**IFB No:** SRM/TPJ/SQ/Works/2079/080-04
**First Date of Publication:** 2079/09/03 (18th Dec. 2022)

1. Sidingba Rural Municipality, Sablakhu, Taplejung invites electronic bids only from Nepalese eligible bidders under National Competitive Bidding with single stage single envelop Procedure.

| Contract ID No | Name of Project | Estimated Cost exclusive of VAT and contingencies | Bid Security Amount NRs. | Bid Fee NRs. | Bid Validity period |
|---|---|---|---|---|---|
| SRM/TPJ/SQ/ Works/ 2079/080-04 | Construciton of Causeway in Suwa khola, Sadewa-2/Ankhop-3 | 14,41,539.90 | 51000.00 | 1000.00 | 75 days |

2. **Eligible Bidders may obtain** further information from the office of the Sidingba Rural Municipality, Sablakhu, Taplejung, Cont.no: 9852660153 and 9863677911 email: **sidingbarmtpj@gmail.com** or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.
3. For purchasing & submission of bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egp. **Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Laxmi Bank Limited, Sidingba Branch. Taplejung.
Name of Office : Sidingba Rural Municipality, office of the Rural Municipal Executive, Sablakhu, Taplejung.
Office Account no. :09303000021 (Sidingba Ga.Pa., Aantrik Rajaswo Khata)
4. Bids must be submitted through www.bolpatra.gov.np, on or before 12:00 noon on 18-09-2079 (2nd Jan. 2023). Documents received after this deadline shall not be accepted.
5. Bids will be opened in the presence of bidder's representatives who choose to attend at the office of Sidingba Rural Municipality, Office of Rural Municipal Executive, Sablakhu, Taplejung on 1:00 pm on 18-09-2079 (2nd Jan. 2023). Bids must be valid for a period of **45 days** after bid opening and must be accompanied with above bid security, which shall be **valid for 30 days** beyond the bid validity period.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Act. Chief Administrative officer**
**Sidingwa Rural Municipality**



## Aamachhodingmo Rural Municipality
## Office of the Municipal Executive

**Goljung, Rasuwa**
**Bagmati Province, Nepal**

**Invitation for Bids**

**First Date of Publication: 2079/09/03 (18th Dec, 2022)**

1. Aamachhodingmo Municipality, Office of the Municipal Executive, Goljung, Rasuwa invites electronic bids from registered contractors/ eligible bidders for the following listed road under National Competitive Bidding Procedures.
2. Eligible Bidders having general as well as specific experiences mentioned detailed in bids may obtain further information and inspect the bidding documents by visiting PPMO website **www.bolpatra.gov.np/egp.**
3. Electronic Bidding Document is available online and can be downloaded on or before Office Hours on 2079/10/04 (18th Jan, 2023) from PPMO's website **http://www.bolpatra.gov.np/egp** The Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit their electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee in following account as specified below for each bid document separately and electronic scanned copy (pdf format) of the Bank deposit voucher shall also be submitted along with the electronic bid files.
Information to deposit the cost of Bidding Document in Bank:
**Name of the Bank: Kumari Bank , Aamachhodingmo Branch, Rasuwa**
**Name of the Office: Aamachhodingmo Rural Municipality, Office of the Municipal Executive, Rasuwa**
**Internal Reveneu Account no: 0800039728100007**
**Account Name : Aamachhodingmo Aantarik Rajaswo Khata Ga 1.1**
4. Electronic Bids must be submitted through website **http://www.bolpatra.gov.np/egp** on or before 2079/10/04 (18th Jan, 2023) at 12:00 hours as specified in the Instructions to Bidders. Bids received after this deadline will be rejected. If any clarification bidder may attend pre bid meeting at 3:00 pm, 2079/09/25.
5. Bids shall be opened in the presence of Bidders' representatives who choose to attendant the office at 14:00 hours on 2079/10/04 (18th Jan, 2023).
6. Bids must be valid for a period of 120 days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at (Dharauti account No:**0800039728100003**) on behalf of of Aamachhodingmo Rural Municipality at Kumari Bank., Aamachhodingmo Branch, Rasuwa or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be valid for 120 days counting from the day of bid opening.
7. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| Contract Identification No. | Description of Works | Cost Estimate (NRs) with VAT | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| AAMA/WORKS/ NCB/02-2079/080 | Gre Nesing Thulo Haku Sadak Nirman | NRs. 1,43,93,648.99 | NRs. 3,80,000.00 | NRs. 3,000 |
| AAMA/WORKS/ NCB/03-2079/080 | Goljung Khane Pani Nirman Yojana | NRs 40,24,778.73 | NRs. 1,07,000.00 | NRs. 3,000 |

**Chief Administrative Officer**



**Invitation for Bids**

## Gauriganga Municipality
## Office of Municipal Executive

**Sudurpaschim Pradesh, Nepal**

**Invitation for Bids for the Construction of Various Civil Works**

**Second Date of publication: 2022/12/18, Paush 3rd 2079**

1. **The Office of Municipal Executive**, ***Gauriganga Municipality, Chaumala, Kailali*** invites electronic bids from Nepalese eligible bidders for the construction of **different works as mentioned in the table** under National Competitive Bidding procedures.

| SN | Contract ID | Name of Project | Estimated cost Without Vat, PS | Bid Security | Bid Fee |
|---|---|---|---|---|---|
| 1 | GGM/WORKS/ NCB/ 02/2079/80 | Dhabai Shanti Tole ko Adhuro Sadak Kalopatre | 26,13,198.45/- NRS | 75,000/- NRS | 3000/- NRS |
| 2 | GGM/WORKS/ NCB/ 06/2079/80 | Chandra Khati ko Ghar Dekhi Dakshin Jane Sadak Kalopatre | 26,13,099.45/- NRS | 75,000/- NRS | 3000/- NRS |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np/egp.

**Name of the Bank : NIC ASIA BANK, Chaumala , Kailali**
**Name of Office : Gauriganga Municiality**
**Office Account no Rajaswa khata for Bid Fee .: 071-20500-2806-2002**
**Office Account no Dhaurati khata for Bid Security.: 71CA500982524004**

3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before ***12 HOURS*** on **2023/01/02, 18th Paush 2079**
4. The bids will be opened at ***1 pm*, 2023/01/02, 18th Paush 2079** at, ***Gauriganga Municipality Office, Chaumala, Kailali***.

**Chief Administrative Officer**

## हुम्ला डायरी

ओबराज शाही/मध्यान्ह

# काम नगर्ने कम्पनीलाई कारबाही



हिल्सा-सिमकोट सडक आयोजनाले नाम्खा गाउँपालिकाको वडा ४ याङ्गार खोलापक्की पुल निर्माण कम्पनीलाई कारबाही गर्ने भएको छ। सम्झौता भएको करिब ५ वर्षसम्म निर्माण शुरु नगरेपछि आयोजनाले निर्माण कम्पनीलाई कारबाही प्रक्रिया अगाडि बढाएको हो।

आयोजनाका योजना प्रमुख विरेन्द्र कुमार यादवका अनुसार सम्झौता भएको लामो समयसम्म निर्माण शुरु नगरेपछि याङ्गार खोला पुल निर्माण कम्पनीलाई कारबाही प्रक्रिया अगाडि बढाइएको हो। कम्पनीले निर्माणस्थल याङ्गार खोलासम्म निर्माण सामग्रीसमेत पुऱ्याउन नसकेको उनले बताए।

२०७४ सालमा धुलिखेल निसान जेभीसँग बोलपत्र आह्वान प्रक्रिया छनोट गरेर याङ्गार खोलामा मोटर पक्की पुल निर्माणका लागि सम्झौता भएको थियो। पटक-पटक म्याद थप गरेर निर्माण कार्य अगाडि बढाउन आग्रह गर्दा पनि काम शुरु नगरेपछि कारबाही प्रक्रिया अगाडि बढाइएको छ।

आयोजनाले निर्माण कम्पनीसँग पुल निर्माणका लागि चार करोड रुपैयाँ लागतमा सम्झौता गरेको थियो। कारबाही प्रक्रिया अगाडि बढाउन कम्पनीले सम्झौतापछि आयोजनाबाट लिएको अग्रिम भुक्तानीबापतको ४१ लाख रुपैयाँ फिर्ता माग्नका लागि पत्राचारसमेत गरिसकेको छ। अब एक/दुई दिनमा ठेक्का रद्दका लागि सूचना जारी गरिने आयोजनाका योजना प्रमुख विरेन्द्र कुमार यादवले बताए।

# कांग्रेस शुभेच्छुक संस्थाद्वारा विचार गोष्ठी आयोजना



हिमाली जिल्ला हुम्लामा प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन सम्पन्न भएको एक महिनापछि नेपाली कांग्रेसको शुभेच्छुक संस्थाले विचार गोष्ठीको आयोजना गरेको छ। नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल ट्रेड युनियन जिल्ला कार्यसमिति हुम्लाले नेपाली कांग्रेससँग शुभेच्छुक संस्थाको विचार गोष्ठी आयोजना गरिएको हो। उक्त गोष्ठीमा नेपाली कांग्रेसले केही दिन अगाडि निर्णय गरेको जागरण शुद्धीकरण र शुद्धीकरण सम्बन्धिका विषय वस्तु र नेपाली कांग्रेसका भातृ तथा भगेनी संस्था शुभेच्छुक संस्था वडा इकाइ समितिको हालको अवस्था कस्तो रहेको छ भन्ने विषय बस्तुमाथि सोही विचार गोष्ठिमा उपस्थितले आफ्नो विचार व्यक्त गरेका थिए। वैशाख ३० गते भएको स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेसको ७ वटै गाउँपालिकामा जनप्रतिनिधिको उपस्थित गराउन सफल भएको र गत मंसिर ४ गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा बाम लोकतान्त्रिक गठबन्धनबाट उम्मेदवारी दर्ता गराएका नेताहरुलाई सकारात्मक चुनावी परिमाण ल्याउन सफल भएको विचार गोष्ठीमा राखिएको थियो।

गत वैशाख ३० गतेको स्थानीय तह निर्वाचन र गत मंसिर ४ गतेको प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा मतदान गरी भारी मत दिइ नेपाली कांग्रेस सहितको गठबन्धनका नेताहरुलाई विजयी गराउने हुम्ली जनतालाई धन्यवाद दिनका लागि गाउँ-गाउँमा र जिल्लामा उपलब्ध नेपाली कांग्रेसका नेता तथा कार्यकर्ता गाउँ-गाउँ पुग्नुपर्ने र त्यसका लागि जो जिम्मेवारी आफुलाई पार्टीले तोक्छ उक्त जिम्मेवारी बहन गर्न तयार रहेको नेपाली कांग्रेसका पूर्व सभापति एवं कर्णाली प्रदेश सदस्य जयपती रोकायाले बताए।

स्थानीय तहको निर्वाचन र प्रदेश तथा प्रतिनिधि सभाको निर्वाचनमा पार्टीका आधिकारिक उम्मेदवारलाई असहयोग गने नेपाली कांग्रेसका नेता तथा कार्यकर्तालाई पहिलो पटक स्पष्टीकरण सोधिने र चित्त बुझ्दो जवाफ नआए कारबाहीका लागि प्रदेश हुँदै केन्द्रसम्म पठाउने नेपाली कांग्रेसका उपसभापति बसन्त रोकायाले बताए। नेपाली कांग्रेसको पार्टीभित्र अन्तरघात गर्ने नेता तथा कार्यकर्ताको गतिविधिका बारेमा नेपाली कांग्रेसको वडा इकाइ समिति गाउँपालिका समितिबाट निजको जानकारी लिई पार्टी भित्र वृहत छलफल गरी राय सुझाव सल्लाह लिइ शुद्धीकरण भएर आउने नेता तथा कार्यकर्ताको मुल्यांकन गरी कारबाहीको दायरामा ल्याउनु पर्ने नेपाल ट्रेडयुनियन जिल्ला अध्यक्ष राजन रावतले बताए।

शनिबार भएको विचार गोष्ठीमा नेपाली कांग्रेसका भातृ तथा भेगेनी संस्थाका प्रमुख एवं प्रतिनिधि नेपाली कांग्रेस पार्टी सचिव कृष्णबहादुर बोहरा, शिक्षक संघका अध्यक्ष कैलास भण्डारी, नेपाली कांग्रेस जिल्ला कार्यसमिति सदस्य लोक्ते कामी, नेपाल शिक्षक संघका संस्थापक शिव शर्मा पौडेल लगायतका व्यक्तिहरुको उपस्थित रहेको थियो। वीपी चिन्तन प्रतिष्ठानका सभापति मधु बस्नेत शाही, कर्मचारी युनियनका जिल्ला अध्यक्ष विशाल बोहरा, जिल्ला स्वास्थ्य संघका अध्यक्ष बलिराज शाही, नेपाल शिक्षक संघका पूर्व अध्यक्ष कालिबहादुर शाही, राजबहादुर बुढा प्रजातान्त्रिक विचार समाजका राजबहादुर शाही र कुन्जोक लामा लगायतका व्यक्तिहरुले आ-आफ्नो भनाइ राखेका थिए।

# राजस्व भुक्तानी प्रणालीको शुभारम्भ




**ललितपुर**-प्रधानमन्त्री शेरबहादुर देउवाले ललितपुर महानगरमा 'स्मार्ट राजस्व भुक्तानी प्रणाली'को शुभारम्भ गरेका छन्। महानगरको १०४औं स्थापना दिवसका अवसरमा शनिबार आयोजित कार्यक्रममा उनले महानगरको 'स्मार्ट सेवा' अन्तर्गत 'फोनपे'मार्फत राजस्व भुक्तानी प्रणालीको शुभारम्भ गरेका हुन्।

सो अवसरमा प्रधानमन्त्री देउवाले ऐतिहासिक, धार्मिक र सांस्कृतिक गरिमालाई चीरकालपर्यन्त जीवन्त राख्न जनप्रतिनिधिसहित सम्पूर्ण कर्मचारीको सामूहिक प्रतिबद्धता रहने विश्वास व्यक्त गरे। काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले काठमाडौंको ललितपुरसँग मित्रतापूर्ण सम्बन्ध रहेको र त्यसलाई अझै सुमधुर बनाउने गरी आपसी सहकार्यका साथ काम गर्न चाहेको बताए।

ललितपुर महानगरका नगरप्रमुख चिरीबाबु महर्जनले महानगरभित्रका कला, संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा आफूहरूले विशेष प्राथमिकता दिएको बताए। उनले भने, 'संस्कृति, सम्पदा र सभ्यता जोगाउनलाई जसरी ललितपुर महानगरपालिकाले अग्रसर भएर भूमिका देखाएको छ, त्यो एकदमै सराहनीय छ। आगामी दिनमा हामीले पनि त्यही सिक्नु पर्नेछ।' ललितपुर क्षेत्र नं ३ बाट निर्वाचित सांसद डा.तोसिमा कार्कीले आधुनिकता र मौलिकताका साथसाथै विकासका पूर्वाधारलाई महानगरले अगाडि बढाएकामा धन्यवाद व्यक्त गरिन्।

स्थापना दिवसका अवसरमा ललितपुर महानगरले पाँच स्रष्टा, कलाकार र समाजसेवीलाई एक लाख राशिको पुरस्कारसहित 'ललितपुर गौरव' पुरस्कारले सम्मान गरेको छ। महानगरले वडा नं ६ का वरिष्ठ धातुमूर्तिकार स्व राजकुमार शाक्यलाई मरणोपरान्त सम्मान गरेको छ। वडा नं ६ कै वरिष्ठ साहित्यकार एवं अनुसन्धानकर्ता छत्रबहादुर कायस्थ, वडा नं १४ का भजनशिरोमणि भक्तराज आचार्य, वडा नं १६ का क्रोधकला शिरोमणि कालु कुमाले र पूर्वमहानगरप्रमुख बुद्धिराज बज्राचार्यलाई सम्मान गरेको छ।

**प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**

## हेटौंडा अस्पताल

**बागमती प्रदेश, हेटौंडा, मकवानपुर**

### क्याटलग सपिङ्ग विधिबाट युएसजी मेशिन खरिद सम्बन्धी शिलबन्दी प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/०९/०३**

यस हेटौंडा अस्पतालको आ.व.२०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार युएसजी मेशीन,सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा ८ उपदफा १ (क)(८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संशोधन) को नियम ३१ (ख) को उपनियम २ अनुसार खरिद गर्नुपर्ने भएकोले देहाय बमोजिमका न्यूनतम योग्यता पुगेका युएसजी मेशिनको उत्पादक/अधिकृत विक्रेताले उत्पादनको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखी तपशिलमा उल्लेख भए बमोजिम शिलवन्दी प्राविधिक प्रस्ताव दर्ता गराउनका लागि उत्पादक वा आधिकारिक विक्रेताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. शिलबन्दी प्रस्ताव सम्बन्धी कागजात यस कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिनेछ।
२. प्रस्ताव लिनका लागि इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरुले आफ्नो फर्म/कम्पनी दर्ता, स्थायी लेखा नम्बर/मूल्यअभिवृद्धि कर दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization र आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र / म्याद थप गरेको कागजातको प्रमाणित प्रतिलिपिहरु तथा फर्म कम्पनीको अनुरोध पत्र सहित सूचना प्रकाशित भएको मितिले ७ (सातौं) दिन (२०७९/०९/०९) कार्यालय समय भित्र यस अस्पतालमा उपस्थित भई प्राप्त गर्न सकिनेछ।
३. यो सूचना प्रथम पटक प्रकाशित भएको ८ (आठौं) दिन (२०७९/०९/१०) गते १२:०० बजे भित्र हेटौंडा अस्पतालको प्रशासनमा शिलबन्दी प्रस्ताव दर्ता गराइसक्नु पर्नेछ र दर्ता भएका प्रस्तावहरु सोही दिन दिनको १४:०० बजे पछि खोलिने छ। प्राविधिक प्रस्तावमा उतिर्ण भएका प्रस्तावदाताहरुसँग मात्र आर्थिक प्रस्ताव माग गरिनेछ।
४. अस्पतालको मौजुदा सूचिमा सूचिकृत नभएका उत्पादक/आधिकारिक विक्रेताहरुले मौजुदा सूचिमा सूचिकृत गराइ उल्लेखित शिलबन्दी प्रस्ताव पेश गर्न सक्ने छन्।
५. युएसजी मेशिनको विस्तृत स्पेशिफिकेशन हेटौडा अस्पतालको कार्यालय समयमा प्रशासन शाखा आई बुझ्न सकिने छ।

| क्र.स. | ठेक्का नं. | उपकरणको नाम | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | HH/CS/079/080-001 | USG Machine | Color Doppler USG Machine | १ | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ। |

## ऊर्जा क्षेत्रमा लगानी जुटाउन निफ्राको ऋणपत्र बिक्री शुरू

NIFRA
Nepal Infrastructure Bank Ltd.

काठमाडौं/मस- नेपाल पूर्वाधार बैंक (निफ्रा)ले ऊर्जा क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ 'निफ्रा ऊर्जा ऋणपत्र' बिक्री शुरु गरेको छ। सात वर्ष अवधिका लागि वार्षिक सात प्रतिशत ब्याज दिने शर्तमा ऋणपत्र बिक्री गर्न लागिएको हो। बैंकले प्रतिऋणपत्र रु एक हजार अङ्कित मूल्यका ५० लाख कित्ताले हुन आउने रु पाँच अर्ब बराबरको ऋणपत्रमध्ये ६० प्रतिशत अर्थात ३० लाख कित्ता ऋणपत्रले हुन आउने रु तीन अर्ब बराबरको ऋण पूँजी रकम व्यक्तिगत तबरबाट बिक्री गर्नेछ। साथै बाँकी ४० प्रतिशत अर्थात २० लाख कित्ताले हुन आउने रु दुई अर्ब बराबरको ऋणपत्र सर्वसाधारणलाई बिक्री गर्नेछ।

नेपाल धितोपत्र बोर्डले बैंकलाई गत कात्तिक २७ गते ऋणपत्र बिक्रीका लागि स्वीकृति दिएको थियो।बैंकले गत मंसिर २९ गतेदेखि ऋणपत्र बिक्री शुरु गरेको हो। ऋणपत्रको निष्काशन छिटोमा यही पुस ४ गते र ढिलोमा पुस १४ गतेसम्म बन्द हुनेछ। ऋणपत्रको बिक्री प्रबन्धकमा एनआइबिएल एस क्यापिटल लिमिटेड छ। पूर्वाधार क्षेत्रमा लगानी गर्ने लक्ष्यका साथ स्थापना भएको सो बैंकको अधिकृत पूँजी रु ४० अर्ब छ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

संस्था दर्ता ऐन २०३४ बमोजिम मिति २०६९/०९/०३ मा दर्ता भएको **दर्ता नं. १०८१५९ को क्राफ्ट हाउस प्रा.ली.** को मिति २०७९/०९/०१ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम संस्था दर्ता ऐन २०३४ को दफा २९ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८४१३४०४०३, ईमेल** : rokayasherbahadur723@gmail.com

### नाम परिवर्तन गरिएको सम्बन्धी सूचना

आखु इन्टरप्राइजेज प्रा.लि.को मिति २०७९।०२।११ गते बसेको संचालकहरुको विशेष साधारण सभाले यस कम्पनीको नाम परिवर्तन गरी आखु इन्टरप्राइजेज प्रा.लि. (Ankhu Enterprises Pvt.Ltd.) राख्ने निर्णय गरिएको र कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौबाट समेत मिति २०७९।०८।२६ मा स्वीकृति पाई सकेको कुरा सरोकारवाला तथा सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ।

**आखु इन्टरप्राइजेज प्रा.लि.**
**नागार्जुन न.पा -०१, काठमाण्डौ , नेपाल।**

**"आजको आवश्यक्ता, सामूहिक सहभागिता"**

### सामुदायिक सेवा केन्द्र

**(स्थानीय जनता र नेपाल प्रहरीको संयुक्त सहभागिता)**
**स्थाः २०५८, टोखा न.पा. -९, गोंगबु**

**विशेष साधारण सभासम्बन्धी अत्यन्त जरुरी सूचना !**

यस सामुदायिक सेवा केन्द्र, गोंगबुको तपशिलको मिति, समय र स्थानमा विधानको दफा ११ उपदफा १ को 'ग' र उपदफा ३ बमोजिम विशेष साधारण सभा सम्पन्न गर्नुपर्ने भएकाले संस्थाका आजीवन तथा साधारण सदस्यज्यूहरूलाई गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।

**प्रस्तावहरूः**
१. विधान संशोधन
२. आर्थिक प्रतिवेदन पेश
३. विविध

**तपशिल**
मितिः २०७९ पौष १६ गते शनिबार,
समयः बिहान ११ बजे,
स्थानः विष्णुमती (बि.एस.टि.) कलेज, टोखा न.पा.-९
(सामुदायिक सेवा केन्द्रको भवन अगाडि) नयाँ बसपार्क।

**राकेश सिंह**
**अध्यक्ष**

## Hatuwagadhi Rural Municipality

## Office of the Rural Municipal Executive

**Ghodetar, Bhojpur**
**Province no. 1, Nepal**

### Invitation For E-Bid for the following construction works as specified below

**First Date of publication: 2079/09/03**

1. Hatuwagadhi Rural Municipality Office of the Rural Municipal Executive, Ghodetar, Bhojpur, invites Electornic Bids from eligible bidders for the procurement of the following works.
2. All other information and BID document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp or may obtain at office during office time till the day before deadline date. All eligible bidders are requested to submit Bid/SQs as per instructions within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Total Cost Exclusive. VAT | Cost of the Bid Document | Method | Bid Security | Last Submission Date |
|---|---|---|---|---|---|---|---|
| 1 | Ghodetar Kawa Khola Sadak Nirman | HRM/CW/02/079-080 | Rs. 42,81,056.06 | Rs. 3000 | NCB | Rs. 1,25,000.00 | 03/10/2079 (12:00 pm) |
| 2 | Ghodetar Homtang Sunbaluwa Sadak Nirman | HRM/CW/03/079-080 | Rs. 42,80,832.32 | Rs. 3000 | NCB | Rs. 1,25,000.00 | 03/10/2079 (12:00 pm) |

**Information to deposit cost of bidding document**

Name of bank : Prabhu bank Ltd, Branch office Hatuwagadhi, Bhojpur.
Name of office : Hatuwagadhi Rural Municipality,Office of the Rural Municipal Executive,Ghodetar, Bhojpur.
Office account no. : **1560113798600010 HATUWAGADHI GA.PA. GA 1.1 ANTARIK RAJASWO KHAATA**

3. Electronic bids must be submitted to the office of **Hatuwagadhi Rural Municipality,Office of the Rural Municipal Executive,Ghodetar, Bhojpur** through PPMO website www.bolpatra.gov.np/egp
4. All other conditions of the bidding process will be as per the public procurement act 2063 and public procurement regulation 2064.

**Chief Administrative Officer**

# पाकिस्तानी विदेशमन्त्रीको टिप्पणीविरुद्ध भारतमा देशव्यापी प्रदर्शन



**काठमाडौं/एजेन्सी–** भारतीय जनता पार्टी (भाजपा)ले पाकिस्तानका विदेशमन्त्री बिलावल भुट्टो जर्दारीले प्रधानमन्त्री नरेन्द्र मोदीबारे गरेको टिप्पणीप्रति आपत्ति जनाउँदै देशव्यापी विरोध प्रदर्शन गरेको छ ।

शनिबार बिहान महाराष्ट्रको मुम्बई र पुणेमा एकैसाथ सयौँ भाजपा कार्यकर्ता र नेताहरु हातमा प्लेकार्ड लिएर प्रमुख स्थानमा भेला भएर पाकिस्तानका विदेशमन्त्रीले प्रधानमन्त्री मोदीविरुद्ध गरेको अपमानजनक टिप्पणीको विरोध गरे । उनीहरुले पाकिस्तान र पाकिस्तानका विदेशमन्त्रीको पुत्ला दहन गर्दै उनीहरुविरुद्ध नाराबाजीसमेत गरेका थिए ।

भाजपा राज्य अध्यक्ष चन्द्रशेखर बावनकुलेले पुणेमा विरोध प्रदर्शनको नेतृत्व गरेभने मुम्बईका विभिन्न भागमा एकत्र भएका सयौँ भाजपा कार्यकर्ता र नेताले प्रदर्शन गरे । उनीहरुले पाकिस्तान सरकार र विदेशमन्त्रीको आलोचना गर्ने गीत पनि बजाएका थिए । बिलावल भुट्टो जरदारीले मोदीविरुद्ध गरेको अपमानजनक टिप्पणीले देशभर आक्रोश सृजना गरेको छ । भाजपाले देशभरका सबै राज्यको राजधानीहरुमा विरोध प्रदर्शन गरिरहेको छ ।

संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालय न्युयोर्कमा आयोजित पत्रकार सम्मेलनमा पाकिस्तानी मन्त्रीले गरेको अपमानजनक टिप्पणीपछि भारतभर आक्रोश छाएको छ । भाजपाले बिलावल भुट्टोको टिप्पणीलाई अतिअपमानजनक र कायरताले भरिएको भन्दै पाकिस्तानको ध्वस्त अर्थव्यवस्था, अराजकता तथा त्यहाँ व्याप्त अराजकताबाट विश्वव्यापी ध्यान अन्यत्र मोड्न गरिएको बताएको छ । भाजपाले एक वक्तव्य निकालेर पाकिस्तानी विदेशमन्त्रीको अभिव्यक्तिले अन्तर्राष्ट्रिय जगत्मा पाकिस्तानको प्रतिष्ठा घटाएको जनाएको छ ।

गत बुधबार सुरक्षा परिषद्मा बोल्दै भारतका विदेशमन्त्री एस जयशंकरले परिषद्मा  कश्मीर मुद्दा उठाएकोमा पाकिस्तानको आलोचना गरेका थिए । भारतका विदेशमन्त्रीको अभिव्यक्तिप्रति असहमति जनाउँदै बिहीबार पाकिस्तानी विदेशमन्त्रीले प्रधानमन्त्री मोदीलाई 'कसाई' भनेर सम्बोधन गरे ।

भारतका विदेशमन्त्रीले सन् २००१को नोभेम्बर ११ मा अमेरिकामा भएको आतङ्कवादी हमलाका मुख्य योजनाकार ओसामा बिन लादेनलाई शरण दिएको, छिमेकी देशको संसद्मा पाकिस्तानले हमला गरेको पाकिस्तानलाई राष्ट्रसंघको शक्तिशाली अंग सुरक्षा परिषद्मा उपदेश दिने नैतिक अधिकार नभएको टिप्पणी गरेका थिए ।

'(म भारतलाई भन्न चाहन्छु) कि ओसामा बिन लादेन जीवित छैनन्, तर गुजरातको कसाई जीवित छ र उनी भारतको प्रधानमन्त्री हुन्,' भुट्टोले भने । उनले 'उहाँ (पीएम मोदी) प्रधानमन्त्री नहुँदासम्म उहाँलाई यो देशमा प्रवेश गर्न प्रतिबन्ध लगाइएको थियो । यी हुन् आरएसएसका प्रधानमन्त्री र आरएसएसका विदेशमन्त्री । आरएसएस भनेको के हो? आरएसएसले हिटलरको 'एसएस'बाट प्रेरणा लिएको छ,' पाकिस्तानी विदेशमन्त्रीले भनेका छन् । अहिंसाका अभियन्ता महात्मा गान्धीका हत्यारालाई भारतले नायक बनाएको पनि उनले बताए ।

पाकिस्तानका विदेशमन्त्रीले आफू स्वयम् आतंकवादको शिकार बनेको, आफ्नो देश पनि त्यसबाट प्रताडित रहेको बताउँदै पाकिस्तानले कहिल्यै पनि आतङ्कवादलाई प्रश्रय नदिएको दाबी गरेका थिए ।

# राष्ट्रसंघका महासचिवद्वारा माली आक्रमणको निन्दा



**काठमाडौं/एजेन्सी–** संयुक्त राष्ट्रसंघका महाचिव एन्टोनियो गुटरेसले मालीमा राष्ट्रसङ्घीय शान्ति सैनिकमाथि भएको आक्रमणको कडा शव्दमा निन्दा गरेका छन् । महासचिव एन्टोनियो गुटेरेसले शुक्रबार मालीमा गस्तीमा रहेको राष्ट्रसंघीय शान्ति सैन्यमाथि भएको आक्रमाणको निन्दा गरेका हुन् ।

अज्ञात बन्दुकधारीले शान्ति सैनिकको टोलीमाथि भएको आक्रमण गर्दा  एक जना महिलासहित दुई जना नाइजेरियाली शान्ति सैनिक मारिएका छन् भने चार जना घाइते भएका छन् । तिम्बक्टु शहर नजिकै गस्तीमा रहेका बेला उनीहरुमाथि आक्रमण भएको थियो ।

महासचिव गुटरेसले एक विज्ञप्ति निकालेर मृतकका शोक सन्तप्त परिवारका साथै नाइजेरियाको सरकार र जनताप्रति समवेदना व्यक्त गरेका छन् । उनले राष्ट्रसंघीय सैनिकलाई निशाना बनाएर आक्रमण गर्दा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत युद्ध अपराध हुने स्मरण गराउँदै माली सरकारलाई जघन्य आक्रमणका दोषीलाई पहिचान गरी तत्काल न्यायको दायरामा ल्याउन आग्रह गरेका छन् ।

सन् २०१२ देखि मालीमा सशस्त्र विद्रोह भइरहेको छ । जारी हिंसात्मक विद्रोहमा हजारौँ मारिएका छन् भने लाखौँ घर छोडेर भागेका छन् । मालीमा शान्ति कायम गर्न सन् २०१३ देखि शान्ति सेना तैनाथ गरिएको छ । द्वन्द्वग्रस्त देशमध्ये विश्वको सबैभन्दा जोखिमपूर्ण स्थान मालीमा १५ हजार दुई सय शान्ति सेनाका जवान क्रियाशील छन् । हालसम्म त्यहाँ दुई शान्ति सेनाको मृत्यु भएको छ ।

# 'लेबनानमा शरणार्थीहरुको खाद्य सुरक्षास्तर चिन्ताजनक'



**काठमाडौं/एजेन्सी–** लेबनानमा शरणार्थीहरुको लागि खाद्य सुरक्षाको स्तर अत्यन्त चिन्ताजनक  रहेको विश्व खाद्य कार्यक्रमका प्रतिनिधि र लेबनान देशीय निर्देशक अब्दल्लाह अल वार्दतले शुक्रबार बताएका छन् ।

लेबनानमा सिरियाली शरणार्थीहरुको सन् २०२२ जोखिम मूल्याङ्कनको प्रारम्भिक निष्कर्षमा संयुक्त राष्ट्रसंघ सूचना केन्द्रले जारी गरेको प्रतिवेदन माथि अलवार्दतको टिप्पणीमा सो बारे उल्लेख गरिएको छ ।

'सिरियाली शरणार्थीहरुको खानामा कटौती गरिएको छ, वयस्कहरुले आफ्ना बच्चाहरुलाई दिइने खानाको मात्रा कम गरिरहेका छन् र खाद्यान्न किन्नलाई प्राथमिकता दिन स्वास्थ्य र शिक्षा क्षेत्रमा खर्च कम गरिरहेका छन्,' प्रतिवेदनमा उल्लेख गरिएको छ ।

प्रतिवेदन अनुसार अधिकांश शरणार्थीको पारिवारिक ऋण बढ्दो छ, धेरैले खाना किन्न पैसा उधारो लिएका छन् र लगभग ८७ प्रतिशत परिवारहरुले खानालाई उनीहरुको मुख्य प्राथमिकताको रुपमा सूचीबद्ध गरेका छन् ।

लेबनानमा शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्तका प्रतिनिधि अयाकी इटोले भने, 'संयुक्त राष्ट्रसंघ शरणार्थी राहत निकाय र यसका साझेदारहरुले सबैभन्दा कमजोर अवस्थामा रहेका शरणार्थीहरुलाई मद्दत गर्न र अस्पताल र नगरपालिकालगायत लेबनानका सार्वजनिक संस्थाहरुलाई सहयोग गर्न जारी राखेका छन् तर यो पर्याप्त छैन ।' कमजोर अवस्थामा रहेका शरणार्थीहरु र लेबनानी परिवारहरुका लागि थप मद्दत तत्काल आवश्यक छ रहेको बताइएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

२. कम्पनी : UNITED GREENHOUSE COMPANY    शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०१/०४    चलानी नं.: ६०१७८००६    LT. No.: 261325    पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 11 | 0 | स. काममा दक्ष | 1000 | ३४,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ पुस १० गते (25 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ९००/०६७/०६८

## स्काई-वे म्यानेजमेन्ट प्रा. लि.

गौशला, काठमाडौं, नेपाल, फोनः ०१-४५६०१६०, ४५७१४७१
Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com


**Provincial Government**
**Ministry of Road Infrastructure & Urban Development**
**Transport Infrastructure Directorate**

# Infrastructure Development Office (IDO)

**Okhaldhunga**

## INVITATION FOR BIDS

**(IFB No.: 02-079/080)**
**for**
**Procurement of Fabricated Steel Parts for Trail Bridges**
**Date of First Publication: 18th Dec 2022 (2079/09/03)**

1. The State no. one invites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
2. Fabricators with experience of  successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years are eligible for the bidding. New fabricators may also apply in joint venture with an eligible fabricator having the required experience. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the minimum requirements.
3. Eligible Bidders/Fabricators may obtain further information and inspect the bidding documents at the office of Infrastructure Development Office, Okhaldhunga, Telephone no.: 037-520101 or may visit PPMO e-GP System **http://www.bolpatra.gov.np/egp**
4. Bidding documents may be purchased from the office of Infrastructure Development Office, or **www.bolpatra.gov.np** by eligible Fabricator, on submission of a written application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until 30 days from the first date of publication of this notice i.e Monday, January 16, 2023 (2079/10/02).
5. Bidder have option to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website **www.bolpatra.gov.np/egp**. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document stated in the below table in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit  voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of Bank :- Rastriya Banijaya Bank**
   **Name of Office :- Infrastructure Development Office, Okhaldhunga**
   **Office Code no :- 3370110011**
   **Office Account no :- 1000100200010000**
   **Rajaswa (Revenue) no :- 14229.**
6. Bids must be submitted to the office of Infrastructure Development Office Okhaldhunga through PPMO website **www.bolpatra.gov.np/egp** on or before 12:00 noon on Tuesday, January 17, 2023 (2079/10/03). Documents received after this deadline shall not be accepted.
7. Bids will be opened at 13:00 Hrs on Tuesday, January 17, 2023 (2079/10/03) in the presence of Fabricator' representatives who choose to attend at Infrastructure Development Office, Okhaldhunga. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of 2.5 % of the quoted Bid amount (inclusive of VAT), which shall be valid for 30 days beyond the bid validity period.
8. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in the following deposit account and the bidders should submit bank deposit voucher in **www.bolpatra.gov.np/egp** along with the bid.
   **Account Name of Bank :- Rastriya Banijaya Bank**
   **Name of Office :- Infrastructure Development Office, Okhaldhunga,**
   **Account no :- 2070100202030000 (Dharauti Khatta**
   **Office Code no :- 3370110011**
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. Pre-Bid Meeting shall be held at the office of Infrastructure Development Office, Okhaldhunga at 13:00 hours on Sunday, January 8, 2023 (2079/09/24).
11. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
12. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 and other prevailing rules and regulations of Nepal.
13. The name and identification of the contract are as follows:

| S.N. | Contract ID | Description of Work (Fabrication Package) | Estimated Amount (Excluding VAT), NRs. | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1.0 | IDO-OKHAL -NCB-FSP-TB-01-079/080 | Fabrication of steel parts and transportation up to road heads of Six Trail Bridge for Different Municipalities (Location) of Okhaldhunga District. | 85,40,757.07 | 2,42,000.00 | 3000.00 |
| 2.0 | IDO-OKHAL -NCB-FSP-TB-02-079/080 | Fabrication of steel parts and transportation up to road  heads of Five Trail Bridge for Different Municipalities (Location) of Solukhumbu District | 75,31,803.44 | 2,14,000.00 | 3000.00 |

# बक्स अफिस समाचार

## 'नयाँ प्रविधिले दुर्गमसम्मका आममानिसमा गीतसंगीतको पहुँज सहज भयो'

पुर्वेली लोक गीतमा एकसमय निकै चलेका गायक तथा लय संकलक हुन् अर्जुन घिमिरे । स्कुले जीवनबाट नै गायनमा लागेका घिमिरेले बि.सं.२०६१ सालबाट पूर्णरुपमा कलाकारितामा लागेका हुन् । उनको पहिलो गीति एल्बम "पुर्वै पर्यो ओखलढुंगा छेउमै पर्यो घर" रहेको छ । आफ्नै जन्मथलो र जिल्लालाई समेटेर तयार पारिएको यो गीतले अर्जुन घिमिरेलाई पहिलो पटक नै उचाइमा पुर्याएको थियो । यो गीतमा उनलाई भरत घिमिरे र गायिका सिन्धु मल्लले गायनमा साथ दिएका थिए । यहि गीतबाट सांगितिक क्षेत्रमा प्रवेश गरेका घिमिरेका अहिलेसम्म थुप्रै गीत स्रोतामाझ आइसकेको छन् । पहिलो गीत रेकर्डपछि उनका लगातार "म त ड्राइभर दाइ, मासु पाँडाको, जिम्मलका छोरी, ठान्यौ सानी कच्चा, तिमी मेरो मनमा" लगायत थुप्रै गीतहरु रहेका छन् । अर्जुन घिमिरेको दोस्रो गीतलाई पुर्वप्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड"ले बि.सं २०६५ सालमा ओखलढुंगाकै पोकलीमा विमोचन गरेका थिए । एकपछि अर्को सफलता प्राप्त गरिरहेका घिमिरे ओखलढुंगामा नै रहेको हिमचुली जनजागरण युवा क्लबको अध्यक्ष हुँदै पछिल्लो समय राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान ओखलढुंगा जिल्लाको प्रवक्ताका रुपमा निर्वाचित भएका छन् । उनै गायक घिमिरेसँग मध्यान्ह दैनिकका सानु श्रेष्ठले गरेको संक्षिप्त कुराकानी :


अर्जुन घिमिरे, गायक

**के छ हालखबर ?**

अहिलेसम्म एकदमै ठिक छ । घरमा नै बसिबसाइ छ, बाहिर खासै काम पनि छैन ।

**मेला महोत्सव त चलिरहेको छ नि ?**

कहिले काहीँ फ्याट्ट फुट्ट भइरहेको छ । पहिलोको तुलनामा अहिले निकै कम छ अहिले ।

**किन यस्तो अवस्था आयो ?**

सधैंभरि हामीले नै गर्नुपर्छ भन्ने छैन । पछिल्लो युवापुस्ताहरुलाई पनि त ठाउँ दिनुपर्यो नि होइन र ? त्यस कारण बोलाएको ठाउँमा पुगेकै हुन्छु, नबोलाई त कसरी जानु ।

**सांगीतिक क्षेत्रमा प्रवेश गर्नुभएको निकै वर्ष भयो है ?**

मैले सांगितिक क्षेत्रमा प्रवेश गरेको दुई दशक हुन लाग्यो । ओखलढुंगाको पोकली भन्ने गाउँबाट म काठमाडौं पढ्न र यसै बसेर गीतहरु निकाल्छु भनेर आएको थिएँ । काठमाडौं आएपछि यहाँको माहोल आफूले सोचे अनुसारको रहेनछ । माहोल फरक पाएपछि पढाइमा खासै रुची बढेन । गीतसंगीतमा नै बढी रमाउन थालें । मेरो करिब दुई दशक जीवनयात्रा गीत संगीतमै सकियो । अहिले पनि यसैलाई निरन्तरता दिइरहेको छु ।

**तपाईंको पालामा त गीत संगीत क्यासेटमा हुन्थ्यो होइन ?**

हो नि । मैले गायनमा शुरुवात गर्दा गीतहरु क्यासेटको चलन थियो। अहिले जस्तो युट्युब, पेन ड्राइभन भन्ने थिएन । गीतहरु क्यासेटको ए साइड र बी साइडमा राख्ने गरिन्थ्यो । एउटा एल्बममा लोक गीतहरु २ वटा राख्थे भने कसै कसैले ३ वटा पनि राख्थे। मैले गीति एल्बम निकाल्दा क्यासेटको बिक्री अत्यधिक हुन्थ्यो । गाउँघरमा हुने मेलापात, पुजा अर्चना हुँदा हरेक कार्यक्रममा गीतहरु क्याटेसबाट धन्काइन्थ्यो। अहिलेको जस्तो कहाँ थियो र, नेट भएपछि मोबाइलमा नै गीत बजाउन मिल्ने ? क्यासेटपछि सिडी भिसिडीको समय आयो । तर, यो धेरै समय टिकेन । नयाँ प्रविधि तथा टेक्नोलोजीले नेपालमा नेटको प्रवेश भयो । यसले सुगम देखि दुर्गमसम्मका आममानिसमा पहुँज आएपछि क्यासेट र सिडीको समय सकिएको हो । अहिले हरेक मान्छेलाई जो जहाँ भए पनि या बसेपनि नेटको माध्यमबाट जुनसुकै गीत तुरुन्त सुन्न सकिन्छ। यसलाई राम्रै मान्नुपर्ला ।

**प्रविधिले यतिको फड्को मारिरहेको अवस्थामा पछिल्लो समय पुर्वेली गीतको अवस्था कस्तो छ ?**

अहिले पुर्वेली गीतहरु फ्याट्ट फुट्ट बजारमा आइरहेका छन् । तर पहिलाको तुलनामा अहिले थोरै मात्रामा र सीमित मात्रामा निस्केको जस्तो लाग्छ ।

**तपाईंको विचारमा पुर्वेली गीत बजारमा कम सुनिन थालेको हो ?**

कम भन्दा पनि पश्चिमेली गीतहरुले पुर्वेली गीतलाई छपक्कै छोपेको जस्तो लाग्छ । पहिलाको तुलना गर्दा अहिले कम मात्रा पुर्वेली गीत रेकर्ड भएका हुन् कि ।

**तपाईंहरुको पालामा राम्रै घन्किएका पुर्वेली गीत पछिल्लो समय किन पछि पर्यो ?**

पहिलाको तुलनामा अहिले स्रोताहरु भाइरल गीतको पछि लागेका छन् । जुन गीत भाइरल भयो स्रोता तथा दर्शक त्यसैको पछि दौडिएका छन्। सायद यसैका कारण राम्रा गीत ओझेलमा परेको हो की भन्ने मलाई लाग्छ । पुर्वेली गीत बजारमा नआएका भने होइनन् । दैनिक जसो गीतहरु रेकर्ड भइरहेका छन्। तर अन्यको तुलनामा अहिले कम भएको हो ।

**गीतसंगीतमा कहिलेकाही ठगिएका समाचारहरु बाहिर आउने गरेका छन् । तपाईं पनि कतैबाट ठगिनु भयो कि भएन ?**

गीतसंगीतमा मलाई अहिलेसम्म कसैले ठग्न सकेका छैनन्। म नयाँ नयाँ हुँदा चाहिँ केहीले ठग्ने प्रयास गरेका थिए। तर पछि कुरा मिल्यो। हरेक क्षेत्रमा राम्रा र नराम्रा दुबै खालका मान्छेहरु भेटिन्छन् । यो सांगितिक क्षेत्र चाहिँ स्रोता दर्शकको चासोको विषय हुँदा बाहिर आउने गरेको हो । हरेक ठाउँमा यस्ता मान्छेहरु हुन्छन्। दश हजार लाग्ने ठाउँमा २० हजार लिने, काम नगर्दिने वर्षौं झुलाइदिने कामहरु हुन्छन्। मैले पनि देखेको छु, सुनेको छु। तर आफुले चाहिँ भोगेको छैन ।

**अबको योजना के छ ?**

केही गीतहरु छिट्टै बजारमा ल्याउने तयारी गर्दैछु भने 'ख्याल ख्यालमा' नामक सिरियलमा समेत अभिनय गरिरहेको छु । यसैलाई निरन्तरता दिने सोच छ। यो बाहेक अन्यतिर अहिले सोचेको छैन ।

## 'महापुरुष'ले मनायो ५१ औं दिन

काठमाडौं/मस- प्रदर्शनको आठौं हप्तामा प्रवेश गरेको चलचित्र 'महापुरुष'ले शनिबार काठमाडौंसहित मोफसलका केही हलहरूमा प्रदर्शनको ५१ औं दिन पार गरेको छ। कोरोना महामारीपश्चात हलमा दर्शक घट्ने अनुमान गरिए पनि यही वर्ष 'कबड्डी ४: द फाइनल म्याच' पश्चात यसले ५१ औं दिन पूरा गर्दै घरेलु बक्स अफिसबाट नै रु १० करोड कमाउन सफल भएको छ । चलचित्रका लेखक तथा निर्देशक प्रदीप भट्टराई सफलताले दायित्व बोध बढेको बताउँछन् ।

'दर्शकको साथले थप ऊर्जा मिलेको छ,' उनले भने । नेपाल मात्र नभइ अमेरिकामा समेत आठौं हप्तामा चलचित्र प्रदर्शन भइरहेको छ। नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय बजारमा विस्तार गर्न मद्दत पुगेको निर्देशक भट्टराईको भनाइ छ । उनले यस अगाडि निर्देशन गरेका जात्रा, शत्रु गते र जात्रैजात्रा चलचित्रले समेत ५१ औं दिन पार गरेका थिए ।

'मह सञ्चार'सँग डेढ दशकसम्म टेलीचलचित्रमा सहायक भएर सहकार्य गरेपछि निर्देशक बनेका भट्टराईले सफलताको श्रेय मह जोडी अर्थात् मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यलाई नै दिन्छन् । 'उहाँहरूबाट नै सिकेर निर्देशन गर्न पाएको छु । स्कुल पढेर दिएको परीक्षामा पास भए झैं महसुस भएको छ,' उनले भने ।

अमेरिका भ्रमण सकेर नेपाल फर्किएका अभिनेता आचार्यले निर्देशक भट्टराई शुरुवाती दिनदेखि नै प्रतिभावान् रहेको बताए । 'टेलीचलचित्र हामीले उहाँलाई जिम्मा लागाउँथ्यौं । उहाँको कामले हाम्रो मन जितिसकेको थियो । आज चलचित्रमा समेत सफल हुँदा खुसी लाग्छ,' अभिनेता आचार्यले भने ।

चलचित्रमा मह जोडीसँगै गौरी मल्ल, राजाराम पौडेल, रवीन्द्रसिंह बानियाँ, शिरू विष्टसँगै नवप्रस्तुतिमा अरुण क्षेत्री र अञ्जना बराइली मुख्य भूमिकामा छन् । चलचित्रमा एक्लोपनको कथा देखाइएको छ ।


**लेटाङ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**लेटाङ, मोरङ**
**प्रदेश नं. १, नेपाल**

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९/०९/०३**

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२ क. र नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा १६ को व्यवस्था बमोजिम तपसीलमा उल्लिखित नदीहरुको स्वीकृत नाकाहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नबिकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| ठेक्का नं. | बोलत्रको नाम | न्यूनतम बोलपत्र रकम (मू.अ. कर सहित) | संकलन र उत्खनन गर्न पाउने अधिकतम परिमाण (घनमिटर) | बोलपत्र दस्तुर | माध्यम |
|---|---|---|---|---|---|
| LM/MOR/NCB/REV/01/2079-80 | मोरङ्गी, चिसाङ र तेली खोलाबाट नदिजन्य पदार्थ उत्खनन् तथा बिक्री | ४,३७,७८,८२७.५० | १,८२,९८८.५० | ५,०००/- | E- Bidding |

**शर्तहरु:**

१. बोलपत्र दस्तुर बापतको रकम रा. वा. वैंक लेटाङमा रहेको आन्तरिक राजस्व खाता, खाता नं **२४५०१००३०१०१०००२** मा जम्मा गर्नुपर्नेछ ।
२. यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२:०० वजे भित्रमा **www.bolpatra.gov.np** बाट E–Bidding को माध्यमवाट वोलपत्र पेश गर्नु पर्नेछ । फर्म वा कम्पनीले बोलपत्र पेश गर्दा आफूले कबूल अंक (मुअ कर सहित) को ५ प्रतिशतले हुन आउने धरौटी रकम रा.वा. बैक लेटाङमा रहेको धरौटी खाता नं **२४५०१००३०३००००२** मा जम्मा गरेको सकल भौचर वा नेपाल राष्ट वैंकवाट मान्यता प्राप्त वाणिज्य वैक वाट जारी भएको बोलपत्र खोल्ने दिनदेखि कम्तिमा १२० दिन मान्य भएको बैक जमानत पत्र, फर्म वा कम्पनीको नबिकरण भएको प्रमाणपत्र, स्थाई लेखा नम्वर प्रमाणपत्र प्रतिलिपि र आ.व.२०७८/०७९ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि बोलपत्र दस्तुर जम्मा गरेको भौचर र नागरिकताको प्रतिलिपि पेश गर्नुपर्नेछ। पेश भएका वोलपत्रहरु सोहि दिनको १:०० वजे कार्यालयका प्रतिनिधि र निर्माण व्यवसायी वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनीधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।
३. बोलपत्र फारम भर्दा कबूल रकम अक्षर र अंकमा स्पस्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइनेछैन ।
४. प्रि बिड मिटिङ २०७९/०९/२२ गते दिनको ११:०० बजे नगरपालिकाको कार्यालयमा बस्नेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हाँसिल गर्न सक्नुहुनेछ ।
५. म्याद नाघी, रीत नपुगि वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
६. एकमुष्ट रुपमा वुझाइ सम्झौता गर्ने फर्म वा कम्पनीले लेटाङ नगरपालिका सार्वजनिक खरिद नियमावली २०७६ को नियम १४१ को उपनियम २ वमोजिम कार्यपालिकाको निर्णय अनुसार वढिमा १० प्रतिशतसम्म छुट दिइनेछ। किस्तामा वुझाउन चाहेमा प्रथम किस्ता बापत कबूल गरेको (मुअकर सहितको) ६० प्रतिशतले हुन आउने रकम अनिबार्य रुपमा सम्झौता गर्दाको समयमा बुझाउनु पर्नेछ। दोस्रो किस्ता चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ। दोस्रो किस्ता बापत ४० प्रतिशतले हुन आउने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८० साल भाद्र मसान्त सम्म म्याद सहित जारी गरिएको बैक ग्यारेन्टि समेत पेश गरी पट्टा उठाउनु पर्नेछ। बोलपत्र कबूल गर्ने फर्मले आफुले कबूल गरेको मुअकर बाहेकको अंकमा नियमानुसार १३ प्रतिशतले हुन आउने मुअकर समेत सम्झौता गर्दाको बखत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।
७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस नगरपालिका अन्तर्गतका नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सन्चालन ऐन, २०७४, यस स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदन्ड बमोजिम हुनेछ। साथै यस नगरपालिकाबाट गरिएको प्रारम्भिक बातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अंग हुनेछ ।
८. ठेक्का अबधि २०८० साल जेष्ठ मसान्त सम्म रहनेछ ।
९. ठेक्का सम्वन्धमा विस्तृत जानकारीको लागि नगरपालिकामा सम्पर्क गर्न सक्नुहुनेछ ।
१०. अन्य कुराहरु प्रचलित कानून वमोजिम हुनेछन ।

**प्रमुख प्रशासकीय अधिकृत**



**Invitation of Electronic Bids**

**Urlabari Municipality**
**Office of Municipal Executive**
**Urlabari, Morang**
**Province no. 1, Nepal**

**Date of Publication: 2079/09/03( 18th of December 2022)**

1. The Urlabari Municipality office,invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-Blaacktop Road-Ward 3 & 6-W-NCB-03-079/80 | "Construction of Blacktop Road at Ramnagar Chowk to Simsar ward-3, Thapa Chowk to Chandane to Sikti ward 3 & Sachet Marga ward 6 | 82,41,670.00 | 2,06,100.00 | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



# बडी बिल्डिङमा इतिहास रच्ने प्रयासमा दाङका भाविन विश्वकर्मा

दाङको घोराहीमा जन्मिएका भाविन विश्वकर्मा अहिले जापानको राजधानी टोकियोमा छन् । उनी बडी बिल्डर हुन् । २५ वर्षीय विश्वकर्मा फिजिक डिभिजन अन्तर्गत विभिन्न प्रतिस्पर्धामा सहभागी बन्दै आइरहेका छन् । १७ वर्षको उमेरमा सोखको रुपमा अगाडि बढेका उनी अहिले एक पेसेवर बडी बिल्डर हुन् । शुरुमा उनले यो पेसालाई त्यस्तो गम्भीर रुपमा लिएका थिएनन् । तर शरीरमा परिवर्तनहरु देखा पर्न थालेपछि उनलाई यो पेसाप्रतिको लगाव बढ्दै गयो ।

सन् २०१५ मा एक पेसेवर एवं प्रतिस्पर्धामा भाग लिँदै आएका एक जनासँग उनको भेट भयो । त्यसपछि मात्रै उनले बडी बिल्डरको बारेमा जानकारी लिने मौका पाए । व्यावसायिक रूपमा प्रतिस्पर्धा गर्दै आएका व्यक्तिहरुले स्टेजमा गरेको प्रदर्शन हेरेपछि उनले धेरै कुराहरु सिक्ने अवसर पाए । 'बडी बिल्डरको बारेमा पहिले जे जति बुझेको थिएँ, स्टेजमा प्रदर्शन हेरेपछि झन् गम्भीर बन्ने निर्णयमा पुगेँ' उनी भन्छन् ।

■ **यात्रामा प्रेरणा**

उनले जापानको एनपीसीजेमा २०१६ मा पहिलो पटक प्रतियोगितामा सहभागि हुने अवसर पाए । जहाँ उनी अन्तिम स्थानमा उभिएको थिए । पहिलो सहभागितामा उनी अन्तिम स्थानमा उभिनु नै उनका लागि एक प्रेरणाको कारक थियो । 'अहिले म अन्य धेरै प्रतिस्पर्धामा सहभागी बन्दै आइरहेको छु, तर मैले चाहे जस्तो सफलता पाउँन सकिरहेको छैन' उनी भन्छन् । शरीरको आकारमा पहिलेभन्दा धेरै परिवर्तन आएकोमा उनी सन्तुष्ट छन् ।

■ **प्रो कार्डका लागि प्रयास**

उनले सन् २०१७, २०१९ र २०२१ मा प्रो कार्डका लागि क्षेत्रीय प्रतियोगितामा सहभागिता जनाएका थिए । तर उनले प्रो कार्ड प्राप्त गर्न सकेनन् । तर पनि उनी निराश बनेनन् । यस्तै उनले 'मसल कन्टेस्ट जापान २०२१' मा सहभागिता जनाए । ३५ प्रतिस्पर्धी सहभागी भएको प्रतियोगितामा उनले तेस्रो स्थान प्राप्त गर्न सफल भए ।

■ **प्राप्त उपलब्धि**

यस वर्ष २०२२ मा भने उनले छलाङ लिए । उनले अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्ने निर्णय गरे । पहिलो पटक नेदरल्याण्डमा भएको प्रतियोगितामा सहभागी हुने अवसर पाए । उनको लागि जुन अर्को योग्यता देखाउँछ । जहाँ उनले पुरुषको फिजिकमा उनको कक्षा र समग्र उपाधि जितेको थियो । जुन उनको पहिलो स्वर्ण थियो । उनी भन्छन्, 'मेरो समग्र उपाधि जितले मलाई प्रो कार्डको लागि योग्यता प्रदान गऱ्यो । त्यसैले मैले फ्रान्समा प्रतिस्पर्धा गरे ।'

प्रो कार्डको लागि जहाँ ४६ व्यक्तिहरू मध्ये तेस्रो स्थानमा थिए । उनी भन्छन्, 'विश्वभरका उत्कृष्ट खेलाडीहरूमध्ये ३ स्थानमा पुग्नु र प्रो कार्ड प्राप्त गर्न दुई स्थान गुमाउनु मेरो लागि ठूलो उपलब्धि हो ।'

**लक्ष्य**

उनी प्रो कार्डको लागि २०२३ प्रतियोगिताको तयारीमा छन् । विश्वकर्मा भन्छन्, 'कडा मेहनत गरिरहेको छु । आशा छ प्रो कार्ड पाउने र पुरुष फिजिक डिभिजनमा प्रो कार्ड प्राप्त गर्ने र अन्तर्राष्ट्रिय स्तरमा नेपालको प्रतिनिधित्व गर्ने र आउने युवा बडीबिल्डरहरूलाई उत्प्रेरित गर्ने र प्रेरित गर्ने पहिलो नेपाली बन्छु ।'

**अन्तिम लक्ष्य**

प्रो. कार्ड र टर्न प्रो पाएपछि आफु प्रो शोहरूमा प्रतिस्पर्धा गरिरहने उनी बताउँछन् । इतिहास रच्ने पहिलो नेपाली बन्ने र विश्वको सबैभन्दा ठूलो ओलम्पिया चरणको लागि योग्य हुने उनको अन्तिम लक्ष्य रहेको छ ।

# शिभाली च्याम्पियन

काठमाडौं/मस- नेपालकी शिभाली गुरुङ २० औं जयकर स्मृति एटीएफ यु-१४ टेनिस प्रतियोगिताअन्तर्गत सर्किट- १ को गर्ल्स सिंगल्समा शनिबार च्याम्पियन बनेकी छन् । सातदोबाटोस्थित टेनिस कोर्टमा भएको फाइनलमा शिभालीले नेपालकै आद्या पौड्याललाई ६-४ र ६-१ को सोझो सेटमा पराजित गर्दै दोहोरो स्वर्ण जितिन् । यसअघि शिभालीले नेपालकी स्वस्तिका विष्टसंग मिलेर गर्ल्स डबल्समा स्वर्ण जितेकी थिइन् ।

ब्वाइज सिंगल्समा भारतका भिभान मिर्धाले नेपालका आयुशमान हजुर घलेलाई शुक्रबार फाइनलमा ५-७, ७-६ (३) र ६-२ ले हराउदै पहिलो स्थान हात पारेका थिए ।

नेपाल टेनिस संघको सहयोगमा मन जयकर टेनिस एकेडेमीद्वारा आयोजित प्रतियोगितामा शनिबारै भएको ब्वाइज डबल्समा भारतका सिद्धार्थ जिबु र भिभान मिर्धाको जोडी पहिलो भए । फाइनलमा उक्त जोडीले पाकिस्तानका जोहेब अफ्जल मलिक र यमनका हमुद इयाडको जोडीलाई सीधा सेटमा ६-४ र ६-४ ले पाखा लगाए । विजेतालाई नेपाल टेनिस संघकी अध्यक्ष ज्योति राणा, नेपाल टेनिस संघका पूर्व अध्यक्ष मनोज राणा, नेपाल टेनिस संघका उपाध्यक्ष केशवराज पाण्डे, प्रतियोगिता निर्देशक मालिका बस्नेत राणालगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे ।

छदिने प्रतियोगितामा २६ ब्वाइज र १७ गर्ल्स गरी ४३ खेलाडी सहभागी थिए । सिंगल्स र डबल्समा प्रतिस्पर्धा भएको थियो । एसियाली टेनिस महासंघको स्वीकृतिमा सञ्चालित प्रतियोगिताअन्तर्गत सर्किट- २ का खेलहरु सोमबारदेखि हुने नेपाल टेनिस संघका कार्यालय सचिव प्रवीण देवकोटाले जनाएका छन् ।

# रुट अफ नेपाल तेक्वान्दो पुस्तक विमोचित

काठमाडौं/मस- नेपाली तेक्वान्दोको विकास र विस्तारमा महत्वपूर्ण योगदान पुऱ्याएका जे के सिनद्वारा लिखित रुट अफ नेपाल तेक्वान्दो नामक पुस्तक शनिबार विमोचन गरिएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री एवं नेपाल ओलम्पिक कमिटी (एनओसी) का अध्यक्ष जीवनराम श्रेष्ठ, पूर्व मन्त्री किसान श्रेष्ठ, पूर्व मन्त्री केशरबहादुर विष्ट, राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ, एनओसीअन्तर्गत स्पोर्ट्स फर अल कमिसनका अध्यक्ष विष्णुगोपाल श्रेष्ठले एक कार्यक्रमबीच पुस्तक विमोचन गरे ।

चन्डोलस्थित कुन्दलिनी दरबार बैंक्युटमा भएको कार्यक्रम सिनका चेलाहरु रत्न पुन, चन्द्र गुरुङ, इन्द्र गुरुङ र डा. सुधा सेन मल्लले आयोजना गरेका हुन् ।

कार्यक्रमका वक्ताहरुले नेपाली तेक्वान्दोको विकास र विस्तारमा सिनको ठूलो योगदान रहेको बताउदै तेक्वान्दोका ऐतिहासिक व्यक्तित्वको पुस्तक विमोचन गर्न पाउनु गर्वको विषय धारणा व्यक्त गरे ।

**Malaysia मा रोजगार** | कम्पनी : AEON DELIGHT (MALAYSIA) SDN.BHD. शहर: KAULA LUMPUR

पुर्व स्वीकृत मितिः २०७९/०३/२३ चलानी नं.: ६०१८२७५१ LT. No.: 266825 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 7 | 0 | स. काममा दक्ष | 1500 | ४४,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : FELDA PLANTATION MANAGEMENT SDN BHD शहर: KAULA LUMPUR

पुर्व स्वीकृत मितिः २०७९/०१/०७ चलानी नं.: ६०१७८१५१ LT. No.: 261843 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation Worker | 38 | 0 | स. काममा दक्ष | 1200 | ३५,८९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ पुस १० गते (25 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Creative Placement Services Pvt. Ltd.**
Basundhara, Kathmandu, Tel: 01-5903365, 5903396, P.O.Box No.: 21498
Mobile: 9823529647
E-mail: creativeplacement2002@gmail.com, website: www.creativenepal.org
Govt. Lic. No. 289/058/059

**UAE मा रोजगार** | कम्पनी : DUBAI TAXI CORPORATION (ROADS AND TRANSPORT AUTHORITY) शहर :UAE

पूर्व स्वीकृत मितिः २०७९/०७/०६ चलानी नं.: ६०१८९९४२ L.T. No.: 273366 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब UAE | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dubai Taxi Drivers (Holding Valid Uae/gcc/hcl Ligh | 300 | 0 | स. काममा दक्ष | 2000 | ७१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता Interscaff Training Center, काठमाडौंमा २०७९ पुष ११ र १२ गते (26 & 27 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**मदरल्याण्ड ओभरसिज प्रा. लि.**
प्रगतिटोल-08 धुम्बाराही, काठमाडौं, Fax: 436474
फोन: ०१–४९६११११, मोबाइल: ९८५१०४८५९९, ९८५१०४५७११ र ९८४९१६६०८८
Email : cv@motherlandoverseas.com
श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०

**कुवेतमा रोजगार** | १. कम्पनी: ATILY NANA DESIGN COMAPNY शहर: Kuwait

पुर्व स्वीकृत मितिः २०७९/०९/०२ चलानी नं.: ६०१९३४४९ L.T. No.: 277873

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Female | 0 | 25 | स. काममा दक्ष | 130 | ५६,०४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: GOLDEN AFRAH CORPORATION TO DELIVER CONSUMER ORDERS COMPANY शहर: Kuwait

पुर्व स्वीकृत मितिः २०७९/०९/०१ चलानी नं.: ६०१९३४५० L.T. No.:277872

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bike Driver / Reporter | 25 | 0 | स. काममा दक्ष | 140 | ६०,३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १० गते (25 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | कामदारले ब्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ERAM OVERSEAS PVT. LTD.**
Sinamangal-09, Kathmandu, Tel.: 9810391155
Email: eramoverseas074@gmail.com
Web: www.eramoverseas.com
Govt.Lic.No 1562/079/080

## Kanepokhari Rural Municipality
## Office of Rural Municipal Executive

**Bayarban, Morang**

**Province No.1, Nepal**

### Invitation for E-bid

**First Date of Publication: 2079/09/03 (18 DEC 2022)**


**IFB NO: KRM/NCB/04/CIVIL/079/80**

1. **Kanepokhari Rural Municipality, Bayarban, Morang** invites **E-bid** from eligible bidders for following works under National Competitive Bidding. All other information and Bid documents can be downloaded from the PPMO'S website **www.bolpatra.gov.np/egp**. **The bidding procedure will be Single Stage Single Envelope and E-bid only.**
2. Information to deposit the cost of bidding document in Bank:
   **Rajaswa Khata No. (Revenue Account)**
   **Office Name : Kanepokhari Rural Municipality, Bayarban, Morang**
   **Bank Name : NIC Asia Bank**
   **Bank Address : Ramailo Branch**
   **Account Number : 133CA50021460002 (Rajaswa)**
   **For Security Deposit (Dharauti Khata) No: D3CA000455752407**
   Eligible Bidders may obtain further information and inspect and inspect the Bidding Documents at the office of **Kanepokhari Rural Municipality, Bayarban, Morang.**
3. **Pre-bid meeting** shall be held at **Kanepokhari Rural Municipality, Bayarban, Morang** ***2079/09/18 (2023 JAN 02) 14:00 hrs.***
4. The bidders shall submit their e-bid in PPMO'S website **www.bolpatra.gov.np/egp** before ***2079/10/03 (2023 JAN 17) 12:00 hrs***. The bids will be opened from the PPMO'S website **www.bolpatra.gov.np/egp** in the presence of Bidders' representatives who choose to attend at ***2079/10/03 (2023 JAN 17) 13:00 hrs*** at the office of **Kanepokhari Rural Municipality, Bayarban, Morang.**
5. Bid security must be valid for a period of **90 days as stated below** for after bid opening and must be accompanied by a bid amounting to a minimum of **as specified below** which shall be valid for **30 days beyond the validity period (i.e. 120 days)** of the bid after **deadline of Bid submission date.**
6. If the last date of Pre-Bid meeting and Bid Opening Day falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bidders may submit modification or withdrawal prior to the deadline of bid submission. Once a Bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid.
8. Other information not mentioned above is as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 (Amended).
9. The employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

| Contract No. | Descriptions of Works | Minimum Bid Security NRs. | Price of Bid Document NRs. |
|---|---|---|---|
| KRM/NCB/04/CIVIL/079/80 | CONSTRUCTION OF PEOPLES' HOUSING UNIT AT KANEPOKHARI RURAL MUNICIPALITY, WARD 2 | 2,20,000.00 | 3,000.00 |

**Chief Administrative Officer**

# एक खर्ब ६० अर्ब लाग्ने ‘सुनकोसी–तेस्रो’ जलाशययुक्त आयोजनाको इआइए स्वीकृत



**काठमाडौं/रासस** – ‘सुनकोसी-तेस्रो’ (६ सय ८३ मेघावाट) जलाशययुक्त विद्युत् आयोजनाको वन मन्त्रालयले वातावरणीय प्रभाव मूल्यांकन (इआइए) स्वीकृत गरेको छ । काभ्रेपलाञ्चोक भएर बग्ने सुनकोसी नदीमा निर्माण हुने आयोजनाको इआइए स्वीकृत भएपछि निर्माणको बाटो खुलेको छ ।

मन्त्रालयद्वारा गत कात्तिक अन्तिम साता इआइए स्वीकृत भएपछि आयोजनाको थप प्रक्रिया अघि बढाइने ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ । मन्त्रालयको विद्युत् विकास विभागका इन्जिनियर सुवास थपलियाका अनुसार आयोजना निर्माणका लागि चार हजार १३ हेक्टर जमिन आवश्यक पर्ने देखिएको छ । गत जेठमा आयोजनाको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको विद्युत् विकास विभागले अध्ययन सकेर वन तथा वातावरण मन्त्रालयमा प्रतिवेदन पेस गरेको थियो ।

अध्ययनबाट आयोजना क्षेत्रअन्तर्गत काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, सिन्धुली र रामेछाप जिल्लाका करिब १६ सय परिवार विस्थापित हुने अध्ययनले देखाएको छ । उनका अनुसार आयोजनाको विसं २०७४ देखि अध्ययन शुरु गरिएको थियो । काभ्रेपलाञ्चोकको तेमाल गाउँपालिकाका आठवटा वडा बाँध, विद्युत्गृह र डुबान क्षेत्र पर्नेछ भने रामेछापको खाँडादेवी गाउँपालिका बाँध र डुबान क्षेत्र तथा अन्य जिल्लाको प्रभावित क्षेत्र डुबान क्षेत्रमा पर्ने अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ । आयोजनाबाट सिन्धुपाल्चोकको तीन गाउँपालिका र दुई नगरपालिका, काभ्रेपलाञ्चोकको तीन गाउँपालिका र दुई नगर, रामेछापको दुई गाउँपालिका र सिन्धुलीको एक गाउँपालिकाका बासिन्दा प्रभावित हुने जनाइएको छ ।

इन्जिनियर थपलियाका अनुसार सुनकोसी-तेस्रो जलविद्युत् आयोजनाको ‘डिजाइन ड्रइङ’, भौगर्भिक सर्भे, टोपोग्राफी सर्भे, योजनाको लागत अनुमानसहित इआइए तथा जैविक, आर्थिक सामाजिक, अध्ययन गरी मस्यौदा प्रतिवेदन निर्माण गरिएको थियो । साथै, आयोजनाको प्राविधिकतर्फको सर्वे, भौगर्भिक अध्ययन तथा आयोजना सेरोफेरोका चट्टानलगायत अन्य अवस्थाबारे इन्जिनियरिङ डिजाइनको कामसमेत सकिएको जनाइएको छ ।

यस्तै भौतिक, जैविक तथा सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रसँग सम्बन्धित सवालका विषयमा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा ‘राय-सुझाव’ लिइसकेर इआइए तयार गरिएको छ । विभागका अनुसार गत वर्ष माघमा वन मन्त्रालयमा पठाइएको इआइए प्रतिवेदन गत कात्तिक अन्तिम साता वनमन्त्री समेतको जिम्मेवारी सम्हालेका प्रधानमन्त्री शेरबहादुर देउवा समेतको निर्णयबाट स्वीकृति भएको हो । नेपाल र बंगालादेशबीच सो आयोजना निर्माण गर्न गत भदौमा नेपाल र बंगालादेशबीच ऊर्जा सहकार्यका लागि गठित सचिवस्तरीय संयुक्त सञ्चालन समिति (जेएससी)को बैठकमा जलविद्युत् आयोजना प्रवर्द्धन गर्न संयुक्त कम्पनी निर्माण गर्ने सहमति भएको थियो । नेपाल विद्युत् प्राधिकरण र बंगालादेश पावर डेलभमेन्ट बोर्डबीच संयुक्त कम्पनी स्थापना गरेर आयोजना अघि बढाउने सहमतिसमेत भएको छ ।

त्यतिबेला बंगालादेश पक्ष दुई महिनाभित्र आयोजनाको सम्भाव्यतासम्बन्धी अध्ययन तथा वातावरणीय अध्ययन प्रतिवेदनको पुनरावलोकन गरी त्यसपछिका चार महिनाभित्र संयुक्त कम्पनी स्थापना गर्न तयार भएको थियो । गत भदौमै बंगालादेशको टोलीले आयोजनाको स्थलगत भ्रमणसमेत गरेको थियो । वन मन्त्रालयले प्रतिवेदन पास गरेलगत्तै आयोजना निर्माणको प्रक्रियातर्फ अघि बढ्ने जनाइएको छ । इन्जिनियर थपलियाका अनुसार गत वैशाख पहिलो साता मन्त्रालयको विज्ञ टोलीसँग समेत आयोजनाबारे सुझाव/परामर्श लिइएको थियो । आयोजनाको अध्ययनसँगै प्रभावित क्षेत्रसँग सार्वजनिक सुनुवाइमार्फत लिनुपर्ने राय, सुझाव लिइसकिएको छ । विभागले गरेको सम्भाव्यता अध्ययनअनुसार उक्त जलाशययुक्त आयोजना निर्माण सम्पन्न गर्न एक खर्ब ६० अर्ब लाग्ने अनुमान गरिएको छ ।

‘योजनाको लागत अनुमान अध्ययनका क्रममा उक्त परिमाणको देखिएको हो’, थपलियाले भने । उनका अनुसार विभागले सम्भाव्यता अध्ययनको काम सकेर योजनाबाट प्रभावित हुने जिल्लाका स्थानीय तहलाई मस्यौदा प्रतिवेदनमा छुटेको तथा स्थानीय तहले दिनुपर्ने राय-सुझावसमेत संकलन गरिसकेको छ । विभागलाई आयोजनाप्रति रामेछापको खाँडादेवी र सुनापती गाउँपालिका तथा सिन्धुलीको सुनकोसी गाउँपालिकाले समेत राय-सुझाव दिइसकेका छन् । परियोजनाको मापदण्ड तथा कार्य विवरण प्रतिवेदन (टिओआर) प्राविधिक काम सकिएलगत्तै नेपालमा कोरोना भाइरसको उच्च जोखिम बढेसँगै यसको थप प्रक्रिया रोकिएको थियो । सम्पूर्ण प्रतिवेदन तयार भई आयोजना सञ्चालन गर्न ‘सम्भावना’ हुने-नहुने निर्क्योल नभएका कारण सरकारले अध्ययन बाहेकमा थप बजेट विनियोजन गरेको छैन् ।

एक नेपाली र एक चिनियाँ परामर्शदाताले सुनकोसी-तेस्रोको टिओआर भने विसं २०७६ माघमै विद्युत् विकास विभागलाई बुझाइसकेका छन् । टिओआरमा प्राविधिकतर्फ ‘इन्टेरियर डिजाइन’देखि सर्वेसम्मको काम सकिएको उल्लेख गरिएको छ । प्रतिवेदनमा आयोजनाबाट प्रत्यक्ष एवं अप्रत्यक्ष प्रभावित घरपरिवार तथा क्षेत्र लाई कुन आधारमा के कस्तो व्यवस्था गर्न सकिन्छ तथा क्षतिपूर्ति लगायतको विषय पनि उल्लेख गरिएको जनाइयो । त्यसताका पनि आयोजनाबाट प्रभावित पर्नसक्ने जिल्ला, स्थानीय तहको वडास्तरमा विद्यालय, अस्पताल, स्वास्थ्यचौकी, सरोकारवाला व्यक्ति तथा संघसंस्थाबाट सुझावसमेत मागिएको थियो ।

काभ्रेपलाञ्चोकका सांसद गोकुलप्रसाद बाँस्कोटाले विस्थापित परिवारलाई एकीकृत बस्ती निर्माण गरी व्यवस्थापन गर्नेबारे सरोकारवालासँग तत्काल छलफल हुनुपर्ने बताए। ‘सरकारले आयोजनाको निर्माण कार्य कहिले सुरु गर्ने हो, सरकारले यसप्रति विशेष ध्यान दिई परिवार विस्थापनबारे सरोकारवालासँग छलफलमा गर्न ढिला गर्नुहुन्न, यो महात्वकांक्षी योजना भएकाले जसरी पनि सफल बनाइनेछ’, उनले भने। आयोजनाबाट प्रभावित हुने परिवारलाई स्थानान्तरण गर्ने विषयमा सरोकारवालासँग छलफल गर्ने योजना बनाइएको विभागले जनाएको छ ।

उक्त आयोजनाका लागि नेपाल सरकारले विसं २०७८ भदौ अन्तिम साता बंगालादेशलाई निर्माणको प्रस्ताव गरेपछि जेएससीको बैठकमा अनुमोदन भएको थियो । बंगालादेश र नेपालबीच सन् २०१८ मा ऊर्जा क्षेत्रमा सहकार्यको सम्झौता भएपछि बंगालादेशले नेपालसँग एउटा राष्ट्रिय गौरवको आयोजना निर्माण गर्ने प्रस्ताव गर्दै आएको थियो । परियोजनाअन्तर्गत सुनकोसी नदीमा काभ्रेपलाञ्चोकको तेमाल गाउँपालिका-९ को सिमाना र रामेछापको खाँडादेवी गाउँपालिका-१ लुभुघाटमा विद्युत् आयोजनाको बाँध निर्माण प्रस्ताव गरिएको छ । विभागले सुनकोसी तेस्रो र सुनकोसी दोस्रो आयोजनाको अध्ययनका लागि ३३ करोड बजेट विनियोजन गरेको थियो । हालसम्मको विविध अध्ययनबाट सुनकोसी दोस्रोभन्दा तेस्रोको सम्भावना देखिएको जनाइएको छ ।

आयोजनाअन्तर्गत लुभुघाटस्थित नदीमा करिब चार सय ८४ मिटर लामो र एक सय ६६ मिटर उचाइको बाँध निर्माण गरी पाँच सय ७० घनमिटर प्रतिसेकेन्ड पानीलाई एक दशमलव एक किलोमिटर लामो र नौ मिटर ब्यास भएको सुरुङबाट लुभुघाटनजिक निर्माण गरिने विद्युत्गृहमा लगिनेछ भने लगभग पाँच सय ३६ मेघावाट विद्युत् उत्पादनपछि सो पानीलाई टेलरेसद्वारा पुनः सुनकोसी नदीमा खसालिनेछ । सन् १९८५ मै जापान इन्टरनेसनल कोअपरेसन (जाइका)ले त्यस क्षेत्रमा जलाशययुक्त विद्युत्को सम्भाव्यता अध्ययन गरेको थियो । उसले नेपालमा अध्ययन गरेका १० उत्कृष्ट जलाशययुक्त विद्युत्मध्ये सुनकोसी-तेस्रो एक हो । विसं २०२२ मा पनौतीमा नेपालकै तेस्रो जलविद्युत् आयोजना (दुई दशमलव चार मेघावाट क्षमता) निर्माणपश्चात् प्रस्तावित सुनकोसी-तेस्रो जलाशययुक्त विद्युत् आयोजना काभ्रेपलाञ्चोकको दोस्रो आयोजना हुनेछ ।

प्रस्तावित आयोजना निर्माणस्थल संघीय राजधानी काठमाडौंबाट करिब ६० किलोमिटरको दूरीमा अवस्थित छ । आयोजना निर्माणछि माछापालन, बोटिङ, पर्यटकीय होटल तथा थप पर्यटकीयस्थल विकासको समेत सम्भावना देखिएको छ । २०७५ साल चैतमा काठमाडौंमा सम्पन्न दोस्रो लगानी सम्मेलनमा सुनकोसी-तेस्रो जलाशययुक्त विद्युत् आयोजनालाई समावेश गरिएको थियो । आयोजनामा पहुँच मार्ग पुगिसकेको छ भने प्रसारण लाइनको पनि समस्या छैन ।

वैदेशिक रोजगारमा जाँदा सचेत रहौं

- आधिकारिक कागजातका आधारमा मात्र वैदेशिक रोजगारमा जाऔं ।
- आधिकारिका कागजात नहुँदा वैदेशिक रोजगारीमा जाने कामदारहरुले:
- करारबमोजिम काम र सुविधा नपाउने,
- विदेशी भूमिमा पीडित बन्नुपर्ने,
- स्वेदेश फर्कन कठिनाई हुने,
- कतिपय अवस्थामा जेल सजायसमेत भोग्नुपर्ने,
- ज्यानसमेत गुमाउनु पर्ने लगायतका अवस्था आउन सक्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

# हातैले कफी बनाउने प्रतियोगिता हुने



**काठमाडौं/मस** - काठमाडौंमा हातैले कफी बनाउने प्रतियोगिता हुने भएको छ । टक्स अबाउट कफी कम्पनीले आगामी पुस ५ गते मेसिनको सहायता बिनै कफि बनाउने प्रतियोगिता नेपाल एयरोप्रेस प्रतियोगिता गर्ने भएको हो । टक्स अबाउट कफी कम्पनीका सञ्चालक आशिष श्रेष्ठ जुनसुकै कफी सपका बारिस्टाहरु उक्त प्रतियोगितामा सहभागिता हुन् सक्ने बताउँछन् ।

उनका अनुसार नेपाल एयरोप्रेस प्रतियोगिता पुस ५ गते बालुवाटारमा रहेको रोयल एम्पायर बुटिक होटलमा हुँदैछ । कम्पनीले यस भन्दा अगाडि २ पटक उक्त प्रतियोगिताको आयोजना गरिसकेको छ । सहभागिता शुल्क एक हजार रुपैयाँ रहेको पनि कम्पनीले जनाएका छ । इच्छुकहरूले कार्यक्रममा सहभागिता मात्र नभई अवलोकन गर्न समेत आउँन सक्ने छन् । अवलोकन गर्नेहरूलाई भने कुनै शुल्क लाग्दैन ।

सहभागी भई बिजेता हुनेलाई ट्रफि लगायत गिफ्ट ह्याम्परको व्यवस्था गरिएको पनि श्रेष्ठले बताए । उनका अनुसार एयरोप्रेस प्रतियोगिता हरके वर्ष हुन्छ । पुस ५ गते हुने भनिएको प्रतियोगिता सो होटलमा बिहान १० बजे देखि बेलुका ६ बजेसम्म लाग्ने छ

# मनकामनाका हरेक पसलमा क्यूआर मार्फत भुक्तानी गर्न सकिने



**काठमाडौं/मस** – धार्मीक एवं पर्यटकीय क्षेत्र मनकामना बजार डिजिटल बजारका रुपमा स्थापित भएको छ । योसँगै अबदेखि मनकामना मन्दिरसँगै मनकामना क्षेत्रका कुनैपनि पसलमा क्यूआर मार्फत भुक्तानी गर्न सकिनेछ । शुक्रबार एक कार्यक्रमकाबीच मनकामना बजारलाई डिजिटल बजारका रुपमा घोषणा गरिएको हो । नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक एवं भुक्तानी प्रणाली विभाग प्रमुख गुरु प्रसाद पौडेलले मनकामना बजारलाई डिजिटल बजारका रुपमा उद्घाटन गरे । एनएमबी बैंक र फोनपेको सक्रियतामा डिजिटल बजारका रुपमा घोषणा गरिएको हो ।

डिजिटल बजार घोषणा कार्यक्रममा एनएमबी बैंकका प्रमुख कार्यकारी अधिकृत सुनिल केसी, फोनपेका प्रमुख कार्यकारी अधिकृत दिवस सापकोटा, शहिद लखन गाउँपालिका, मनकामना क्षेत्र विकास समिति, मनकामना जिर्णद्वार समिति, मनकामना मन्दिरका मुल पुजारी, उद्योग वाणिज्य संघ इकाइ समिति, खानेपानी तथा सरसफाइ समिति, माई मनकामना बचत तथा ऋण सहकारी संस्था सानाकिसान बचत तथा ऋण सहकारी संस्था लगायत स्थानीय व्यवसायी तथा समाजसेवीहरुको उपस्थिती रहेको थियो । फोनपे पेमेन्ट सर्विस लिमिटेड नेपालको अग्रणी भुक्तानी प्रणाली सञ्चालक हो । फोनपेको सेवा हाल सातै प्रदेशका सबै स्थानीय तहका सबै वडामा पुगिसकेका छन् ।

# कामनाले शुरु गऱ्यो एससीटी–युपीआई डेबिट कार्ड सेवा

**काठमाडौं/मस** - कामना सेवा विकास बैंकले एससीटी-युपीआई डेबिट कार्ड सेवा शुभारम्भ गरेको छ । बैंकले शुक्रबारबाट औपचारिक रुपमा एससीटी-युपीआई डेबिट कार्ड सेवा शुभारम्भ गरेको हो ।

बैंकका नायव महाप्रबन्धक लाल बहादुर थिङ्ग र स्मार्टच्वाइस टेक्नोलोजिका प्रमुख कार्यकारी अधिकृत नारायण प्रकाशले संयुक्त रुपमा उक्त सेवाको शुरुवात गरेका थिए । यस पश्चात स्मार्टच्वाइस टेक्नोलोजिज र कामना सेवा विकास बैंक बच एससीटी-युपीआई डेबिट कार्ड प्रयोगको क्षेत्रमा सहकार्य भएको छ । एससिटी सञ्जालको प्रयोगबाट ग्राहकले नेपाल तथा भारतभित्र एटिएम, पिओएसके जस्ता सेवा सजिलै लिन सक्ने सुविधा प्राप्त हुने बैंकले जनाएको छ ।

# नेशनल लघुवित्तद्धारा मकवानपुरगढीमा वित्तीय साक्षरता सञ्चालन

**काठमाडौं/मस** – नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाले मकवानपुर, ८ बुडीचौरमा साक्षरता तथा अभिभावक भेला सम्पन्न गरेको छ । संस्थाको शाखा कार्यालय आमभञ्याङ, मकवानपुर द्वारा पुस १ गते मकवानपुर-८, बुडिचौर मकवानपुरमा वित्तीय साक्षरता तथा अभिभावक भेला कार्यक्रम सम्पन्न गरेको हो ।

संस्थाको पदमपोखरी शाखाका शाखा प्रमुख आरति योञ्जनको स्वागत मन्तब्य बाट शुरु भएको कार्यक्रममा स्थानीय समाजसेवी रोप बहादुरले धन्यवाद मन्तब्य ब्यक्त गरेका थिए । बिशेष अतिथि संस्थाका अनुगमन अधिकृत उन्नती बाँस्तोलाले लघुवित्तको इतिहास, नेपालमा लघुवित्तको अवस्था, नेशनल माइक्रोफाइनान्सको कारोवार, संस्थाले प्रदान गर्ने सेवा सुविधाहरु (बचत, कर्जा, बिप्रेषण, लघुबिमा) साथै बचत गर्ने बानीको बिकास कसरी गर्ने, कर्जाको प्रयोग तथा सदुपयोग गर्ने तरिकाको बारेमा जानकारी गराएका थिए ।

**SHREE SAGARMATHA SECONDARY SCHOOL**
**Silichong Rural Municipality**
**Tamku, Sankhuwasabha**
**Province No.1, Nepal**

**Invitation for Bids**

**Date of Publication: 2079/09/03 (December 18, 2022)**

1. *Sagarmatha Madhyanmic Bidhyalaya Tamku, Ward No-03, Sankhuwasabha* invites electronic bid for the construction of following works.

| Contract Identification No. | Description and Location of work | Average annual Construction Turnover NRs. | Bid Security Amount NRs. | Bid Document Fee NRs. (Not refundable) | Remark |
|---|---|---|---|---|---|
| NCB-SMB-AB-1-079/80 | Sagarmatha Madhyanmic Bidhyalaya Tamku, Ward No-03, Sankhuwasabha | 2,35,00,000.00 | 10,00,000.00 | 5,000.00 | |

2. **Details of Bid:**

| Name of Project (ID No.) | Bid Validity Period | Bid Security Validity Period | Deadline for Purchase of Bid | Deadline for Submission of Bid | Opening of Bid | Type of Biding |
|---|---|---|---|---|---|---|
| Sagarmatha Madhyanmic Bidhyalaya NCB-SMB-AB-1-079/80 | 90 Days after bid opening (2080-01-05) | 30 days beyond Bid Validity Period ( 2080-02-4) | 2079-10-3 During Office Hour | 2079-10-4, 12:00 Hrs. | 2079-10-4, 13:00 Hrs | Electronics Bid Only. |

3. For Further Details bidders are requested notice board of Shree Sagarmatha Madhyanmic Bidhyalaya or may visit PPMO egpsystem www.bolpatra.gov.np/egp.
4. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : **Everest Bank, Tamku, Sankhuwasabha (Branch: Silichong)**
   Name of Office : **SHREE SAGARMATHA MADYANMIC BIDHYALAYA**
   Office Account Number : **08400105200069(Revenue)**
   DharautiKhata Number : **08400105200561 (Dharauti)**
5. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
6. Contact No: 9852058450

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**